मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

पूर्णाङ्क ६२, असार ०६४




## संक्रमणकालीन न्याय

## नेपाल सरकारद्वारा घोषित

# लोकतान्त्रिक आन्दोलनका सहिदहरू



देविलाल पौडेल
०५९ चैत २५ गते



ताहिरअलि अन्सारी
०६० वैशाख ५ गते



लालबहादुर बिष्ट
०६१ असार ७ गते



चक्रराज जोशी
०६१ मंसिर २७ गते



उमेशचन्द्र थापा
०६२ माघ २६ गते



होरिलाल राना थारु
०६२ माघ २६ गते



दर्शनलाल यादव
०६२ चैत २३ गते



भिमसेन दाहाल
०६२ चैत २६ गते



हरिराज अधिकारी
०६२ चैत २६ गते



तुलसी डुम्राकोटी
०६२ चैत २७ गते



शिवहरि कुँवर
०६२ चैत २७ गते



विष्णु पाण्डे
०६२ चैत ३० गते



हिरालाल गौतम
०६३ वैशाख ४ गते



सेतु विक
०६३ वैशाख ५ गते



सुरज विश्वास
०६३ वैशाख ६ गते



राजन गिरी
०६३ वैशाख ६ गते



वासुदेव घिमिरे
०६३ वैशाख ७ गते



सगुन ताम्राकार
०६३ वैशाख ७ गते



दिपक कामी
०६३ वैशाख ७ गते



यमलाल लामिछाने
०६३ वैशाख ८ गते



गोविन्दनाथ शर्मा
०६३ वैशाख १२ गते



प्रद्युम्न खड्का
०६३ वैशाख १६ गते



मोहम्मद जाहाँगिर खाँ
०६३ वैशाख १८ गते



चन्द्रबहादुर बयलकोटी
०६३ वैशाख २३ गते



अनिलकुमार लामा
०६३ वैशाख २३ गते


**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

स्युचाटार, कलंकी, काठमाडौं, पो.ब.नं. २७२६, फोन : ४२७८७७० फ्याक्स: ४२७०५५१, वेबसाइट : www.inseconline.org

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि
उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक

वर्ष १५, पूर्णाङ्क ६२, असार २०६४

**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

**सम्पादक**
लक्ष्मणदत्त पन्त

**आवरण ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी

**फोटो**
विमलचन्द्र शर्मा

**व्यवस्थापन**
शैलेश शर्मा

इन्सेक insec

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोनं : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inseconline.org

**मुद्रक**
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौं
फोन : ४७७१४४८

# संक्रमणकालीन न्याय




- संक्रमणकालीन न्याय : सिद्धान्त र व्यवहार ७
- संक्रमणकालीन न्याय : नेपालमा स्वीकार्य प्रावधान र कार्यान्वयनका चुनौतिहरू १९
- संक्रमणकालीन न्याय र युद्धोत्तर शान्ति प्रक्रिया २१
- संक्रमणकालीन न्याय के हो ? २५

**आवरण फोटो**

०६२ माघ २५ गते संयुक्त राष्ट्र संघको नेपालस्थित कार्यालय परिसरमा आयोजित धर्ना कार्यक्रममा बेपत्ता नागरिक राजेन्द्र थापाकी छोरीको प्रश्न : मेरो बुबा कहाँ छन् ? सुरक्षाकर्मीद्वारा ०५९ माघ ४ गते ललितपुरबाट पक्राउ गरिएका नुवाकोट निवासी थापाको स्थिति अहिलेसम्म अज्ञात छ।

- रोम विधानको सम्मिलन र नेपालको दायित्व २९
- आममाफीको निर्णय : दण्डहीनतालाई प्रोत्साहन ३१
- सत्य निरूपण तथा मेलमिलाप आयोग : दक्षिण अफ्रिकी अनुभव ३३
- संक्रमणमा सहकार्य प्रहरी-प्रशासन र स्थानीयबासीको ४१
- जातीय विभेदका घटना र परिवर्तनको मुद्दा ४२
- संविधानसभा थाहा छैन जनतालाई ४४
- विद्यालय अझै सुरक्षाफौजको कब्जामा ४४
- लघु कथा : जात ४६
- दस्तावेज : राज्यद्वारा बेपत्ता पारिएकाहरूको सम्बन्धमा सर्वोच्च अदालतको आदेश ४८

**नियमित स्तम्भहरू**

- यथावत २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- पाठक-पत्र ४
- सामयिक ५
- अवतरण ६
- प्राची वार्ता ३५
- जनमत ३७
- मानवअधिकार सामान्य ज्ञान ४७
- पुस्तक परिचय ५२

## यथावत्



रायमाझी आयोगले राजालाई कारबाही गर्न सिफारिस नगरेकाले प्रतिवेदन कार्यान्वयन गर्नु उचित ठानिएन। कार्यदल अनुसन्धान गर्ने निकाय नभएकाले आयोगको सिफारिसभन्दा बढी कारबाही गर भन्न नसकिएको हो।

**केपी शर्मा ओली**
संयोजक, प्रतिवेदन कार्यान्वयन सुझाव कार्यदल
मदन भण्डारी फाउण्डेसनद्धारा आयोजित कार्यक्रममा बोल्दै, ०६४ जेठ ४ गते



आयोगले प्राप्त तथ्यका आधारमा तत्कालिन मन्त्रीपरिषदका अध्यक्षलगायत दुई सय दुई जनालाई कारबाही गर्न सरकारसंग सिफारिस गरेको हो। राजा भन्ने शब्द प्रयोग नभएकाले नै कारबाही सिफारिस नभएको भन्नु जनताप्रतिको उत्तरदायित्वबाट पन्छिनु मात्र हो।

**कृष्णजंग रायमाझी**
संयोजक, तत्कालिन उच्चस्तरीय जाँचबुझ आयोग
प्राचीसंगको अन्तर्वातामा, ०६४ जेठ ७ गते



जनआन्दोलनका दोषीमाथिको कारबाही सिङ्गो राष्ट्रको माग हो। लोकतन्त्रमा दण्डहीनता स्वीकार्य हुँदैन। रायमाझी आयोगको प्रतिवेदन तुरून्त सार्वजनिक गरी दोषीमाथि कारबाही हुनपर्दछ।

**सुवास नेम्वाङ्**, सभामुख, अन्तरिम व्यवस्थापिका
काठमाण्डौमा आयोजित शान्ति तथा धर्नालाई सम्बोधन गर्दै, ०६४ जेठ १९ गते



हामीले संसदमा दर्ता गरेका आठवटा सार्वजनिक प्रस्तावमध्ये रायमाझी आयोगको प्रतिवेदन तुरून्त सार्वजनिक हुनुपर्ने पनि एक हो । प्रतिवेदन यथासिघ्र कार्यान्वयन हुनुपर्दछ ।

**दीनानाथ शर्मा**
केन्द्रिय सदस्य,नेकपा (माओवादी)
प्राचीसंगको प्रतिक्रियामा, ०६४ जेठ २७ गते

## कार्टून

**राजेश के.सी.**




**कागजको पोकै पाएँ ! दुई से जति त पक्कै आउँछ जोखेर बेच्दा !**
**...'राएमाजी पर्तिवेदन' रे !**

**साभार** : कान्तिपुर दैनिक
०६४ जेठ १७ गते

**प्रिय पाठक !**

**तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?**

**प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?**

**कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला ।**

**सम्पादक**

सर्वोच्च अदालतले बिगतमा राज्यद्वारा बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्न ०६४ जेठ १८ गते नेपाल सरकारका नाममा आदेश जारी गरेको छ। माओवादीसहितको आठ दलको अन्तरिम सरकारका लागि यो आदेशको पालना पीडितहरूप्रति जवाफदेही बन्ने र बिगतका अन्यायपूर्ण ब्यवहारहरूलाई सम्बोधन गर्ने सम्बन्धमा महत्वपूर्ण अवसर हो। सरकारले आदेशको पालना गर्दै बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गरेमा पीडितले साच्चिकै न्यायको अनुभूति गर्नेछन्, अन्यथा जनआन्दोलनको कार्यादेशबाट गठित सरकारप्रतिसमेत जनताको बिश्वासको दूरी लम्बिने छ। यस अर्थमा सर्वोच्चको आदेश सरकारका लागि अग्निपरीक्षा हो।

द्वन्द्वका क्रममा भएको मानवअधिकारको हनन्का सम्बन्धमा घटनाहरूको छानवीन, तहकिकात र अनुसन्धान गरी दोषीहरूलाई दण्डित गर्ने र पीडितहरूको पहिचान गरी चहर्‍याइरहेको घाउमा मलमपट्टी लगाउने जिम्मेवारीसमेत सरकारको हो। यसका लागि मूलतः आठ दलसंग स्पस्ट राजनीतिक इच्छाशक्ति हुनु जरूरी छ। बिगतमा भएगरेका मानवअधिकार हननलाई सरकारले सम्बोधन गर्नसकेको खण्डमा राज्य संयन्त्रप्रति जनताको आस्था पलाउने छ र यसले लोकतन्त्रलाई बलियो बनाउदै दीर्घकालीन शान्तिको प्रत्याभूति गराउने छ। विवादहरूको शान्तिपूर्ण समाधान र विधिको शासनको शीघ्र पुनःस्थापना संक्रमणकालीन न्यायका महत्वपूर्ण आधारहरू हुन्। यस सन्दर्भमा सरकारले कानूनी तथा कार्यविधिगत पारदर्शिता अपनाउँदै उत्तरदायी शासनको पुनःस्थापनामा अग्रसर हुनुसमेत अनिवार्य छ।

न्यायको प्राप्ती, उत्तरदायित्वको सुनिश्चितता र आपसी मेलमिलाप संक्रमणकालीन न्यायका अभिन्न अंगहरू हुन्। विगतमा राज्यले पीडितहरूलाई उपेक्षित गर्दै दण्डहीनतालाई प्रश्रय दिइरह्यो। राज्य संयन्त्रकै कारण पीडितले न्याय पाएनन्। अहिले सरकारसामु सत्यको खोजी गर्ने, अभियुक्तहरूको पहिचान गर्ने, दोषीलाई कानूनी अनुसन्धान गरी दण्डित गर्ने, पीडित र साक्षीहरूको सुरक्षा गर्ने र राज्य संयन्त्रहरूको लोकतान्त्रिकरण गर्दै राष्ट्रिय मेलमिलापमार्फत दीर्घकालीन शान्तिको स्थापना गर्नेलगायतका महत्वपूर्ण र जटील दायित्वहरू रहेका छन्। यी दायित्वहरूको जिम्मेवारीपूर्ण सम्बोधनले संक्रमणकालीन न्यायको प्रत्याभूति गराउने बिषयमा दुई मत छैन्।

सत्य निरूपण तथा मेलमिलाप आयोग, संस्थागत सुधार, सैनिक तथा निजामती कर्मचारीमाथि कारबाही, जाँचबुझ आयोग संक्रमणकालीन न्यायअन्तर्गत खडा गरिने प्रमुख संयन्त्रहरू हुन्। यस्ता संयन्त्रहरूको ब्यवहारिक कार्यान्वयन सरकारका लागि ठूलो चुनौति हो। जनआन्दोलन ०६२/६३ को दमनमा संलग्नलाई कारबाही सिफारिस गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक नगरिनुलेसमेत सरकार न्यायप्रति उदासीन रहेको प्रमाणित गर्दछ। भविस्यमा गठन गरिने यस प्रकृतिका आयोग वा समितिको प्रतिवेदन कार्यान्वयनप्रति पीडितलाई बिश्वास जगाउनसमेत जाँचबुझ आयोगको प्रतिवेदन तुरून्त सार्वजनिक गरिनुपर्दछ। सर्वोच्च अदालतले राज्यद्वारा बेपत्ता पारिएका नागरिकको स्थिति सार्वजनिक गर्न दिएको आदेशको समेत सरकारले पालना गर्नुको विकल्प छैन।

## इतिहासको पानाबाट

### पञ्चायत गयो स्वेच्छाचारी गिरफ्तारीको प्रचलन गएन

राजनीतिक दलहरू प्रतिबन्धित रहेको पञ्चायत शासनका तीस वर्षमा बेपत्ता पारिएका व्यक्तिहरूका विषयमा अन्तरिम सरकारद्वारा गठित छानवीनका निम्ति आयोगको स्वागत गर्दै अन्तर्राष्ट्रिय मानवअधिकार संस्था एम्नेष्टी इन्टरनेशनलले ०४९ जेठ-असार तिरै सो प्रस्ताव राखेको थियो। "आयोगको प्रतिवेदन ०४८ चैत वैशाखतिर सरकार समक्ष पेश गरियो र सरकारले यसको अध्ययन गरिरहेको कुरा बताइएको छ। प्रतिवेदन अहिलेसम्म प्रकाशित भएको छैन एम्नेष्टी इन्टरनेशनल र संयुक्त राष्ट्र संघको ज्यादतीकासाथ वा अस्वभाविक ढंगले बेपत्ता पारिएका मानिसहरूका सम्बन्धमा काम गर्ने मण्डल दुवैले नेपालका सरकारहरूबाट बेपत्ता भएका आठ जना मानिसहरूका ठेगाना वा स्थितिका सम्बन्धमा जानकारी मागेका छन्। तर आज सम्म यस सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन। अनौपचारिक सूत्रहरूका अनुसार ०४२ को गिरफ्तारीको समयमा कम्तिमा आठजना बन्दीहरू प्रहरी वा सैनिक हिरासतबाट हराए। त्यसबेला लामो अवधिसम्म हिरासतमा थुनिएका दर्जनौं बन्दीहरूलाई कठोर यातना दिइएका प्रतिवेदनहरूलाई ध्यानमा राख्दा, उनीहरूका भलाइका बारेमा गम्भीर चिन्ता गरिनु पर्ने अनिवार्य छ। कैयन वर्ष अघि देखि नै एम्नेष्टी इन्टरनेशलले बेपत्ता भएकाहरूलाई के भयो भन्ने थाहा पाउन छजना बन्दीहरूका विषयमा अनुसन्धान गरिरहेको छ।"

तर अब एम्नेष्टीको चिन्ता पञ्चायतकाल पछि बेपत्ता पारिएका मानिसहरूका कारण पनि बढेको हुनुपर्छ। ०४९ जेठ १० गते स्थानीय निर्वाचनका क्रममा दोरम्बा गाविस-८ रामेछापबाट बेपत्ता पारिएका भूवनलाल थापा मगरको आजसमम कुनै अत्तोपत्तो छैन।

मानवअधिकारको विश्वव्यापी घोषणा पत्रको धारा ९ का अनुसार कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी ढंगले पक्राउ गर्नु, थुन्नु वा निकाला गर्न मिल्दै मिल्दैन। तर यही वर्ष असार ११ गतेदेखि हराएका प्रभाकर सुवेदीको पनि आजसम्म कुनै अत्तोपत्तो छैन।

बहुदलीय कालमा पनि स्वेच्छाचारी गिरफ्तारी र बेपत्ता पार्ने अमानवीय चलन गम्भीर चिन्ताको विषयका रूपमा प्रस्तुत भएको छ।

*बर्ष १, अङ्क ६, भदौ-असोज, ०४९*

## पाठक-पत्र

**सम्पादकज्यू,**

प्राचीको सगौरवमय १५ वर्षीय यात्राको ६१ औं प्रस्तुती ठीक पन्ध्र वर्षपछि पढ्न पाउँदा हृदयमा यस्तो उफान मच्चियो, सीमा रहेन व्यक्त गरूँ कसरी ? शायद १५ वर्षपछि विछोडिएकी प्रियतमासंग जम्काभेट भयो। २०४९ सालमा कुन्दन अर्यालको सम्पादकत्वमा निस्किएको प्राचीलाई प्रतिक्रिया स्वरूप सम्प्रेषित "प्रतिध्वनी" अहिले आएर "पाठक-पत्र" मा तरूनी भइछे। बीचका अङ्कहरू छुटे ? कसरी छुटे ? ठोस जवाफ छैन। देशको स्थिति नै विडम्वनापूर्ण रह्यो शायद त्यसैले। कसरी ? जसरी कयन पत्नीहरू पतिवाट छुटे, कयन पतिहरू पत्नीवाट छुटे, कयन नावालकहरू आमा-वावावाट छुटे, कति वा-आमाहरू छोराछोरीवाट छुटे। १५ वर्षको अन्तरालमा देशका कयन तत्वहरू आफ्नै हितैषिहरूवाट छुटे ठीक त्यसैगरी म प्राचीका अङ्कहरू पढ्नवाट छुटें। धन्न चङ्गाचेट चाहिँ भएन, उफ्।



स्व. प्रकाश काफ्लेलाई श्रद्धाञ्जली दिंदै मैले प्राचीको दोस्रो अङ्कलाई प्रतिक्रिया पठाएको थिएँ। मलाई सम्झना भएसम्म प्राचीको दोस्रो अङ्कको सम्पादकीयको आशय जनतामा मानवअधिकारको शिक्षा फैलाउने थियो। प्राचीको ६१ औं अङ्क हात पर्दा यस अङ्कको सम्पादकीयमा राज्य पुन: संरचनाको कुरालाई उठाएको पाएँ, जुन समयसापेक्ष सवैको चाहना हो। कुरा संघीय शासन प्रणालीको पनि छ र कुरा विकेन्द्रीकरण सहितको एकात्मक संरचना सम्वन्धी छलफलमा गएर अड्किएको छ। मानवअधिकार, राज्य पुन:संरचना, संघीय शासन प्रणाली र विकेन्द्रीकरण जस्ता जल्दावल्दा एजेण्डाहरूमा कोठे छलफल आवश्यक हो या जनआवाज नै ? अलि स्पष्ट भने हुन पाइन, त्यो शायद मेरो अबुझपन हो या त सम्पादकको सीमा-खण्ड , वहस जरूरी छ।

प्राचीले ६१ औं अङ्कमा आएर सिन्दूर पोती छ। यो सौभाग्य भरजन्म होस्। मध्य पृष्ठमा "गौर हत्याकाण्ड" व्लो-अपले मन छियाछिया भयो। सामयिक स्तम्भमा सुवोध प्याकुरेलको "जनताको एजेण्डामा मानवअधिकारकर्मीहरूको भूमिका" मानवअधिकारकर्मीहरूकै लागि मार्ग-निर्देशन हो-- धन्यवाद। "मानवअधिकार सामान्य ज्ञान" स्तम्भ जस्तै "मानवअधिकार-शव्दावली" स्तम्भ पनि आवश्यक छ। प्राचीको 'कार्टून' कर्नरमा कार्टूनिष्टको नाम नै देख्न पाइएन। थोरै तरकारी विल्नोछ।

**निर्मल ज्ञवाली**
कैलाशपुर- बलेटक्सार-४, गुल्मी

**सम्पादकज्यू,**

प्राचीको पूर्णाङ्क ६१ "राज्य पुन:संरचनाको वहस" आवरण अवधारणा पढन पाएँ। "राज्य पुन:संरचनाको वहस" मा जोड दिइएको यस अङ्कमा विकेन्द्रीकरणको अधिकारसँगै जातीय, भौगोलिक, दलित, महिला आदिको आधारमा पुन:संरचना गर्ने कुरामा व्यापकता पाइयो। यस अन्तर्गत पूर्णसंघात्मक र अर्धसंघातमक राष्ट्रको उदाहरण सहित पढ्न पाइयो। लक्ष्मणदत्त पन्तको "द्वन्द्व रूपान्तरणमा प्रेसको भूमिका" पढेपछि कलम चलाउँदा सञ्चारकर्मीले पनि विद्यमान द्वन्द्वसँगै प्रेसको भूमिकासहित राज्यको पुन:संरचना गर्न अगाडि वढनुपर्नेमा सचेत गराएको छ। आवरण विषयमा आधारत भई विचार प्रस्तुत गर्ने छुट्टै जनमत स्तम्भको थालनी गरेकोमा प्राचीलाई धन्यवाद।

**भिम ओली**, सितापुर-३, नेपालगञ्ज, बाँके

**सम्पादकज्यू,**

प्राचीको पूर्णाङ्क ६१ पढ्ने अवसर पाएँ। संविधानसभा निर्वाचन, मानवअधिकार संरक्षण र समावेशीका कुरा उठेको समयमा यस्तै विषय समावेश भएको पाउँदा यसले स्थानीय स्तरमा चेतना जगाउन योगदान पुऱ्याउनेछ। वीर सहिदहरूको तस्वीरसमेत प्रकाशन गरिएकोले प्राची स्मरणीय छ। महिला, जनजातिको सवाल, संघीय संरचना, विकेन्द्रीकरणका कुराहरू समावेश भएको स्तरीय र समसामयिक छ। सहमति र समझदारीमा अगाडि वढ्नु पर्ने कुराहरू समावेश भएको छ।

**विन्दा पाण्डे**, मदानपुर-२, नुवाकोट



# हामी कहाँ चुक्यौ ?

सुबोधराज प्याकुरेल

**नेताहरू आफ्नो क्षमताले दुरदृष्टि र औचित्यपूर्ण योजनाकार भएर, उदात्त र निष्कपट भएर नेता भएका होइनन्। आन्दोलनको उभारले कुर्सीमा थेचारिदियो र बबुराहरू नेता भए।**

नेपालको लोकतान्त्रिक आन्दोलनका हरेक चरणमा देखिएका साझा चरित्रहरूको मूल्याङ्कन गर्ने र त्यसबाट पाठ सिक्ने बेला भइसकेको छ। वि.सं. १९९१ मा प्रजापरिषद्ले थालेको र २००७ सालमा सम्पन्न पहिलो सफल लोकतान्त्रिक आन्दोलन यता जहिले पनि जनता आमूल परिवर्तनको पक्षमा होमिन्छ र नेता सम्झौतामा थन्किन्छन् भन्ने कुरा प्रमाणित भएको छ। जनता क्रान्तिकारी परिवर्तनको पक्षमा हुन्छन् तर नेता पुरातन सत्तासँग मेलमिलाप गर्ने भन्दा बढी आँट गर्नै सक्दैनन्। राणाकालकै कानून समाएर प्रजातन्त्र घस्रिरह्यो र २०६३ को जनआन्दोलनपछि पनि जनपक्षीय, स्पष्ट र परिवर्तनलाई संस्थागत गर्ने कानून बनाउने आँट नेपालका शासक वर्गमा देखिएन। यो राजनीतिक बेइमानीका नायकहरूको दुर्दान्त धृष्टता हालसालका दिनमा झनै अहृो भएर उभिएको छ। महिला अधिकारसम्बन्धी महासन्धिको अतिरिक्त प्रलेख (Optional Protocal) अनुमोदन गर्दा नेपालका मानवअधिकारकर्मीले उजुरी गर्लान् र राजा ज्ञानेन्द्रलाई जस्तै अप्ठ्यारोमा पार्लान् भन्ने सामन्ती चिन्तनले ग्रस्त भएर जनताले उजुरी गर्न पाउने दफा ७ र ८ मा बन्देज लगाएर बाँकी दफामात्र अनुमोदन गरियो।

पुर्नस्थापित संसदले सर्वसम्मतिले अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान अनुमोदन गर्न निर्देशन गरेपछि कर्मचारीहरूको समिति बनाएर पुन: अध्ययन गरियो। हाकिमहरूको टोलीलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको जाँचबुझ गर्न हेग पठाइयो। दुवै टोलीले अनुमोदनको पक्षमा राय दिँदा पनि अनुमोदन गरिएन।

रायमाझी आयोगको प्रतिवेदन पढ्न सम्मको लायक पनि जनतालाई ठानिएन। कहिले मन्त्रीले पहिले पढिसक्ने भनियो कहिले बेग्लै उपसिमिति बनाउने भनियो र त्यो प्रतिवेदन तुहाउनलाई भए नभएको कुतर्क गरिँदैछ। जनआन्दोलन भन्दा माथि आयोग पनि छैन, तर आयोगको प्रतिवेदनले गर्दा कारबाही गर्न नसकिने भयो भन्दै अपराधीहरूलाई चोख्याउने र बढुवा गर्ने काम भइरहेको छ।

यस्तो किन हुन्छ ? कारण खुल्लम खुल्ला छ। नेताहरू आफ्नो क्षमताले दुरदृष्टि र औचित्यपूर्ण योजनाकार भएर, उदात्त र निष्कपट भएर नेता भएका होइनन्। आन्दोलनको उभारले कुर्सीमा थेचारिदियो र बबुराहरू नेता भए। हाम्रा नेता जनतासँग रमाउँदैनन्, डराउँछन्। जनतालाई भीड ठान्छन्, मूर्खहरूको भीड। त्यसैले पुरानो सत्ताका अवशेषसँग हातेमालो गर्छन्। संविधान र कानूनमा नभएको अधिकार दिएर वीरेन्द्र र ज्ञानेन्द्र दाजुभाइलाई पुलपुल्याए। अहिले तिनै अपराधी राजाका चाकरहरूलाई सुमसुम्याउँदैछन्। जसले विकल्प दिन सक्दैन उसले परम्पराको पुच्छर नसमातेर के गर्छ र ? त्यसैले हाम्रा नेता विकल्प प्रस्तुत गर्ने र त्यसको पक्षमा जनमत सिर्जना गर्ने काम गर्दैनन्। लोकतन्त्र यता पनि देखियो। बारम्बार देखियो। सबै मिलेर थोकमा बिगार गर्छन् अनि एक अर्काको थाप्लामा दोष थुपारेर खुद्रामा धारेहात लाउँछन्।


राज्य कानूनले चल्छ। कानून जनताले आफ्ना प्रतिनिधि मार्फत् बनाउँछन्। न्यायपूर्ण कानून बनोस् भनेर अन्तर्राष्ट्रिय मानवअधिकार कानूनहरूको निर्माण गरियो। शासनको आधार जनताको इच्छा र कानुनको आधार मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता भनियो। तर जुन देशमा, देश चलाउने दलहरू नै कानूनसम्मत ढङ्गले चल्दैनन् त्यो देशको कानूनी हैसियत कस्तो होला ?

लोकतन्त्र बहाली पछि अनेकन सम्झौता भए। घोषणाहरू गरिए। यी सारा कर्म जनताको लागि गरेको भनियो। जसका लागि यी सारा काम गरिएको भनियो जनताको त्यो पंक्तिलाई निर्णय प्रक्रियाको कुनै पनि चरणमा सामेल गरिएन। तर निर्णयका ठेलीलाई 'समावेशी' को जामा पहिऱ्याइयो। मधेश, पहाड, तराई, जनजाति, महिला, अपाङ्ग, दलित आदि सबैका तर्कहरू छन्। तर नेताहरू न तर्क सुन्छन् न तर्क गर्छन्। नेपाल यस्तो विचित्रको मुलुकमा रूपान्तरण भएको छ जसमा जारी गरेको संविधानमा एक हप्ता नबित्दै संशोधन गरिन्छ। निर्वाचनको लागि तोकिएको मितिमा निर्वाचन नहुने पक्का हुन्छ। निर्वाचन प्रणाली लाटाको धोती बन्छ। दलका सांसद साम्प्रदायिक पहिचानको नारा घन्काउँदै संसद अवरूद्ध पार्छन्। ९२ वटा भाषा र १०१ वटा जातिको मुलुक विचारको समृद्धिकरणको युगमा उल्टो पाइला चाल्दै जातीय र साम्प्रदायिक आधारमा राजनीतिको अंशवण्डा खोज्छ। अनि नेताहरू सबै माग ठिक छ भन्छन्। सबै माग ठिक भए पूरा गरिदिनमा के को आइतबार ?

हामी कहाँ चुक्यौं ? हामी प्रक्रियामा चुक्यौं। दलहरूको लोकतान्त्रिकरणको जिम्मेवारीमा चुक्यौं। पारदर्शी र समावेशी निर्णय प्रक्रियामा चुक्यौं। शासनको नियम, कानून सबभन्दा पहिले दल र नेताहरूमा लागू गर्दै नेतृत्व विकासको सिर्जना गर्नु पर्ने काममा चुक्यौं। हामी सामन्तवादी संस्कृति र मगन्ते सोंचमा चुक्यौं। किन सबै आन्दोलनकारीहरू नेताहरू समक्ष झोली फैलाएर मागिरहन्छन् ? उदाहरणका लागि मधेशीलाई मधेशीको मधेश चाहिएको छ। उनीहरूको बहुमत भएको ठाउँमा नै बहुमत चाहिएको छ। तर विडम्बना ! आफ्नो बहुमत भएको ठाउँको बहुमतका लागि तिनै नेतासँग भिख मागिदैछ, किन ? किन भनिन्न कि हामी हाम्रो पहिचान, औचित्य र नाराका साथ जनतामा जान्छौं र जित्छौं। हामी अनेकन कुरामा चुक्यौं र सबभन्दा बढी, आत्मविश्वासमा चुक्यौं।

**अवतरण**

**कुन्दन अर्याल**



# को हाल्दैछ राजतन्त्रको सुकेको जरामा पानी ?

**जनता यो देशमा सदासदाका निम्ति आफ्नो सार्वभौमसत्ता स्थापित भएको देख्न चाहन्छन् । देशले आठ दल र नेताहरूबाट स्वेच्छाचारी अभिव्यक्ति होइन, दह्रो राजनीतिक इच्छाशक्ति प्रदर्शनको प्रतीक्षा गरिरहेको छ ।**

नेपाल निश्चय पनि गणतान्त्रिक राजनीतिक व्यवस्थातर्फ उन्मूख छ। तर, राजाले फेरि यो मार्गचित्रमा व्यवधान उत्पन्न गर्ने हुन् कि भन्ने चिन्ता हाम्रा राजनीतिकर्मीहरूमा उत्तिकै देखिएको छ। आठ दलमध्ये सबभन्दा लडाकू नेकपा (माओवादी) लाई तत्काल गणतन्त्र घोषणा नगरिए राजाले संविधानसभाको चुनाव नै गर्न दिने छैनन् भन्ने लागेको छ। उनीहरू तुरुन्तै गणतन्त्रको घोषणा गरियोस् भन्ने माग गर्दैछन्। जनआन्दोलनपछिको नेपालमा हाम्रा राजनीतिक दल र नेताहरूद्वारा तय गरिएको मार्गचित्र र सहमतिलाई उनीहरूबाटै स्वेच्छाचारी ढंगले तोडमोड गर्ने प्रवृत्ति देखिँदै आएको छ। त्यसको पछिल्लो उदाहरण यही हो। सबै दल धेरै वा थोरै यस्तै रोगको सिकार भएका छन्।

आठ राजनीतिक दलको बैठकमा पनि माओवादीले तत्काल संसद्बाट राजतन्त्रको अन्त्य भएको घोषणा गर्नुपर्ने अडान प्रस्तुत गरेको भन्ने समाचार छापिएका छन्। राजतन्त्र रहुन्जेल संविधानसभाको निर्वाचनको प्रत्याभूति हुँदैन र पहिले गणतन्त्रको घोषणा गरेर मात्र संविधानसभाको निर्वाचनमा जानु उपयुक्त हुन्छ भन्ने माओवादीको स्पष्ट धारणा सार्वजनिक भइसकेको छ।

माओवादीहरूले भनेजस्तै यी राजा यदि संविधानसभाको चुनाव बिथोल्न सक्षम छन् भने उनै राजा गणतन्त्रको घोषणा गर्ने बित्तिकै लुरुलुरु दरबार त्याग्न राजी होलान् त ? अनि, आजको अन्तरिमकालमा राजाको भाग्य फैसला गर्न तय गरिएका कानूनको पालना गर्नु अहिलेका सत्ता सञ्चालकहरूको नैतिक दायित्व हो कि होइन ? माओवादीहरूमा साँच्चै जनताको मतप्रति विश्वास छैन ? आजका नेपालीले अवश्यम्भावी संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रलाई बिदाइ दिने छन् भन्ने विश्वास उनीहरूमा साँच्चै छैन ?

झट्ट सुन्दा माओवादीको अडान निकै क्रान्तिकारी लाग्न सक्दछ। तर, महत्त्वपूर्ण प्रश्न के छ भने माओवादीहरूले जनआन्दोलन सम्पन्न भएको एक वर्ष बित्दा नबित्दै संविधानतः निलम्बनको अवस्थामा रहेका राजालाई पनि संविधानसभा बिथोल्न सक्ने शक्तिका रूपमा देख्ने अवस्था कसरी उत्पन्न भयो ? माओवादीहरूमा १२ बुँदे समझदारी र त्यसपछिका सहमतिहरूलाई सम्मान गर्दै विधिसम्मत रूपमा गणतन्त्रको स्थापना गर्न सकिँदैन कि भन्ने त्रास किन उत्पन्न हुन गयो ? कि उनीहरू केवल कार्यकर्ताहरूलाई अलमल्याउन मात्र तत्काल गणतन्त्रको घोषणा गर्ने माग गर्दैछन् ?

यस्ता सवालहरू यतिखेर उठिरहेकै छन्। अनि, गणतन्त्रका निम्ति वास्तविक रूपमा माओवादीलगायतका दलहरू गम्भीर हुन नसकेकोमा आमजनतामा निरासासमेत उत्पन्न हुन थालेको छ। यतिखेर गणतन्त्र सबै दलका नेता र मन्त्रीहरूको जिब्रोमा झुन्डिएको छ। माओवादीहरू सरकारमा छन्। उनीहरू त्यही सरकारमा छन्, जसले रायमाझी आयोगको प्रतिवेदनसमेत सार्वजनिक गरिरहेको छैन। उनीहरू त्यही सरकारमा छन्, जो राजा ज्ञानेन्द्रको के कुरा तुलसी गिरीलाई समेत घोर मानवअधिकार र मानवीय कानूनको उल्लंघन गरेबापत कारबाही गर्न सकिरहेको छैन। एकातिर नेपालमा राजतन्त्रको जरा काट्नुपर्ने आमजनताको माग र त्यस्तो माग पूरा गर्न सकिने वस्तुगत अवस्थाको बेवास्ता भइरहेको छ। अर्कोतिर, माओवादीहरू हावामा तैरिएर तत्काल गणतन्त्रको घोषणा गरिनुपर्ने अडान प्रस्तुत गर्दैछन्।

वर्तमान अन्तरिम संविधानले राजालाई भूमिकाविहीन बनाएको छ। त्यसैले केही समययता कतिपय बुद्धिजीवीहरूले नारायणहिटी खाली गरिनुपर्दछ भन्ने आवाज उठाइरहेका छन्। तर, तर्कसंगत मागहरूप्रति माओवादीलगायतका सत्ताधारी दलहरूको ध्यान गएको छैन। उनीहरू गणतन्त्रलाई केवल भाषणको विषय बनाएर आममानिसका अपेक्षालाई वास्तविक अर्थमा लत्याइरहेका छन्। प्रधानमन्त्रीसमेतले राजतन्त्र २० प्रतिशत मात्र बाँकी छ जस्तो हलुका टिप्पणी गरेर वस्तुतः गणतन्त्रको बाटो छेक्न खोज्दै छन्।

संविधानसभाको चुनावमा जनताको अभिमत जस्तो आउँछ, त्यही अनुरूप राजतन्त्रको फैसला गर्ने सहमति कायम हुन नसक्नु पनि प्रकारान्तरले गणतन्त्रको बाटो छेक्न खोज्नु नै हो। जनआन्दोलनपछिको शक्ति सन्तुलनमा एकचोटि एउटा सहमति भइसकेपछि फेरि मूढेबल प्रयोग गर्न खोज्नु अस्थिरता निम्त्याउनु हो। संसारको आँखा नेपालमा परिरहेको छ। नेपाली जनता शान्तिपूर्ण रूपमा राजतन्त्रलाई बिदा गर्न सक्षम छौं भन्ने देखाउन तत्पर छन्। जनतामाथिको विश्वास र आमजनतामा आफूप्रति भरोसा जगाउने किसिमका क्रियाकलाप यतिखेर देशले हाम्रा आठ दलबाट अपेक्षा गरेको छ। यति अपेक्षा पूरा हुनसक्यो र उनीहरू आफ्ना वचनप्रति इमानदार हुनसके भने नेपालमा विधिसम्मत रूपमा गणतन्त्रको ध्वजा फहराउनेछ। जनताले राजालाई पाता कसेर आठ दललाई सत्ताको साँचो सुम्पिएको एक वर्षभन्दा बढी भइसक्यो। जनता यो देशमा सदासदाका निम्ति आफ्नो सार्वभौमसत्ता स्थापित भएको देख्न चाहन्छन्। देशले आठ दल र नेताहरूबाट स्वेच्छाचारी अभिव्यक्ति होइन, दह्रो राजनीतिक इच्छाशक्ति प्रदर्शनको प्रतीक्षा गरिरहेको छ।

त्यसैले राजाले संविधानसभाको चुनाव बिथोल्छन् भन्दै रुन छाडेर माओवादीहरूले संविधानसभाको चुनाव टाढा पार्दै लगिनुमा आफ्नो कति प्रतिशत दोष छ भन्ने समीक्षा गर्न जरुरी छ।

*(मे ३०, २००७)*

# संक्रमणकालीन न्याय : सिद्धान्त र ब्यवहार

प्रेक्षा ओझा

**संक्रमणकालीन न्यायको प्रमुख उद्देश्य प्रजातान्त्रिक शासनको परिपेक्षमा दण्डहीनताको संस्कृतिको अन्त्य र कानूनको शासनको स्थापना हो । संक्रमणकालीन न्यायको लक्ष भैरहेका मानवअधिकार ज्यादतीलाई रोक्नु, विगतमा भएका अपराधहरूको अनुसन्धान गर्नु, मानवअधिकार उल्लंघनमा जिम्मेवार व्यक्तिहरूको पहिचान गर्नुका साथै कारबाही प्रक्रिया अगाडि बढाउनु, पीडितहरूलाई पूर्ण क्षतिपूर्ति उपलब्ध गराउनु, भविष्यमा हुने ज्यादतीहरूलाई रोक्नु, शान्तिको संरक्षण र सम्बर्धन, व्यक्तिगत र राष्ट्रिय समभ्रुदारीको विकास गर्नु हो ।**

## पृष्ठभूमी

सात दल र नेकपा माओवादीबीच ०६२ मंसिर ७ गते भएको १२ बुँदे समभ्रुदारीका आधारमा राजनीतिक परिवर्तन भएपछि देश नयाँ मार्गतर्फ उन्मुख भएको छ। शान्ति प्रयासका विभिन्न चरणहरू पार गर्दै विद्रोही पक्षलाई पनि राजनीतिक मूल धारमा ल्याउन सात दल र सरकार सफल भएका छन्। माओवादीद्वारा सञ्चालित सशस्त्र द्वन्द्व दश बर्षपश्चात समाप्त भएको छ। यसले दैनन्दिनको हत्या हिंसालाई समाप्त पारेको छ। त्रासमय वातावरणमा बाँच्नु पर्ने वाध्यताको अन्त्य भएको छ। तर जनतामा सुरक्षाको प्रत्याभूति भने सरकारले गर्न सकेको छैन। लोकतन्त्र स्थापनापछि विगतका पीडितहरूले न्याय पाउने कल्पना गरेका थिए। तर उनीहरूको कल्पना व्यवहारको धरातलमा भने रूपान्तरित भएको छैन्। यसले उनीहरूको आत्मसम्मानमा चोट पुर्‍याएको छ।

देशमा राजनीतिक परिवर्तन हुँदा निश्चय नै राज्यका अगाडि विभिन्न चुनौतिहरू खडा हुन्छन्। यस अवस्थामा यदि त्यसको सही व्यवस्थापन हुने हो भने दिगो शान्तिको स्थापना गर्न सकिन्छ। नेपाल सरकार र नेकपा माओवादीबीच सम्पन्न विभिन्न सम्झौतामा विगतमा मानवअधिकार र मानवीय कानूनको उल्लंघनका कारण पीडित भएकाहरुलाई न्याय प्रदान गर्ने विषयमा गरिएका विभिन्न प्रतिवद्धताहरूलाई व्यवहारमा लागूगर्ने तर्फ भने माओवादीसहितको सरकार संवेदनशील देखिएन।

## १. संक्रमणकालीन न्याय

संक्रमणकालीन न्याय मूलत: राज्यले विगतमा गरेका मानवअधिकार र मानवीय कानूनको उल्लंघनलाई सम्बोधन गर्नका लागि विभिन्न कोणबाट प्रयोग गरिने संयन्त्र हो। यसमा न्यायिक र अन्यायिक दुवै प्रक्रियाहरू संलग्न हुनसक्छन्। ती प्रक्रियाहरूमा हिंसा र दमनबाट सामाजिक स्थायीत्वलाई राजनीतिक रूपान्तरणको विन्दुमा पुर्‍याउन सक्ने कारबाही वा नीति र त्यसको संस्थागत परिणामलाई संलग्न गरिएको हुन्छ। संक्रमणकालीन न्यायले समाजको इच्छालाई सामाजिक सत्यमा पुन:निर्माण गर्न, क्षतिग्रस्त न्यायिक व्यवस्थाको पुन:निर्माणगर्न र प्रजातान्त्रिक शासनव्यवस्था कायम गर्नसक्छ। संक्रमणकालीन न्यायको चुरो भनेको न्यायिक सिद्धान्त हो:, यसमा फौजदारी न्याय मात्र होइन, अरु प्रकारका न्याय (आर्थिक, सामाजिक तथा सांस्कृतिक) पनि पर्छन्। यो तथ्य र राजनीतिक रूपान्तरण, जस्तो कि सत्ता परिवर्तन र द्वन्द्वपछिको संक्रमणकालीन अवस्थाबाट शान्तिपूर्ण, निश्चित र प्रजातान्त्रिक भविष्यतर्फ उन्मूख हुन्छ।[१] विगतमा संरचनात्मक हिंसाको शिकार भएका वा अवसरहरूबाट नियोजित रूपमा वञ्चित गरिएका समूदायहरुलाई राज्यको स्वामित्व अनुभूत गराउने प्रयास पनि संक्रमणकालनि न्यायको परिधीभित्र पर्दछन्। प्रजातान्त्रिकरणका विद्वत वर्गहरूले संक्रमणकालीन न्यायका सम्बन्धमा सम्बन्धित राष्ट्रको विशेष परिस्थिति हेरेर विगतमा भएका ज्यादतीको सामना, जवावदेहितामा योगदान, दण्डहीनताको अन्त्य, राज्य र जनताको सम्बन्धको पुनर्स्थापना र प्रजातान्त्रिक संस्थाहरूको सृजना नै साधारण सिद्धान्त भएको निर्क्यौल गरेका छन्।[२]

संक्रमणकालीन न्यायसम्बन्धी मान्यताको प्रादुर्भाव दोस्रो विश्वयुद्धपछि युरोपमा भएको थियो। जर्मनीको न्यूरेमवर्गमा अन्तर्राष्ट्रिय सैनिक न्यायाधीकरणमा नाजीहरूउपर कारबाही चलाउन तथा जापानी सैनिकहरूको पुर्पक्षको शुरुवात गर्ने क्रमसँगै भएको हो। वास्तवमा जर्मन र जापानी सैनिक र तिनका नेताहरूलाई एलाइड फोर्सले दोस्रो विश्वयुद्धका क्रममा भएका युद्ध अपराधका लागि फौजदारी न्यायको परिधिमा ल्याएपछि नै संक्रमणकालीन न्यायको शुरुवात भएको हो। त्यसपछि सन् १९८० यता ग्रीस (१९७५) र अर्जेन्टिना (१९८३) मा सैनिक शासकविरुद्ध कारबाही चलाएर संक्रमणकालीन न्यायलाई आवश्यक तत्वका रुपमा स्थापित गरायो। सन् १९७० र १९८० मा मानवअधिकार संवर्द्धनका लागि संक्रमणकालीन न्यायमा फौजदारी न्याय केन्द्रित थियो।[३]

### १.१ संक्रमणकालीन न्यायको उद्देश्य

संक्रमणकालीन न्यायको प्रमुख उद्देश्य प्रजातान्त्रिक शासनको परिपेक्षमा दण्डहीनताको संस्कृतिको अन्त्य र कानूनको शासनको स्थापना हो। संक्रमणकालीन न्यायको लक्ष भैरहेका मानवअधिकार ज्यादतीलाई रोक्नु, विगतमा भएका अपराधहरूको अनुसन्धान गर्नु,

१ http://en.wikipedia.org/wiki/Transitional_Justice/ accessed on May 20, 2007
२ http://en.wikipedia.org/wiki/Transitional_Justice/ accessed on May 20, 2007
३ http://en.wikipedia.org/wiki/Transitional_Justice/ accessed on May 20, 2007

मानवअधिकार उल्लंघनमा जिम्मेवार व्यक्तिहरूको पहिचान गर्नुका साथै कारबाही प्रक्रिया अगाडि बढाउनु, पीडितहरूलाई पूर्ण क्षतिपूर्ति उपलब्ध गराउनु, भविष्यमा हुने ज्यादतीहरूलाई रोक्नु, शान्तिको संरक्षण र सम्बर्धन गर्नु, व्यक्तिगत र राष्ट्रिय समभ्रूदारीको विकास गर्नु आदि हो।[४]

अहिले देश संक्रमणकालीन अवस्थामा छ। राज्य व्यवस्था परिवर्तनसँगै मानव गरिमाको रक्षा गर्दै विगतमा भएका मानवअधिकार उल्लंघनलाई उजागर गर्नु, जघन्य अपराधमा संलग्न हुनेहरूलाई कारबाही गर्नु र त्यसबाट पीडितहरूलाई न्याय दिलाउनु संक्रमणकालीन न्यायको प्रमुख लक्ष हुनुपर्दछ। विगतमा भएका अन्याय र अत्याचारलाई सम्बोधन गर्ने, मतभेदहरूलाई शान्तिपूर्ण रुपमा समाधानकालागि वार्ताका वातावरण तयार गर्ने, राज्यप्रति जनताको विश्वासलाई बनाइराख्ने, कानूनी शासनको सिद्धान्तलाई तत्काल व्यवहारमा लागू गर्ने र भविष्यकालागि दिगो न्याय सुरक्षित गर्नकालागि संक्रामणकालीन न्यायको आवश्यकता पर्दछ।[५] तर यी विषयमा सरकार संवेदनशील भएको पाइएन। विगतको मानवअधिकार उल्लंघनको छानबीन गर्नु राजनीतिक रूपान्तरणको प्रमुख पक्ष हो। संक्रमणकालीन न्यायका आधारभूत तत्वहरू भनेका सत्य प्राप्त गर्ने संयन्त्रहरू निर्माण, कारबाहीको प्रक्रिया, पुन:स्थापना र राहत, पुन:निर्माण, कानूनी र संस्थागत सुधारहरू पर्दछन्। नेपालको सन्दर्भमा यी सबै प्रक्रियाहरूलाई व्यवहारमा लागू गर्न सकिन्छ यदि राज्य सञ्चालन गर्नेहरूमा चाहना र ऐक्यवद्धता हुने हो भने। विगतका सरकारहरूले झैं लोकतान्त्रिक सरकारले समेत यस दिशामा अपेक्षाकृत कदम चालेको छैन। आठदलको संयुक्त सरकारले संक्रमणकालीन अवस्थामा देखिएका विभिन्न प्रकारका मतभेद र अपराधहरूलाई साम्य पार्न सकेका छैनन्। देशमा उत्पन्न हुँदै गएका विद्रोहहरू, विभिन्न प्रकारका अपराधलगायतका विषयहरूमा सरकार अझै गम्भीर हुनसकेको छैन।

## २. संक्रमणकालीन न्याय : प्रक्रिया र विधि

संक्रमणकालीन न्याय प्रक्रियाको एउटै स्वरुप वा विधि भने हुँदैन। यसको विधि तथा प्रक्रिया देशको परिस्थिति अनुसार तय गरिएको हुन्छ। भौगोलिक अवस्था, सामाजिक तथा साँस्कृतिक रहन सहनले पनि यसमा प्रभाव पारेको हुन्छ। संक्रमणकालीन न्याय प्रक्रियालाई विशेष गरेर दुई प्रकारले हेर्न सकिन्छ : न्यायिक (judicial) र अ-न्यायिक (Non- Judicial) यी दुवै प्रक्रियाहरूलाई सँगसँगै अपनाउन सकिन्छ। सेरालिओनेमा विशेष अदालत र सत्य निरुपण तथा मेलमिलाप आयोगले समान रुपमा सँगसँगै काम गरेका थिए। यी दुवै प्रक्रियासँगसँगै अघि बढाउँदा पीडितका भनाईहरू, प्रमाणहरू, सूचनाहरू उपलब्ध गराउने सन्दर्भमा एक अर्काबीच सामञ्जस्यता कायम रहेको थियो।

### २.१ न्यायिक

#### २.१.१ अभियोजन

यो प्रक्रिया अपनाउँदा विशेष गरेर राज्य र पीडकहरूसँग बढी सम्बन्धित हुन्छ।

## शान्ति तथा पुन:निर्माण मन्त्रालय

लोकतन्त्र प्राप्ति पछि बनेको अन्तरिम सरकारले शान्ति तथा पुन:निर्माण मन्त्रालय गठन गरेको छ। यसअघि यस्तो मन्त्रालय गठन गरिएको थिएन। यद्यपि शान्ति प्रक्रियालाई शान्ति सचिवालयमार्फत अगाडि बढाइएको थियो। शान्ति तथा पुननिर्माण मन्त्रालयको गठनले सशस्त्र द्वन्द्वको क्रममा भएका पीडितहरुको पुनस्थापनाको सवालमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ। यस मन्त्रालयले संक्रमणकालीन अवस्थामा संक्रमणकालीन न्यायका लागि उल्लेख्य भूमिका खेल्न सक्दछ। नेपाल सरकार(मन्त्रिपरिषद्) को २०६३ चैत १८ को निर्णयबाट शान्ति सचिवालयलाई खारेज गरी साविक शान्ति सचिवालयले सम्पादन गर्दै आएको सम्पूर्ण कामहरुका साथै यसको थप काम, कर्तव्य र अधिकारसमेत तोकी शान्ति तथा पुननिर्माण मन्त्रालयको स्थापना गरिएको छ।

शान्ति तथा पुननिर्माण मन्त्रालयको क्षेत्राधिकार ०६४ वैशाख २४ गतेको नेपाल राजपत्रमा प्रकाशित नेपाल सरकार(कार्य विभाजन) नियमावली २०६४ मा उल्लेख गरिएको छ। सो अनुसार मन्त्रालयले शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन, विकास र द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुननिर्माणका लागि तत्कालीन र दीर्घकालीन नीति, रणनीति, योजना तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याकंन गर्दछ। द्वन्द्व पीडित क्षेत्रको सामाजिक तथा आर्थिक विकासको नीति, रणनीति तथा कार्यक्रम, विस्तृत शान्ति सम्झौता लगायतका अन्य सम्झौता, सहमति र निर्णयको कार्यान्वयन, अनुगमन तथा मूल्याकंन, दिगो शान्ति कायम गर्न आवश्यक संस्थागत, प्रक्रियागत तथा प्राविधिक विषय, शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापनसम्बन्धी अध्ययन, विशलेषण तथा अनुभवहरुको आदान प्रदान, द्वन्द्वका कारण पीडित तथा विस्थापित व्यक्तिहरुको राहत तथा पुन:स्थापना, सत्य निरुपण तथा मेलमिलाप आयोगको पुनस्थापना, शान्ति प्रक्रिया सम्बन्धी उच्चस्तरीय अनुगमन समितिको गठन, द्वन्द्वको कारणबाट क्षति भएका भौतिक संरचनाको पुननिर्माण तथा पुनस्थापनाको योजना तर्जुमा, कार्यान्वयन तथा क्षेत्रगत निकायसँग समन्वय गर्नुका साथै बिद्रोही पक्षको लडाकुको शिविर व्यवस्थापनसमेत यसै मन्त्रालयले गर्दछ।

मन्त्रालयले सत्य निरुपण तथा मेलमिलाप आयोग गठनका लागि विभिन्न मानवअधिकार संघसस्थाहरुका साथै विज्ञहरुसँग यस सम्बन्धमा राय सुझावहरु संकलन गर्दै छ।

४ http://en.wikipedia.org/wiki/ Transitional_Justice/ accessed on May 20, 2007

५ Justice for Democratic Transition and Sustainable Peace, paper presented in Regional Conference on Sustaining Peace in Nepal 30-31 October 2006, Kathmandu by Dr. AnandaMohan Bhattarai

**सम्झन सजिलो छैन, तर विर्सन असम्भव हुन सक्छ । जसले जघन्य अपराधको मार खेपेका छन् तिनीहरूका लागि भावनात्मक र मनोवैज्ञानिक रुपमा बाँच्ने आधारहरू हुन्छन ।**

यस अन्तर्गत विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था अनुसार सुनवाई तथा कारबाही प्रक्रिया अगाडि बढाइन्छ। विगतमा भएका जातिहत्या, मानवता विरुद्धको अपराध, युद्धअपराध तथा मानवअधिकारका गम्भीर उल्लंघनको सुनुवाई गर्ने प्राथमिक जिम्मेवारी राष्ट्रिय कानून तथा अन्तराष्ट्रिय कानून अनुसार घरेलु अदालतहरुलाई हुन्छ। विशेष गरेर पीडकहरू जो जघन्य अपराधमा संलग्न थिए उनीहरूलाई कारबाही गर्न विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानूनमा व्यवस्था गरिए अनुसार प्रक्रिया अगाडि बढाइन्छ। यस वाहेक अन्तर्राष्ट्रिय कानून अनुसार न्यायाधीकरण गठन गरेर पनि कारबाही प्रक्रिया अगाडि बढाउन सकिन्छ।[६] यस प्रक्रियामा पीडकहरूलाई दण्डित गर्ने विषय नै महत्वपूर्ण हुन्छ। मानवअधिकारका जघन्य अपराधमा संलग्न हुनेहरूलाई विभिन्न अन्तर्राष्ट्रिय अदालतमार्फत पनि कारबाही प्रक्रियाहरू अगाडि बढाउन सकिन्छ। त्यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता पर्दछ। यस अन्तर्गत परिस्थिति अनुसारको नयाँ कानून बनाएर पनि विगतमा भएका अपराधलाई सार्वजनिक गर्दै कारबाही प्रक्रिया अगाडि बढाउन सकिन्छ।

### २.२ अ-न्यायिक

धेरै जसो राष्ट्रहरूले द्वन्द्व समाप्त भएपछिका संक्रमणकालीन अवस्थामा यो विधिलाई बढी अपनाएको पाइएको छ। यस विधिअन्तर्गत विभिन्न सत्य निरूपण आयोगहरू गठन गरी विगतमा भएका हत्या हिंसाको अध्ययन अनुसन्धान गर्ने र उक्त अध्ययन अनुसन्धान अनुसार दोषीउपर कारबाही र पीडितहरुका लागि क्षतिपूर्तीको सिफारिस गर्ने गरिन्छ। विगतमा भएका मानवअधिकार तथा मानवता विरोधी अपराधको उजागर गर्दै मेलमिलापको प्रक्रियालाई पनि अपनाइएको हुन्छ। यस वाहेक पीडित तथा उनीहरुका परिवारलाई राहत तथा क्षतिपूर्ति प्रदान गर्नुका साथै पीडितहरूको उचित उपचारलगायत पीडितहरूसँग सरोकार राख्ने भौतिक संरचनाहरूको पुन:निर्माण र पुनर्मिलनका विषयहरू पर्दछन। अ-न्यायिक प्रक्रिया अन्तर्गत संस्थागत सुधारहरुका साथै मानवअधिकार उल्लंघनका साथै भ्रष्टाचारमा संलग्न सेना, प्रहरी तथा अन्य सुरक्षा निकाय, न्यायिक निकाय तथा अन्य सार्वजनिक संस्थाका कर्मचारीहरुलाई संस्थाबाट निष्काशन गरिने विषयहरु पनि पर्दछन।

#### २.२.१ सत्य अन्वेषण

#### २.२.२ सत्य निरूपण आयोग

देशको शासन व्यवस्था परिवर्तन हुँदा बनाइने सत्य निरूपण तथा मेलमिलाप आयोग वा न्यायिक आयोग जे भनिएपनि यसको प्रमुख काम भनेको अघिल्लो निरंकुश शासन वा सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लंघनका घटनाहरूको अध्ययन अनुसन्धान गर्ने, ती उल्लंघनमा संलग्न हुने पीडक तथा पीडितहरूलाई उजागर गर्ने तथा यस्ता अपराधमा संलग्न दोषीउपर कारबाहीका साथै पीडितलाई क्षतिपूर्तिका लागि सरकारसँग सिफारिस गर्ने हुन्छ। यस्ता आयोगहरू कानूनी रुपमै गठन गरिएका हुन्छन। दक्षिण अफ्रिकी संसदले राष्ट्रिय एकता र पुर्नमिलन सम्वर्द्धन ऐन पास गरी त्यसअन्तर्गत सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरेको थियो।[७] तर त्यसले कारबाहीको अधिकार पाएको थिएन। यस्ता आयोगहरूलाई कारबाही गर्ने अधिकार हुँदैन। सत्य निरूपण आयोग औपचारिक रुपमा अनुमोदित विगतमा भएको दमन, हिंसात्मक द्वन्द्व, अत्याचार वा शिलशिलावद्ध रूपमा भएको मानवअधिकार ज्यादतीहरूको सम्बोधन गर्न अस्थायी रुपमा स्थापना गरिने अनुसन्धानात्मक निकाय हो। यस्तो आयोग न्यायिक निकाय होइन। यसले साधारणतया पूर्वनिर्धारित समयावधिको अन्त्यमा प्रतिवेदन तयार गर्दछ र भविष्यमा सुधारका लागि आफ्नो निर्क्योलसहित सुझावहरू प्रस्तुत गर्दछ।[८] आयोगले दोषी ठहऱ्याएकाहरूलाई कारबाही गर्ने दायित्व सम्बन्धित देशको न्यायालयकै हुने गर्दछ। नेपालमा पनि सत्य निरूपण तथा मेलमिलाप आयोग बन्ने सहमति भैसकेको अवस्थामा सो सम्बन्धमा संसद विधायिकाबाट कानून अनुमोदन हुनुपर्दछ र सोही अनुसार आयोग गठन गरिनुपर्दछ। आयोगको कामकर्तव्य पनि सोही बमोजिम तोकिनु पर्दछ। सत्य निरूपण आयोग गठन गर्ने सवालमा राजनीतिक इच्छाशक्तिको ठूलो महत्व रहन्छ। हिंसात्मक द्वन्द्व वा निरंकुश शासन व्यवस्था कायम रहेका देशहरूमा परिवर्तन पश्चात विभिन्न आयोगहरू गठन गरिए र विगतमा भएका मानवअधिकार उल्लंघनको अध्ययन अनुसन्धान गरिए। अर्जेन्टिनामा बेपत्ता व्यक्तिहरूको आयोग, चिलीमा राष्ट्रिय सत्य निरुपण तथा मेलमिलाप आयोग, घानामा राष्ट्रिय मेलमिलाप आयोग, ग्वाटेमालामा राष्ट्रिय ऐतिहासिक स्पष्टिकरण आयोग,

**पीडितहरुलाई न्याय प्रदान गर्ने कुरा सरकारले प्राथमिकताकासाथ अगाडि बढाएको छैन। यस बाहेक सत्यको पहिचान गर्ने अर्को चुनौतिको रुपमा खडा भएको छ । दण्डहीनताको अन्त्य र कानूनको शासनको स्थापना पनि संक्रमणकालीन न्यायको चुनौति हो ।**

६ Transitional Justice, Wikipediat the free encyclopedia, http://en.wikipedia.org/wiki/Transitional_Justice, visited on May 13, 2007

७ Hayner B. Priscillia, Unspeakable Truths : confronting State Terror and Atrocity, 2001, p.41

८ Truth Commissions and NGOs: The Essential Relationship, The International Centre fo Transitional Justice, April 2004

**सरकार र नेकपा माओवादी मानवअधिकार उल्लंघनकर्ताहरूलाई उन्मुक्ति दिने प्रयास गरिरहेका छन्। अन्तरिम संविधानको मस्यौदाबाट विगतमा भएका अपराधलाई कारबाही गरिने प्रक्रियालाई हटाइयो । यस्तो अधिकार एकातिर उनीहरूले हटाएका छन् भने अर्कोतिर सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने मात्रै उल्लेख गरेका छन् ।**

पुर्नमिलन, सत्य निरुपण तथा मेलमिलाप आयोग, तथा पेरु, सियरालिओन र दक्षिण अफ्रिकामा सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरिएको थियो।[९]

सबै सत्य निरुपण आयोगहरू एकैनासका हुँदैनन्। राष्ट्रिय परिस्थिति अनुसार स्थापना भएका हुन्छन। सत्य निरुपण आयोगको कुनै विज्ञान हुँदैन। पीडित संघसंस्थाहरू, राजनीतिक नेताहरू, गैरसरकारी संस्थाहरू, पीडित व्यक्तिहरू, धार्मीक संस्थाहरू र अन्यले सत्य निरुपण आयोग गठन गर्ने नगर्ने भन्ने विषयमा छलफल गर्नुपर्दछ। त्यस्तो छलफल पश्चात मात्र अन्त्यमा आयोग गठन गर्ने सम्बन्धमा निर्णय गर्नु पर्दछ। यदि उनीहरूले सो अनुसार निर्णय गरेभने यो कस्तो हुनुपर्दछ भन्ने बारेमा पनि छलफल गरिनु पर्दछ।[१०]

सत्य निरुपण आयोग प्राय गरेर राज्यद्वारा गठन गरिएको औपचारिक निकाय हो। यद्यपि गैरसरकारी संस्थाहरू र पीडितका संस्थाहरू आयोग गठनमा सक्रिय रहन्छन्। आयोगको सफलतामा पनि प्राय गैरसरकारी संस्थाहरूको भूमिका रहन्छ। जहाँ सरकार र गैरसरकारी संस्थाहरुबीच समन्वय कायम हुन सकेको छ, त्यहाँ यस्तो आयोग सफल हुन सकेको देखिएको छ। कतिपय ठाउँमा सत्य बताउने कुराको सामाजिक रुपमा माग भए पनि सरकारमा रहेका व्यक्तिहरूको राजनीतिक इच्छाशक्तिको कमीका कारण सत्य निरुपण आयोग नबनेको अवस्थामा नागरिक समाजले अनौपचारिक आयोगका लागि आवाज उठाउने गरेका छन्। उरुग्वेमा गैरसरकारी पक्षबाट बनेको यस्तै आयोगले कमीकमजोरीयुक्त सरकारी प्रतिवेदनभन्दा सत्य र भरपर्दो प्रतिवेदन तयार गरेको थियो। यसैगरी ग्वाटेमालामा पनि अनौपचारिक रुपमा अनुमोदित आयोगले छ हजार भन्दा बढी पीडित र प्रत्यक्षदर्शीको भनाई रेकर्ड गरेको थियो र यसले पछि औपचारिक रुपमा गठन भएको राष्ट्रिय सत्य निरुपण आयोग, ऐतिहासिक स्पष्टिकरण आयोगमा ठूलो प्रभाव पारेको थियो।[११]

पूर्वी टिमोरमा सन् २००० मा गठन गरी आफ्नो अनुसन्धान सुरु गरेको पुर्नमिलन, सत्य निरुपण तथा मेलमिलाप आयोगले पाँच वर्ष लगाएर आफ्नो कार्य पूरा गरेको थियो। सो आयोगले सन् १९७४ देखि १९९९ सम्म भएको २५ वर्ष लामो राजनीतिक द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लंघनको अध्ययन गरेको थियो।[१२]

**प्रहरी, सेना, सुरक्षा निकाय, न्यायिक निकाय तथा अरु सार्वजनिक संस्थाहरू जो विगतमा भएका मानवअधिकार उल्लंघन तथा भ्रष्टाचारमा सक्रिय थिए त्यस्ता सम्पूर्ण सुरक्षा निकायहरूलाई परिवर्तन गर्नु आवश्यक हुन्छ । सैनिक कानूनहरूको संशोधन गरी नेपाली सेनाको संरचना र कार्यशैलीलाई प्रजातान्त्रिक र पारदर्शी बनाउनु पर्दछ । मानवअधिकार उल्लंघनलगायत सैनिक अनुशासन विपरित काम गर्नेहरूलाई सैनिक अदालतले कारबाही गर्ने प्रक्रियालाई रोकिनु पर्दछ ।**

कानून अनुसार गठन गरिएको पूर्वी टिमोरको पुर्नमिलन, सत्य निरुपण तथा मेलमिलाप आयोगलाई विगतमा भएका मानवअधिकार उल्लंघनको अनुसन्धान गर्ने कार्यदिश दिइएको थियो। आयोगको कामहरूलाई कानूनमा परिभाषित गरिएको थियो। संविधानमा लेखिएको र तत्कालीन व्यवस्थापिकाले समेत अनुमोदन गरी बनेको उक्त आयोग गठनका लागि संयुक्त राष्ट्र संघका साथै विभिन्न अन्तर्राष्ट्रिय समुदायको समर्थन तथा सहयोग रहेको थियो।[१३] दुई हजार भन्दा बढी पृष्ठ लामो उक्त प्रतिवेदनमा पीडितका घटनाहरूलाई पनि अभिलेख गरिएको छ।

यसरी गठन गरिने सत्य निरुपण आयोगहरूलाई विगतमा भएका सम्पूर्ण प्रकारको मानवअधिकार उल्लंघनको अध्ययन गर्ने मात्र कार्यदिश दिइएको हुँदैन। कतिपय देशहरूमा मानवअधिकारका केही विशेष प्रकृतिका घटनाहरूलाई मात्र उक्त आयोगले हेर्ने कार्यदिश दिइएको हुन्छ। कतिपय यस्ता आयोगलाई ज्यादतीको एउटा भाग हेर्नाका लागि मात्र पनि सीमाबन्ध गरिएको हुन्छ। उदाहरणका लागि धेरै सत्य निरुपण आयोगहरूलाई बेपत्ताहरूका बारेमा मात्रै हेर्न निर्देशित गरिएको हुन्छ। अर्जेन्टीना, उरुग्वे र श्रीलंका यसका उदाहरण हुन। उरुग्वेयन आयोगको सीमित कार्यदिशका

---

९ Truth Commissions and NGOs: The Essential Relationship, The International Centre fo Transitional Justice, April 2004

१० Truth Commissions and NGOs: The Essential Relationship, The International Centre fo Transitional Justice, April 2004

११ Truth Commissions and NGOs: The Essential Relationship, The International Centre fo Transitional Justice, April 2004

१२ Chega! : The Report of the Commission for Reception, Truth and Reconciliation in Timor- Leste(CAVR), Executive Summary P. 4

१३ Chega! : The Report of the Commission for Reception, Truth and Reconciliation in Timor- Leste(CAVR), Executive Summary P. 4

कारण सैनिक शासनकालमा भएका धेरै खालका मानवअधिकार उल्लंघनलाई हेर्न दिइएको थिएन। गैरकानूनी थूना तथा यातना जस्तो जघन्य मानवअधिकार हनन सम्बन्धी घटनाहरूलाई नजरअन्दाज गरिएको थियो।[१४] यसैगरी चिलीमा गठन गरिएको आयोगले बेपत्ता, गैरन्यायिक हत्या, यातनाका कारण भएको मृत्यु तथा राजनीतिक अपहरण लगायतका घटनाहरूको मात्रै अनुसन्धान गरेको थियो। तर यसको कार्यादेशले यातनाका कारण मृत्यु नभएका अर्थात यातना तथा अमानवीय व्यवहारका घटनाहरूलाई भने अनुसन्धान गर्न रोक लगाएको थियो।[१५]

सत्य अन्वेषण गर्न बनेका आयोगहरूको कार्यादेश अनुसन्धान गर्ने र त्यसबाट प्राप्त परिणामहरूलाई कारबाहीका लागि प्रतिवेदन गर्ने हुन्छ। तर यसरी बनेका कतिपय अयोगहरूले सरकारलाई प्रतिवेदन बुझाएका समेत छैनन्। जस्तो बोलिभियामा आयोग नै विघटन भयो भने जिम्मावे, युगान्डा, फिलिपिन्स आदि ठाउँमा गठन गरिएका आयोगहरूले प्रतिवेदन सार्वजनिक नै गरेनन। यसरी प्रतिवेदन सार्वजनिक नगरिने हो र सरकारलाई कारबाहीका लागि सिफारिश नगरिने हो भने संक्रमणकालीन न्यायको उद्देश्य विपरित हुन्छ। संक्रमणकालीन न्यायमा पीडितहरू जसरी केन्द्रभागमा हुन्छन, भनिन्छ त्यसले उनीहरूको हितका लागि कुनै पनि सहयोग गर्दैन।

सम्झन सजिलो छैन तर बिर्सन असम्भव हुन सक्छ। जसले जघन्य अपराधको मार खेपेका छन तीनिहरूका लागि भावनात्मक र मनोवैज्ञानिक रुपमा बाँच्ने आधारहरू हुन्छन।[१६] संक्रमणकालीन अवस्थामा विगतमा भएका मानवअधिकार उल्लंघनकर्ताहरूलाई कस्तो सजाय दिन्छन र पीडितले कसरी न्याय पाउँछ भन्ने जनताले सोचिरहेका हुन्छन। कतिपय पीडितहरूले विगतमा आफूले भोगेका यातनाहरू कोट्याउन चाहँदैनन। यसले घाउलाई झन ताजा बनाउने उनीहरू ठान्दछन भने कतिपय पीडितहरू विगतमा भएका जघन्य अपराधहरू वाहिर आउनु पर्दछ भन्छन्। पीडितहरूले न्याय पाउनु पर्दछ र पीडकहरूलाई कानूनअनुसार कारबाही हुनुपर्ने चाहना राख्दछन। यसको सही व्यवस्थापन सत्य निरुपण तथा न्यायिक आयोग बनाएर गर्न सकिन्छ।

विभिन्न राज्यहरूमा भएका हिंसात्मक द्वन्द्वपछि संक्रमणकालीन न्याय अन्तर्गत विभिन्न आयोगहरू गठन गरेर विगतमा भएका मानवअधिकार उल्लंघनहरूलाई जनता समक्ष ल्याई जघन्य अपराधमा संलग्न दोषीउपर कारबाहीका साथै मेलमिलाप प्रक्रिया अगाडि बढाइएका छन्। सामाजिक पुनर्मिलनमा पनि सत्य निरुपण तथा मेलमिलाप आयोगले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। नेपालमा पनि यस्तो अवस्था श्रृजना भएको छ। संसारभरीकै अनुभवले गम्भीर प्रकृतिको मानवअधिकार उल्लंघनकर्तालाई कारबाही नगर्दा इतिहासको पुनरावृत्ति हुन सक्छ भन्ने देखाएको छ। यो कुरा राज्य संचालकहरूले अनुभूत गर्नुपर्ने आवश्यकता देखिएको छ। ल्याटिन अमेरिकामा शान्ति स्थापनाको अवस्थामा मानवअधिकार उल्लंघनकर्ताहरूलाई क्षमा दिने भनी कानून बनाइयो र कुनैपनि अपराधिलाई कारवाहि नगरेका कारण त्यहाँको शान्ति स्थापना फस्टाउन सकेन्। हननकर्ताहरूले अझैपनि टाउको उठाउने मौका पाइरहेका छन्। दक्षिण अफ्रिकामा पनि सत्य निरुपण तथा मेलमिलाप आयोग बनाइएको थियो। यसमार्फत सत्यलाई वाहिर ल्याउने र मानवअधिकार उल्लंघनका दोषीहरूलाई आम माफी दिने कार्य गरिएको थियो। धेरै कम मानवअधकिार उल्लंघनमा संलग्न भएका दोषीहरूलाई कारबाही गरिएको थियो। दक्षिण अफ्रिकामा बनाइएको उक्त आयोगको प्रयासका बाबजुद धेरै दक्षिण अफ्रिकी जनताहरू न्याय र आफूलाई पीडित बनाउने पीडकहरूका लागि अझै कडा दण्डको माग गरिरहेका छन्।[१७]

ल्याटिन अमेरिकाको अनुगमनबाट हामी नेपालीहरूले पनि पाठ सिक्नुपर्दछ। हामीले उहिं गल्ती दोहोर्‍याउँनु हुँदैन। विगतमा भएका मानवअधिकार उल्लंघनकर्ताहरूलाई उनीहरूले गरेको अपरधमा दण्डको भागीदार बनाइनु पर्दछ। यसको प्रक्रिया सत्य निरुपण तथा मेलमिलाप

## राष्ट्रिय मानवअधिकार आयोग

नेपालको अन्तरिम संविधान २०६३ को भाग १६ मा राष्ट्रिय मानवअधिकार आयोगको व्यवस्था गरिएको छ। अन्तरिम संविधानको धारा १३६ मा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्तिको व्यवस्था गरिएको छ भने धारा १३७ मा राष्ट्रिय मानवअधिकार आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। ०६३ पुष ३ गते सरकारले आयोगका पदाधिकारीको नाम सिफारिश गरेको थियो। संवैधानिक परिषदको ०६३ पुस ३ गते प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायलाई राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्षमा सिफारिश गरेको थियो। परिषदले आयोगका अन्य सदस्यहरूमा गौरी प्रधान र डा. लीला पाठकको नाम पनि सिफारिस गरेको थियो। तर राजनीतिक खिंचातानीका कारण हालसम्म आयोगका पदाधिकारीहरु नियुक्त गर्न सकिएको छैन। राष्ट्रिय मानवअधिकार आयोग पदाधिकारीविहीन अवस्थामा यसले संक्रमणकालीन न्यायका लागि निर्वाह गर्नुपर्ने भूमिकामा योगदान पुर्‍याउन सकेको छैन। विगतका मानवअधिकार उल्लंघनलाई नजिकबाट हेर्दै त्यसको अनुगमन गर्ने र सरकारी निकायका पदाधिकारीहरूलाई यस्ता उल्लंघनका बारेमा सोधपुछ गर्ने र कारबाहीका लागि सिफारिस गर्ने अधिकार पाएको आयोगले संक्रमणकालीन न्यायमा पुर्‍याउने योगदानको सहजै लेखाजोखा गर्न सकिन्छ।

१४ Unspeakble Truth : confronting State Terror and Atrocity, Page 72, Para 2

१५ Unspeakble Truth : confronting State Terror and Atrocity, Page 73, Para 1

१६ UNspeakable TRUTHS Confronting State Terror and Atrocity- Priscilla B. Hayner p. 2

१७ UNspeakable TRUTHS Confronting State Terror and Atrocity- Priscilla B. Hayner p. 3

आयोग बनाएर गरिनु पर्दछ। तर नेपालको सन्दर्भमा यो अवस्था जटिल देखिएको छ।

नेपालको अन्तरिम संविधान २०६३ को राज्यको नीति निर्देशक सिद्धान्त अन्तर्गत धारा ३३(ध) मा उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने उल्लेख गरिएको छ।[१८] यसैगरी विस्तृत शान्ति सम्झौताको ५.२.५ मा दुवै पक्ष आपसी सहमतिबाट उच्च स्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्न सहमत भएका छन्।[१९] संविधान र शान्ति सम्झौता दुवैमा सत्य निरुपण तथा मेलमिलाप आयोगको मात्र व्यवस्था गर्ने उल्लेख गरिएको छ। यसले जघन्य मानवअधिकार उल्लंघनमा संलग्न दोषीहरूलाई उन्मुक्ति दिने बाहेक कुनै पनि दण्ड सजायको भागीदार बनाउँदैन। संक्रमणकालीन न्यायमा पीडितहरूले माफ गर तर नबिर्स भन्ने सिद्धान्तलाई अवलम्बन गर्नुपर्ने विज्ञहरू बताउने गर्दछन्। हामी पीडितहरूको न्यायको कुरा गर्दछौ जघन्य अपराधमा संलग्न हुने दोषीहरूलाई कारबाही नगरुञ्जेल न्यायको कल्पना पनि गर्न सकिदैन। यस अर्थमा अहिलेका लोकतान्त्रिक सरकारमा बस्नेहरू पनि पुनः दण्डहीनतालाई नै प्रश्रय दिन थालेका हुन कि भन्ने आशंका बढेको छ। सरकार र नेकपा माओवादी मानवअधिकार उल्लंघनकर्ताहरूलाई उन्मुक्ति दिने प्रयास गरिरहेका छन्। अन्तरिम संविधानको मस्यौदाबाट विगतमा भएको अपराधलाई कारबाही गरिने प्रक्रियालाई हटाइयो। यस्तो अधिकार एकातिर उनीहरूले हटाएका छनभने अर्को तिर सत्य निरुपण तथा मेलमिलाप आयोगको निर्माण गर्ने मात्रै उल्लेख गरेका छन्।

विगतमा भएका मानवअधिकार उल्लंघनका बारेमा सत्य तथ्यको अनुसन्धान गरी सिफारिस सहित प्रतिवेदन प्रस्तुत गर्न अघिल्ला समयमा पनि यस्ता जाँचबुझ आयोग गठन नभएका भने होइनन। २०४६ सालमा प्रजातन्त्र पुनःस्थापना भए लगत्तै दुईवटा जाँचबुझ आयोगहरू गठन गरिएका थिए। ०४६ सालमा प्रजातन्त्र पुनःस्थापना भएलगत्तै तत्कालिन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले प्रचण्डराज अनिलको अध्यक्षतामा एक आयोग गठन गरेका थिए। उक्त आयोगमा स्व. प्रकाशराज काफ्ले र कपिल श्रेष्ठलाई पनि सम्मिलित गराइएको थियो। सो आयोगलाई पञ्चायतकालमा भएका यातना, वेपत्ता र गैरन्यायिक हत्या सम्बन्धि घटनाहरको अनुसन्धान गर्नका लागि निर्देशन गरिएको थियो। तर उक्त आयोगका अध्यक्ष पञ्चायतकालका सहयोगि देखिएको भनी प्रकाशराज काफ्ले र कपिल श्रेष्ठले राजीनामा दिएपछि आयोग तत्काल विघठन गरिएको थियो। त्यसपछि मल्लिक आयोग गठन गरियो। उक्त आयोगलाई पनि जनआन्दोलन दबाउन सक्रिय रहेकाहरु र पञ्चायतकालमा भएका मानवअधिकार उल्लंघनका घटनाहरुको जाँचबुझ गर्ने कार्यादेश दिइएको थियो।

## सत्य निरूपण तथा मेलमिलाप आयोग

सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने सम्बन्धमा सरकार, सातदल र नेकपा माओवादी सबै सहमत भएका छन। विभिन्न सम्झौताहरूका साथै नेपालको अन्तरिम संविधान २०६३ को राज्यको निर्देशक सिद्धान्त अन्तर्गय यसको व्यवस्था गरिएको छ।

नेपालको अन्तरिम संविधान २०६३ को भाग ४ को राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू अन्तर्गत धारा ३३ (ध) मा सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने उल्लेख गरिएको छ। यसैगरी नेपाल सरकार र नेकपा माओवादी बीच ०६३ मंसिर ५ गते सम्पन्न वृहत् शान्ति सम्झौतामा पनि सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्न सहमत भएका थिए। तर हालसम्म यसको गठनका लागी कुनै प्रक्रिया अगाडि बढाइएको जानकारीमा आएको छैन। शान्ति सम्झौताको ५.२ को स्थिति सामान्यीकरणका उपायहरू अन्तर्गत ५.२.५ मा दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत भएका छन्। यस्तै ०६३ कात्तिक २२ गते सात दल र नेकपा माओवादीका शीर्ष नेताहरूबीच भएको बैठकले निर्णय अनुसार द्वन्द्व पीडितहरूको व्यवस्थापन अन्तर्गत बुँदा नं ४ मा सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न हुनेहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण तयार गर्न सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने निर्णय गरेका थिए। यसरी गठन गर्ने भनिएको सत्य निरूपण आयोग गठन नगरिंदा संक्रमणकालीन न्यायमा अवरोध सिर्जना हुने सम्भावना बढेर जान्छ भने अर्कोतिर पीडितहरूले न्याय पाउन सक्दैनन। सत्य निरुपण तथा मेलमिलाम आयोग साँठी दिन भित्रमा गठन गर्ने भनिएपनि शान्ति सम्झौता जारी गरिएको छ महिना वितिसक्दा पनि कार्यान्वियन गर्नेतर्फ कुनै पनि प्रक्रिया अगाडि बढाइएको छैन। यसतर्फ लोकतान्त्रिक सरकारको समयमै ध्यान जान जरुरी छ। जाँचबुझ आयोग ऐनमा संसोधन गर्दै त्यसअन्तर्गत सत्य निरूपण तथा मेलमिलाप आयोग बनाइनु पर्दछ। सरकार आयोग गठन गर्ने सम्बन्धमा संवेदनशील देखिएको छैन भने सरकारमा सामेल भएको नेकपा माओवादीका नेताहरू भने यसको कुरै उठाउन चाहँदैनन। यसरी संक्रमणकालीन न्यायको स्थापनाको दिशामा उल्लेखनीय र सोचेअनुरुप काम हुन सकेको छैन।

१८ नेपालको अन्तरिम संविधान २०६३, भाग ४, राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु

१९ नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी(माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता २०६३, शान्ति समिति, पृ. १

यसैबीच पञ्चायतकालमा वेपत्ता पारिएका मानिसहरूको पत्ता लगाउनका लागि ०४७ साल साउन १६ गतेको मन्त्री परिषदको निर्णय अनुसार सूर्यबहादुर शाक्यको अध्यक्षतामा बासुदेवप्रसाद ढुंगाना, डा. सच्चेकुमार पहारी तथा प्रकाशराज काफ्ले सदस्य रहेको चार सदस्यीय प्रजातन्त्र पुनर्स्थापनाको सिलसिलामा २०१७ साल पछि वेपत्ता भएका मानिस पत्तालगाउने समिति गठन गरिएको थियो। समितिले २ सय भन्दा बढि वेपत्ताका घटनाहरुका सम्बन्धमा छानवीन गर्नुका साथै पीडितपक्षको वयान समेत सम्मिलित गरी सरकारलाई प्रतिवेदन बुझाएको थियो।[१०] प्रहरीहरूले यस समितिलाई सूचना उपलब्ध गराउने सम्बन्धमा सहयोग नगरेको पाइएको थियो। सन् १९९१ मा आयोगले प्रतिवेदन तयार गरेको थियो। उक्त प्रतिवेदन तत्काल सार्वजनिक गर्नका लागि एम्नेष्टी इन्टरनेशनललगायत स्थानीय मानवअधिकार संघसंस्थाहरुले पटक पटक आव्हान गरे पनि सन् १९९४ मा मात्रै सार्वजनिक गरियो। यसमा सिफारिश गरिएका केही कुराहरुलाई मात्र लागु गरिएको थियो।[११]

### २.२.३ गैरसरकारी संस्थाहरूको भूमिका

सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्नेमा मानवअधिकार संस्थाहरूको महत्वपूर्ण भूमिका रहन्छ। सर्वप्रथम त आयोग गठन गर्नकै लागि उनीहरूको दवाव अत्यन्त जरूरी हुन्छ। आयोग गठन गर्ने सम्बन्धमा नझक्झकाएसम्म सरकार कानमा तेल हालेरै बसेको हुन्छ। सियरालियोनमा गैरसरकारी संस्थाका प्रतिनिधिहरूले आयोग गठनका लागि अभियान नै सञ्चालन गरेका थिए। फेब्रुअरी १९९९ मा मानवअधिकार समूहको सञ्जाल र मानवअधिकारका लागि राष्ट्रिय मञ्चलगायत केही मानवअधिकार समुदायले सत्य, न्याय र पुर्नमिलन आयोग बनाउनका लागि अभियान शुरुगरी भविष्यमा हुने वार्तामा सो कुरालाई उठाउन दलहरूलाई आव्हान गरेका थिए। सियरालिओनको फ्रीटाउनमा सन् १९९९ को अप्रिलमा यस सम्बन्धमा राष्ट्रिय नागरिक समाजको शान्ति सम्मेलनमा छलफलगरी टुंग्याइएको थियो। केही महिना पछि, अन्तर्राष्ट्रिय समुदायसँगको परामर्श पश्चात, एउटा कार्यसमूह गठन गरियो। सूचना संकलन केन्द्र, नागरिक समाजसँग परामर्श गर्दै सुझाव ग्रहण गरी सियरालिओनमा आमजनताको चाहनालाई भविष्यमा बनिने अयोगमा आत्मसात गर्ने कुरा ग्यारेन्टी गरियो।[१२] आयोग गठनमा अन्तर्राष्ट्रिय समुदायको महत्वपूर्ण हात रहने हुँदा मानवअधिकार संस्थाहरूले यस सम्बन्धमा विभिन्न संयुक्त राष्ट्र संघीय निकायहरूका साथै अन्य मानवअधिकार संस्थाहरूको ध्यानाकर्षण गर्न सक्दछन। यो अवस्था अहिले नेपालमा पनि सिर्जना भएको छ। जति समय वितिरहेको छ, त्यति नै सरकार यो मुद्दालाई विर्सिरहेको देखिन्छ। गैरसरकारी तथा अन्य संस्थाहरूले सत्य निरुपण तथा मेलमिलाप आयोगका लागि सत्य र भरपर्दो सूचनाहरू उपलब्ध गराएर आयोगको अनुसन्धान प्रक्रियामा सहयोग पुर्‍याउन सक्छन। गैससले आयोगमा आफ्नो विशेषज्ञता पनि उपलब्ध गराउन सक्छन्। गैरसरकारी संस्थाहरूले पीडितहरूका तर्फबाट आयोगमा प्रतिनिधित्व गर्न सक्छन।

**राजनीतिक परिवर्तन पछि राज्यमा देखिएका विभिन्न किसिमका अराजक मनोवृतिका घटनाहरु हुनबाट रोक्नु, जनतामा पूर्ण सुरक्षाको वातावरण तयार गर्नुका साथै कानूनको शासनको स्थापनाबाट जनतामा शान्ति प्रदान गरिनु पनि संक्रमणकालीन न्याय हो ।**

### २.३ पीडितलाई पूर्ण क्षतिपूर्ति

पूर्ण क्षतिपूर्ति भन्नाले पैसालाई मात्र बुझिंदैन। यस प्रक्रिया अन्तर्गत पीडितहरूलाई आर्थिक क्षतिपूर्तिका साथै उनीहरूले द्वन्द्वका क्रममा गुमाउन पुगेका सम्पूर्ण पूर्वाधारहरू जस्तै शिक्षाको ग्यारेण्टी, गुमाउन पुगेका घर जग्गा तथा सम्पत्तिहरू फिर्ता र ध्वस्त बनाइएका अन्य भौतिक संरचनाहरूको पुन:निर्माण, स्वास्थ्य उपचार तथा मनोविमर्शलगायतका कुराहरूको पूर्ण प्रत्याभूति सरकारले गराउनु पर्दछ। यसका साथै पीडितहरूले भोग्नु परेका पीडाहरूलाई संधै सम्झनका लागि उनीहरूको स्मृतिमा सालिक बनाउनेदेखि लिएर संग्रालयहरूको स्थापना गर्नेसम्मका कामहरु गर्न सकिन्छ।

### २.४ संस्थागत सुधार

प्रहरी, सेना, सुरक्षा निकाय, तथा अरु सार्वजनिक संस्थाहरू जो विगतमा भएका मानवअधिकार उल्लंघन तथा भ्रष्टाचारमा सक्रिय थिए त्यस्ता सम्पूर्ण सुरक्षा निकायहरूलाई परिवर्तन गर्नु आवश्यक हुन्छ।[१३] सैनिक कानूनहरूको संसोधन गरी

**०६३ साउन ९ गते प्रतिनिधि सभाको बैठकबाट सर्वसम्मतले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनका लागि प्रस्ताव पारित गरेको थियो । तत्कालिन परराष्ट्र मन्त्री केपी शर्मा ओलीले दण्डहीनता अन्त्य गर्न सरकारले अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधान अनुमोदन प्रक्रिया शुरु गर्ने जानकारी गराएका थिए । तर हालसम्म उक्त विधान अनुमोदन भएको छैन ।**

---

१० प्रजातन्त्र पुनर्स्थापनको लागि २०१७ साल पछि वेपत्ता भएका मानिसहरुको विषयमा श्री ५ को सरकार समक्ष चढाएको प्रतिवेदन, भाग १, प्रजातन्त्र पुनर्स्थापनको सिलसिलामा वेपत्ता भएका मानिस पत्ता लगाउने समिति २०४८, काठमाण्डौ

११ Hayner Priscilla B., Unspeakable Truths:Confronting State Terror and Atrocity,P.57

१२ (Truth Commissions and NGOs: The Essential Relationship, The International Centre fo Transitional Justice, April 2004)

१३ What is Transitional Justice? , International Centre for Transitional Justice, http://www.ictj.org/en/tj/ accessed May 22, 2007

**विगतमा बनेका आयोगका प्रतिवेदन अनुसार कारबाही प्रक्रिया अगाडि नबढाउँदा जसरी प्रतिगामी तत्वहरूले टाउको उठाए, त्यहि स्थिति फेरी नदोहोरिएला भन्न सकिन्न । आयोग बन्ने, प्रतिवेदन तयार हुने, प्रतिवेदनमा अनुसन्धान र कारबाहीका लागि गरिएको सिफारिस प्रक्रिया अपूर्ण हुने हो भने यस्ता आयोगको औचित्य नै के रहन्छ र ? यसले पीडितहरुप्रति अवहेलना तथा वितृष्णा उत्पन्न गर्ने सिवाय अन्य केही काम गर्न सक्दैन । रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक गरिदिने हो भने जनताले यसमा के उल्लेख गरिएको छ आफै थाहा पाउने थिए । सरकारले उक्त प्रतिवेदन किन सार्वजनिक गर्न नसकेको हो ? फेरी कारबाही गर्नका लागि त प्रतिवेदनमा उल्लेख गरिए अनुसारको अपराध नै काफी हुँदैन र ?**

---

नेपाली सेनाको संरचना र कार्यशैलीलाई प्रजातान्त्रिक र पारदर्शी बनाउनु पर्दछ। मानवअधिकार उल्लंघनलगायत सैनिक अनुशासन विपरित काम गर्नेहरूलाई सैनिक अदालतले कारबाही गर्ने प्रक्रियालाई रोकिनु पर्दछ। सैनिक अदालतले सेना भित्रको अनुशासनको बाहेक अन्य मुद्दाहरूमा कारबाही प्रक्रिया अगाडि बढाउनु हुँदैन। सेना, प्रहरी वा अन्य सुरक्षा निकायका व्यक्तिहरू जो भ्रष्टाचारका साथै मानवअधिकार ज्यादतीका घटनामा सक्रिय छन त्यस्ता व्यक्ति तथा मुद्दाहरू सोझै राज्यको नागरिक अदालतले हेर्नु पर्दछ। सशस्त्र द्वन्द्वका क्रममा अपराधमा संलग्न सेनाहरूलाई सैनिक अदालतले कोर्टमार्शल गरी विभिन्न कारबाही गरेको भनिए पनि ती सबै प्रक्रियाहरू अपारदर्शी थिए र त्यस्ता सैनिकहरूलाई कसरी कारबाही गरियो, कारबाही प्रक्रिया सत्य हो कि होइन वा अभियुक्त स्वयं नै को हो भन्ने जस्ता सवाल सँधै नै अन्योलमा रहिरहे। यी सवालहरूको आमजनताले जवाफ पाएनन्। मानसिक रूपमा अभ्यस्त भैसकेका सुरक्षा निकायहरूलाई नयाँ शैलीमा नढालुञ्जेल मानवीय व्यवहार सुरक्षा निकायबाट हुनसक्छ भन्ने सोच्नु गलत हुन सक्छ। सुरक्षा निकायभित्रैबाट उठेका अन्तरविरोधका स्वरहरूलाई माथिल्ला तहका सैनिकहरूले दबाउने गरेका छन्।

### २.५ निष्काशन तथा पदबाट मुक्ति

संस्थाहरूको कार्यशैलीलाई मात्र परिवर्तन गरेर हुँदैन। त्यस्ता संस्थामा कामगर्ने अपराधिक मानसिकता भएका वा हत्या, हिंसा, आतंकलाई उस्काउन मद्दत पुरयाउने भ्रष्ट सुरक्षाकर्मीहरूका सम्बन्धमा समेत अध्ययन गरी ती संस्थाहरूबाट अलग गरिनु पर्दछ। अधिनायकवादी शासन वा सशस्त्र द्वन्द्वका क्रममा भएका जघन्य मानवअधिकार उल्लंघनमा संलग्न हुनेमा विशेष गरेर सुरक्षा निकायका अधिकारीहरू पर्दछन। प्रहरी तथा सेनामा काम गर्ने कर्मचारीहरू जो भ्रष्टाचारका साथै मानवअधिकार उल्लंघनमा संलग्न छन तिनीहरूको खोजवीन गरी पद तथा संस्थाबाट मुक्त गराइनु पर्दछ।

## ३. संक्रमणकालीन न्यायका थप आयाम

संक्रमणकालीन अवस्थामा विभिन्न प्रकारका मदभेदहरू एकैपटक प्रस्फुटन हुने गर्दछन्। यस अवस्थामा विगतका मानवअधिकार उल्लंघनलाई मात्र सम्बोधन गर्ने मात्र नभई वर्तमान अवस्थामा उठेका अन्य खालका मदभेद तथा मागहरूलाई पनि सँगसँगै हेरिनु पर्दछ। संक्रमणकालीन न्यायको अर्को स्वरुप भनेको विगत र वर्तमानको मानवअधिकार स्थिति र जनताको मागलाई सन्तुलनमा राख्नु हो। वर्तमान अवस्थामा उठिरहेका संरचनागत हिंसाका सवालहरू जस्तो कि मधेशी, महिला, दलित, आदिवासी तथा जनजातिहरूका सवालहरुको उचित व्यवस्थापनले पनि यसमा उत्तिकै भूमिका खेलेको हुन्छ। राजनीतिक परिवर्तन पछि राज्यमा देखिएका विभिन्न किसिमका अराजक मनोवृतिका घटनाहरु हुनबाट रोक्नु, जनतामा पूर्ण सुरक्षाको वातावरण तयार गर्नुका साथै कानूनको शासनको स्थापनाबाट जनतामा शान्ति प्रदान गरिनु पनि संक्रमणकालीन न्याय हो।

### ३.१. कानूनको शासनको स्थापना : दण्डहीनताको अन्त्य

दण्डहीनताको अन्त्य कानूनको शासनको पूर्ण पालनाद्वारा हुन्छ। यदि कानूनको शासनलाई अंगीकार नगर्ने हो भने विकृति र विसंगतिले जरा फैलाउँदै जान्छन। जसको परिणाम हामीले विगतमा भोगिसकेका छौं र भोग्दै पनि आइरहेका छौं। जनताले न्याय तबमात्र पाउँछन्, जब देशमा कानूनको शासन विद्यमान हुन्छ। कानूनको शासन भित्र जनता जो मारमा परेका छन विना भेदभाव कानूनी संरक्षण पाउनु पर्दछ। विभेदकारी कानूनहरू छन भने त्यसको संशोधन गरिनु अत्यावश्यक हुन्छ। देश परिवर्तको संघारमा रहेको अवस्थामा जनताले अपेक्षा गरे अनुसार विधिको शासन भएन भने अराजकता फैलने सम्भावना हुन्छ। यस अवस्थामा प्रतिगामी समूहहरू बढी सक्रिय हुने खतरा रहन्छ। वर्तमान अवस्थाकै कुरा गर्ने हो भनेपनि अपराधिक समूहहरू दिनहुँ सक्रिय भैरहेका छन। सरकारले महानगरीय प्रहरी खटाएर जनतालाई सुरक्षा दिने बताए पनि सो अनुसार कार्यान्वयन हुन सकेको छैन। अपराधिक क्रियाकलापहरू बढ्दै गएका छन।

०६३ साउन ९ गते प्रतिनिधि सभाको बैठकबाट सर्वसम्मतले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनका लागि प्रस्ताव पारित गरेको थियो। तत्कालीन परराष्ट्र मन्त्री केपी शर्मा ओलीले दण्डहीनता अन्त्य गर्न सरकारले अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधान अनुमोदन प्रक्रिया शुरु गर्ने जानकारी

गराएका थिए।[३४] तर हालसम्म उक्त विधान अनुमोदन भएको छैन। बहुमतले पारित गरेको प्रस्ताव सरकारले कार्यान्वयन नगरेको अवस्थामा संसदबाट सरकारलाई पुन: घच्घच्याउने काम भने भएको छैन। महिला बिरूद्ध हुने सबैखाले भेदमाव उन्मूलन सम्बन्धि महासन्धिको इच्छाधीन आलेखको धारा ८ र ९ मा आरक्षण राखी सरकारले भर्खर उक्त आलेख अनुमोदन गरेको छ। उक्त धाराहरूमा राष्ट्रिय स्तरमा महिला मानवअधिकारको गम्भीर र चरणबद्ध उल्लंघन भएको स्थितिमा महिला महासन्धि अन्तर्गतको समितिले जाँचबुझ गर्न पाउने कार्यविधिको व्यवस्था गरेको छ।

रायमाझी आयोगले आफ्नो प्रतिवेदनमा दुई सय दुईजनालाई जनआन्दोलनका दोषी ठहऱ्याई कारबाहीका लागि सरकारलाई सिफारिश गरेको थियो। रायमाझी आयोगको प्रतिवेदन अनुरुप कारबाहीका लागि अख्तियार दुरुपयोग तथा अनुसन्धान आयोगलाई जिम्मा लगाइएको छ। मानवअधिकार र मानवीय कानूनको उल्लंघनलाई भ्रष्टाचारमा लगेर गाभिएको छ। जनआन्दोलनमा जनताउपर दमन गर्नका लागि राज्यकोष सिद्ध्याउनेहरू कसरी भ्रष्टाचारी हुन्छन कसैले बुझ्न सकेका छैनन। सरकारको यस्तो कार्यले अपराधीहरूले आफूले गरेको अपराध पनि स्वीकार नगर्ने अवस्था श्रृजना नहोला भन्न सकिन्न। सिधै सर्वोच्च अदालतमा मुद्दा लैजानुपर्नेमा अख्तियारलाई जिम्मा लगाइएको छ। सरकारले उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्नका लागि ०६३ मंसिर ११ गते तत्कालिन उपप्रधानमन्त्री केपी शर्मा ओलीको संयोजकत्वमा पाँचजनाको उच्चस्तरीय समिति गठन गरेको थियो।[३५] यतिखेर आएर तत्कालिन उपप्रधानमन्त्री केपी शर्मा ओली रायमाझी आयोगको प्रतिवेदनमा राजालाई कारबाही नगर्ने उल्लेख गरिएको बताइरहेका छन्। त्यसैगरी नेकपा (एमाले)का केन्द्रीय सदस्य पूर्व नागरिक उड्डयन तथा पर्यटन मन्त्री प्रदिप ज्ञवालीले पनि रायमाझी अयोगले राजालाई स्पष्टरुपले कारबाहीका लागि सिफारिस नगरेकाले तत्कालीन सरकारले कारबाही गर्न नसकेको बताएका छन्। पूर्वमन्त्री ज्ञवालीले जनआन्दोलनलाई दवाउन गोली हान्न आदेश दिनेलाई कुनै कारबाहीको सिफारिश नगर्ने तर गोली हान्ने तल्लो तहका सिपाहीलाई भने तत्काल निलम्बन गरी ज्यान मुद्दामा कारबाही चलाउन सिफारिश गर्नुले पनि कार्यान्वयनमा अन्योल भएको वताएका छन्।[३६] रायमाझी अयोगको प्रतिवेदन सार्वजनिक नगरिनुले पनि जनतामा अन्योल बढेर गएको छ। विगतमा बनेका आयोगका प्रतिवेदन अनुसार कारबाही प्रक्रिया अगाडि नबढाउँदा जसरी प्रतिगामी तत्वहरूले टाउको उठाए, त्यहि स्थिति फेरी नदोहोरिएला भन्न सकिन्न। आयोग बन्ने प्रतिवेदन तयार हुने, प्रतिवेदनमा अनुसन्धान र कारबाहीका लागि गरिएको सिफारिश प्रक्रिया अपूर्ण हुने हो भने यस्ता आयोगको औचित्य नै के रहन्छ र? यसले पीडितहरुप्रति अवहेलना तथा वितृष्णा उत्पन्न गर्ने सिवाय अन्य केही काम गर्न सक्दैन। रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक गरिदिने हो भने जनताले यसमा के उल्लेख गरिएको छ आफै थाहा पाउने थिए। सरकारले उक्त प्रतिवेदन किन सार्वजनिक गर्न नसकेको हो ?। फेरी कारबाही गर्नका लागि त प्रतिवेदनमा उल्लेख गरिए अनुसारको अपराध नै काफी हुँदैन र ?

मानवअधिकार तथा संसदीय समितिले पूर्व सांसद हेमनारायण यादवको हत्याको अध्ययन प्रतिवेदन सरकारलाई हस्तान्तरण गरिसकेको छ। तर त्यसमा संलग्न देखिएका दोषीहरू को हुन र उनीहरु उपर के कस्तो कारबाहीका लागि सिफारिस गरिएको छ जनताले हालसम्म जान्न पाएका छैनन भने प्रतिवेदन अनुसार केकस्तो

**लोकतन्त्र स्थापना भएको एक वर्ष भन्दा बढि वितिसकेको छ, तर सरकारले हालसम्म पनि राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरु नियुक्त गर्न सकेको छैन। राष्ट्रिय मानवअधिकार आयोगका सदस्यहरुको नियुक्ति नहुँदा मानवअधिकार स्थितिको अनुगमनमा अवरोधहरु देखिएका छन्। संक्रमणकालीन न्यायका लागि राष्ट्रिय मानवअधिकार आयोगको महत्वपूर्ण भूमिका रहने हुँदा अविलम्ब राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरुको नियुक्ति गरिनुपर्दछ।**

## राष्ट्रिय शान्ति तथा पुन:स्थापना आयोग

नेपाल सरकार र नेकपा माओवादीवीच सम्पन्न विस्तृत शान्ति सम्झौतामा दुवै पक्ष स्थिति सामान्यीकरणका उपायहरू अपनाउन राष्ट्रिय शान्ति तथा पुन:स्थापना आयोग गठन गर्न सहमत भएका थिए। विस्तृत शान्ति सम्झौताको स्थिति ५.२ को स्थिति सामान्यीकरणका उपायहरु अन्तर्गत बुँदा नं ५.२.४ मा दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरुका लागि राहत कार्य र पुर्नस्थापन गराउन राष्ट्रिय शान्ति तथा पुर्नस्थापना आयोग गठन गर्न र त्यसमार्फत् यससम्बन्धी काम अगाडि बढाउन सहमत भएका छन् भन्ने कुरा उल्लेख गरिएको छ। तर हालसम्म उक्त आयोग बनाउने सम्बन्धमा सरकारको कुनै पहल भएको जानकारीमा आएको छैन।

---

३४ मानवअधिकार वर्षपुस्तक २००७, व्यवस्थापिका र मानवअधिकार, पृ. १२२

३५ रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयन गर्न सभामुखलाई ज्ञापन पत्र www.inseconline.org. accessed on January 15 2007

३६ रायमाझी आयोगले राजालाई कारावाहीको सिफारिश दिएन:ज्ञवाली, गोरखापत्र, ०६४ जेठ १२,पृ.१

कारबाही प्रक्रिया अगाडि बढाइएको छ कसैको जानकारीमा आएको छैन।

राष्ट्रियस्तरमा कागजीरुपमा मानवअधिकारको रक्षाकालागि जति सम्झौताहरू भएपनि व्यवहारिक रुपमा दण्डहीनताको अन्त्यकालागि कुनै पनि कार्यहरू सरकारले अगाडि बढाएको छैन। यसले पीडकहरूलाई अझै अपराध अगाडि बढाउन प्रोत्साहन गर्दछ।

**इन्सेकले वैशाख ११ गते सार्वजनिक गरेको एक प्रतिवेदनमा भनिएको छ नेकपा (माओवादी) बाट विगतको द्वन्द्वका क्रममा विस्थापित भएकाहरूलाई घर फर्कने क्रममा आफ्ना कार्यकर्ताहरूबाट कुनै पनि अवरोध सिर्जना नगरिने जनाइयो । तर विस्थापितहरूमाथि हालसम्म पनि माओवादी कार्यकर्ताहरूबाट ज्यादतीका घटना भइरहेको जानकारी देशका विभिन्न भागहरूबाट आएका छन् । यसक्रममा घरजग्गा कब्जा गर्ने, घर फर्केका विस्थापितहरूलाई पुन:विस्थापित बनाउने, उनीहरूको घरजग्गा तथा सम्पत्तिहरू फिर्ता नगर्ने, पुन:स्थापितहरूलाई कुटपिट गर्ने, पुन:स्थापितहरूको घर भत्काइदिने गरेकोसमेत पाइएको छ ।**

### ३.२ आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको पूर्ण प्रत्याभूति

संक्रमणकालीन अवस्थामा जनताका आधारभूत अधिकारहरुलाई सरकारले प्रत्याभूत गराउन सक्नुपर्दछ। संक्रमणकालीन न्यायमा प्राय नागरिक तथा राजनीतिक अधिकारको उल्लंघनलाई मात्रै बढी प्राथमिकता दिने गरिएको पाइन्छ। हत्या, यातना, गिरफ्तारीजस्ता घटनाहरूले बढी प्राथमिकता पाउने गरेका छन। सशस्त्र द्वन्द्वका क्रममा आर्थिक शोषणमा परेकाहरू जस्तै चन्दा पीडितहरू, अचल सम्पत्तिहरू जग्गा तथा घर कब्जा तथा ध्वस्तलगायतका विषयमा बढी चर्चा हुने गर्दैन। यसबाट पीडितहरूले पनि उक्तिकै रुपमा प्राथमिकता पाउनु पर्दछ। भेदभाव तथा शोषण सँग सम्बन्धित घटनाहरूलाई पनि संबोधन गर्दै न्याय प्रदान गरिनु पर्दछ। सशस्त्र द्वन्द्वका क्रममा हजारौ जनता शिक्षाबाट वञ्चित हुनु पर्‍यो। विभिन्न डर त्रास, धम्की तथा आक्रमणका कारण कतिपय विद्यालयहरू बन्द भएका थिए। जसका कारण बीचमै पढाई अवरुद्ध भएको थियो। त्यसलाई सूचारू गरिनु पर्दछ। द्वन्द्वका क्रममा घरको मुली गुमाएकाकारण आर्थिक अवस्था कमजोर हुनपुगेका कारण बीचैमा विद्यालय छोडेने गरेको पनि पाइएको थियो। त्यस्ता खालका पीडितहरूलाई पनि आर्थिक अनुदान दिएर नि:शुल्क शिक्षाका लागि राज्यले पहल गर्नु पर्दछ।

### ३.३ क्षतिपूर्ति, पुनःस्थापना तथा पुर्नमिलन

संक्रमणकालीन अवस्थामा हिंसात्मक द्वन्द्वका क्रममा भएका संरचनागत क्षतिको पुन:संरचना र विस्थापित व्यक्तिहरूको पुर्नस्थापना तथा पुनर्मिलनको सवालले पनि उत्तिकै महत्व राख्दछ। विगतमा सशस्त्र द्वन्द्वका कारण क्षतिग्रस्त भएका भौतिक संरचनाहरू जुन ग्रामीण समूदायका दैनन्दिनी प्रत्यक्ष सरोकार राख्दछन, त्यस्ता वस्तुको पुन:निर्माण प्रक्रिया अविलम्ब आरम्भ गरिनु पर्दछ। जनताले यसको आवश्यकता प्रमुख रूपमा महसुस गरेका छन्। सशस्त्र द्वन्द्वका कारण शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चारलगायतका समस्या खेपीरहेका जनताले अहिले पनि त्यो सुविधाबाट वञ्चित हुने स्थिति राज्यले सृजना गर्नु हुँदैन। अन्यथा विद्रोहका अन्य स्वरहरू नचर्केला भन्न सकिन्न। विस्थापितहरूको उचित व्यवस्थापन हालसम्म हुन सकेको छैन। विस्थापितहरूको पुर्नस्थापनाका लागि राष्ट्रिय नीति बनिसकेको छ तर स्वयं विस्थापितहरुलाई उनीहरुका सम्बन्धमा केकस्तो नीति बनेको छ भन्ने थाहा भएको छैन। शान्ति सम्झौतामा दुवै पक्ष राष्ट्रिय शान्ति तथा पुर्नस्थापना आयोग गठन गर्ने सहमत भएपनि[१७] प्रक्रियाहरू अगाडि बढाइएका छैनन्। जनआन्दोलन २ पछि सरकार र सदनमा प्रतिनिधित्व गरिरहेको नेकपा माओवादीमा विस्थापितहरूको पुर्नस्थापनाको सवालमा नकारात्मक दृष्टिकोण देखियो। उनीहरूका गतिविधिले नै यसलाई सावित गर्दछ। इन्सेकले वैशाख ११ गते सार्वजनिक गरेको एक प्रतिवेदनमा भनिएको छ नेकपा (माओवादी) बाट विगतको द्वन्द्वका क्रममा विस्थापित भएकाहरूलाई घर फर्कने क्रममा आफ्ना कार्यकर्ताहरूबाट कुनै पनि अवरोध सिर्जना नगरिने जनाइयो। तर विस्थापितहरूमाथि हालसम्म पनि माओवादी कार्यकर्ताहरूबाट ज्यादतीका घटना भइरहेको जानकारी देशका विभिन्न भागहरूबाट आएका छन्। यसक्रममा घरजग्गा कब्जा गर्ने, घर फर्केका विस्थापितहरूलाई पुन:विस्थापित बनाउने, उनीहरूको घरजग्गा तथा सम्पत्तिहरू फिर्ता नगर्ने, पुन:स्थापितहरूलाई कुटपिट गर्ने, पुन:स्थापितहरूको घर भत्काइदिने गरेकोसमेत पाइएको छ।

### ३.४ संरचनागत हिंसाको अन्त्यको प्रयास

जरो गाडेर रहेका संरचनागत समस्याहरूहरू पनि संक्रमणकालीन अवस्थामा सम्बोधन गरिनु पर्दछ। विगतमा देखिएका असमानता र अर्न्तविरोधलगायत अन्य संरचनागत हिंसालाई द्वन्द्वको मूल कारण मानिन्छ। यदि अर्को सशस्त्र विद्रोहको जन्म हुन नदिनेहो भने यो सवालमा सरकार विशेष संवेदनशील हुन अति आवश्यक छ। आफ्ना क्रियाकलापहरूमार्फत उपेक्षित र उत्पीडित समूदायलाई उनिहरूका आधारभूत आवश्यकताका वस्तुहरूको परिपूर्ति गराउन नीतिहरू अवलम्बन गरिनु पर्ने आवश्यकता खड्किएको छ। सरकार नागरिकका आर्थिक, सामाथिक तथा सांस्कृतिक अधिकारहरूको

१७ नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी(माओवादी)बीच भएको विस्तृत शान्ति सम्झौता २०६३, शान्ति समिति, पृ.१५

परिपूर्ति गर्ने तर्फ अग्रसर हुन जरुरी छ। वर्तमान सरकारले नागरिक तथा राजनीतिक अधिकारको प्रयोग गर्दै आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको प्रत्याभूति गराउने तर्फ लाग्नु पर्ने टड्कारो आवश्यकता देखिएको छ। जबसम्म मानिसको गाँस बास तथा कपास जस्ता आधारभूत अधिकारहरूको प्रत्याभूति हुँदैन तबसम्म उनीहरूका अगाडि नागरिक तथा राजनीतिक अधिकारले त्यति महत्व राख्दैन।

### ३.५ समावेशी राज्यको स्थापना

लोकतन्त्रको पुन:स्थापनासँगै बनेको लोकतान्त्रिक सरकारले समावेशी राज्यको नीति अवलम्बन गर्ने त भन्यो तर व्यवहारमा त्यसको सहि रूपान्तरण देखिएन। नीति बनाइने तर त्यसलाई लागू गर्न फेरी पनि आन्दोलन नै गर्नुपर्ने हो भने लोकतान्त्रिक सरकारको औचित्य रहला र ? विगतमा भएका आफ्ना कमीकमजोरीहरूबाट पाठ सिकेर अब पनि त्यसलाई सच्याउँदै नलैजाने हो भने लोकतन्त्र पुन: खतरामा पर्न सक्दछ।

### ३.६ संविधान निर्माण तथा कानूनी सुधार

संवैधानिक परिवर्तन संक्रमणकालीन न्यायको अर्को प्रमुख आधार हो। हाल देशमा अन्तरिम संविधान बनाइएको छ। अन्तरिम संविधानमार्फत जनताका मानवअधिकारलाई मौलिक हकअन्तर्गत विस्तृत रुपमा प्रत्याभूत गर्ने प्रयत्न गरिएको छ। तर मानवताविरोधी अपराधमा संलग्न हुनेहरूलाई लोकतान्त्रिक सरकार र जनतामा अन्याय भएको छ भन्ने माओवादी पक्षले पनि उन्मुक्ति दिने प्रयास गरीरहेका छन्। अन्तरिम संविधानले देशका सम्पूर्ण जाती र वर्गका समूदायका सवाललाई समेट्न नसकेका कारण पूर्वी तराईमा देखिएको मधेशीको सवाल चर्किंदै गएको छ। मधेशी समुदायको नेपालको राजनीतिक व्यवस्थामा आफ्नो उचित स्थान हुनुपर्ने माग जायज छ। संघीय राज्यको अवधारणा र

**नेपालमा निरंकुश शासन र सशस्त्र द्वन्द्वको अन्त्यपछि जनताले आशा गरेको भनेको उनीहरुसाग प्रत्यक्ष सरोकार राख्ने वस्तुहरुको शान्तिपूर्ण रुपमा उपभोग हो । द्वन्द्वको क्रममा मानवीय र भौतिक क्षति व्यहोरेका पीडितहरु तथा उनीहरुका परिवारले अपेक्षा गरेको भनेको न्याय हो । यसलाई वर्तमान सरकारले प्रमुख लक्ष बनाएर अगाडि बढ्नुपर्दछ ।**

जनसँख्याको आधारमा निर्वाचन क्षेत्रहरू तोकिनुपर्ने कुरामा यसको व्यवहारिक पक्षको विश्लेषण गरी ती समस्यालाई समाधानको विन्दुमा पुऱ्याउनु अहिले राज्यको प्रमुख दायित्व भएको छ। राज्यले यसलाई शान्तिपूर्ण वार्ताको माध्यमबाट निकास खोज्ने प्रयत्न गर्नुपर्दछ। अन्यथा प्रतिगामी तत्वहरूले टाउको उठाउने मौका पाउनेछन्। अब बन्ने कानून र संविधानमा सम्पूर्ण जनताका सवाल र भावनालाई आत्मसात गर्दै नजाने हो भने लोकतान्त्रिक सरकारको अवधारणाको औचित्व समाप्त हुन समय लाग्ने छैन। संक्रमणकालीन अवस्थामा अपूर्ण देखिएका कानूनहरूमा सुधार गर्दै सोही अनुरुप काम कारबाही अगाडि बढाइनु पर्दछ। यसतर्फ लोकतान्त्रिक सरकारले कुनै पाइला चालेको भने देखिएन।

### ३.७ प्रतिवद्धताहरूको परिपालना

शान्ति स्थापनाकालागि भएका वार्ताहरूमै यो वर्ष बढी केन्द्रित भयो र वार्तावाट निकालिएका निष्कर्ष र सम्झौताहरूलाई व्यवहारमा अनुदित गर्नेतर्फ सरकार माओवादी दुवै पक्ष तत्पर देखिएनन्। यस्तै अवस्था आगामी वर्षमा पनि यथावत रहने हो भने अरु संघर्ष हुने निश्चित छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा गरिएका मानवअधिकारप्रतिको दायित्व तथा प्रतिज्ञाहरूको प्रत्याभूति गर्ने तर्फ सरकार अग्रसर हुनुपर्दछ। मानवअधिकारको संस्कृतिलाई बचाइराख्नकालागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियय प्रतिज्ञाहरूको निरन्तरको परिपालना हुनुपर्दछ। देशले भोगिरहेको समस्याको निराकरणकालागि जवाफदेहिताको वातावरण राज्यले तयार गर्नु पर्दछ। जबसम्म राज्य संचालकहरू जवाफदेही हुँदैनन, दण्डहीनताको अन्त्य हुनसक्दैन। लोकतान्त्रिक सरकारको आधार जवाफदेहितामा निर्भर हुनुपर्दछ। अनिमात्र लोकतान्त्रिक सरकार सार्थकसिद्ध हुन्छ।

### ३.८ राजनीतिक असन्तुलन तथा खिचातानीको अन्त्य

देशमा राजनीतिक अस्थिरता उत्पन्न हुने स्थिति नै राजनीतिक दलहरू बीच बेला बेला उत्पन्न हुने गरेको खिचातानी हो। सबै दलहरू राष्ट्रिय मुद्दामा सहमत हुनसकेमा मात्रै असन्तुलन कम हुन्छ। एक अर्का प्रति लगाइने आक्षेपलाई अवको अवस्थामा अन्त्य गर्ने प्रयास गर्नुपर्दछ। दलहरूबीच नयाँ राष्ट्र निर्माण गर्ने प्रतिवद्धताप्रति ऐक्यबद्ध हुनुपर्दछ अनि मात्र देशले विकासको गति लिन सक्दछ। २०४६ सालमा प्राप्त प्रजातन्त्रले गति लिन नसकेको कारण राजनीतिक नेताहरूको खिंचातानी र सत्ता प्राप्त गर्ने होड नै थियो। यो होड अब देखिनु हुँदैन। सत्ता प्राप्ती मात्रै आफ्नो उद्देश्य हो भन्ने दलहरूले कुनैपनि हालतमा सोच्नु हुँदैन। जनताको आन्दोलनबाट प्राप्त प्रजातन्त्रलाई टिकाउन जनताको समस्या नै हल गर्ने तिर लाग्नु पर्दछ, दलगत होइन।

## ४. संक्रमणकालीन न्यायका चुनौतिहरू

संक्रमणकालीन न्यायको चुनौति यसको लक्षसँग जोडिएको हुन्छ। वर्तमान अवस्थामा संक्रमणकालीन न्याय प्राप्त गर्ने जुन संयन्त्र र प्रक्रियाहरु छन त्यसको गठन र कारबाही प्रक्रिया नै चुनौति बनेको छ। पीडितहरुलाई न्याय प्रदान गर्ने कुरा सरकारले प्राथमिकताकासाथ अगाडि बढाएको छैन। यस बाहेक सत्यको पहिचान

**जाँचबुझ आयोग ऐनमा संसोधन गर्दै त्यसअन्तर्गत सत्य निरूपण तथा मेलमिलाप आयोग बनाइनु पर्दछ । सरकार आयोग गठन गर्ने सम्बन्धमा संवेदनशील देखिएको छैन भने सरकारमा सामेल भएको नेकपा माओवादीका नेताहरू भने यसको कुरै उठाउन चाहँदैनन । यसरी संक्रमणकालीन न्यायको स्थापनाको दिशामा उल्लेखनीय र सोचेअनुरुप काम हुन सकेको छैन ।**

**लोकतन्त्रको पुनर्स्थापनासागै बनेको लोकतान्त्रिक सरकारले समावेशी राज्यको नीति अवलम्बन गर्ने त भन्यो तर व्यवहारमा त्यसको सहि रूपान्तरण देखिएन । नीति बनाइने तर त्यसलाई लागू गर्न फेरी पनि आन्दोलन नै गर्नुपर्ने हो भने लोकतान्त्रिक सरकारको औचित्य रहला र ? विगतमा भएका आफ्ना कमीकमजोरीहरूबाट पाठ सिकेर अव पनि त्यसलाई सच्याउादै नलैजाने हो भने लोकतन्त्र पुनः खतरामा पर्न सक्दछ ।**

गर्ने अर्को चुनौतिको रुपमा खडा भएको छ। दण्डहीनताको अन्त्य र कानूनको शासनको स्थापना पनि संक्रमणकालीन न्यायको चुनौति हो। विभिन्न आयोगहरु बन्ने तर ती आयोग अनुसार कारबाही प्रक्रिया अगाडि नबढाइएको सन्दर्भमा पीडितहरूलाई कसरी पहिचान गर्ने, माथिल्ला तहका अधिकृतहरूलाई कारबाही गरिने कि नगरिने, अनुसन्धानबाट देखिएका दोषीहरूलाई कारबाही प्रक्रिया अगाडि बढाउने कि नबढाउने भन्ने सवाल पनि चुनौतिका रुपमा खडा भएका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा गठन गरिएका विभिन्न यस्ता आयोगहरूले सार्वजनिक गरेको प्रतिवेदनका आधारमा पूर्ण रुपमा कारबाही प्रक्रियाहरू अगाडि बढाइएका छैनन्। यसका साथै क्षतिपूर्ति, पूर्पक्ष र संस्थागत सुधारका लागि पर्याप्त श्रोत चुनौतिको विषय हो। यसैगरी मानवअधिकार उल्लंघनका प्रमुख जिम्मेवार व्यक्तिहरूलाई कसरी जवाफदेही बनाउने भन्ने सवाल पनि संक्रमणकालीन न्यायका चुनौति हुन।

### ५. निष्कर्ष तथा सुझावहरू

नेपालमा निरंकुश शासन र सशस्त्र द्वन्द्वको अन्त्यपछि जनताले आशा गरेको भनेको उनीहरुसँग प्रत्यक्ष सरोकार राख्ने वस्तुहरुको शान्तिपूर्ण रुपमा उपभोग हो। द्वन्द्वको क्रममा मानवीय र भौतिक क्षति व्यहोरेका पीडितहरु तथा उनीहरुका परिवारले अपेक्षा गरेको भनेको न्याय हो। यसलाई वर्तमान सरकारले प्रमुख लक्ष बनाएर अगाडि बढ्नु पर्दछ। कागजी रुपमा सम्झौता र कानून बनाएर मात्रै हुँदैन त्यसको व्यवहारीक रुप नै बढि उपयोगी तथा सार्थक सिद्ध हुन्छ। तर जनताको अधिकार प्रत्याभूत गराउने तर्फ लोकतान्त्रिक सरकार सचेत देखिएन। अहिले पनि विगतमा झैं सत्ता र राजनीतिक क्रियाकलाप मै राज्य बढि केन्द्रित भएको देखिएको छ। पीडित तथा पीडितका परिवारहरु राजधानी आएर विभिन्न मन्त्रालय घेर्दा समेत उनीहरुले न राहत पाउन सकेका छन् न त न्याय नै। पीडित तथा पीडितका परिवारप्रति सरकारी उदासिनता बढ्दै गएको छ। यसले संक्रमणकालीन न्यायको परिभाषालाई उपहास गर्दछ।

संक्रमणकालीन अवस्थामा बढ्दै गएका मतभेदहरुबाट उत्पन्न तनाव तथा अपराधिक कृयाकलापहरुलाई सरकारले रोक्न सकेको छैन। यस्ता गतिविधिबाट भैरहेको असुरक्षाको वातावरणबाट जनतालाई मुक्त गर्न सकेको छैन। नेपालको पूर्वी तथा मध्य तराईमा भएका हिंसाका दोषी उपर खोजवीन गरी कारबाही समेत चलाइएको छैन। भर्खरै सरकारले पूर्वी तराईमा भएको धनजनको विनाशको खोजवीनका लागि एक आयोग गठन गरेको छ। आशा गरौ उक्त आयोगको खोजविनबाट देखिएका दोषीउपर सरकारले कारबाही प्रक्रिया अगाडि बढाई दण्डहीनताको अन्त्य गर्नेछ।

#### ५.१ संक्रमणकालीन न्यायः तत्काल चालिनु पर्ने कदम :

संक्रमणकालीन न्याय भनेको विगतका मानवअधिकार उल्लंघनलाई उजागर गर्दै पीडितहरुलाई न्याय प्रदान गर्नु हो। यसका लागि सरकारले अविलम्ब सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिनु पर्दछ। सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका व्यक्ति तथा परिवारहरुले शान्तिपूर्ण रुपमा अझै आफ्नो थातथलोमा फर्कन पाएका छैनन। माओवादी कार्यकर्ताहरूले अझै पनि विभिन्न वहानामा उनीहरुलाई दु:ख दिने र पुन:विस्थापित बनाउने कार्य छोडेका छैनन। शान्ति सम्झौतामा उल्लेख गरिए अनुसार अविलम्ब शान्ति तथा पुर्नस्थापना आयोग गठन गरि यस्ता समस्याहरु हल गरिनु अत्यन्त आवश्यक देखिएको छ। यसको गठनका लागि विभिन्न संघसंस्थाहरु जो यस क्षेत्रमा काम गरीरहेका छन उनीहरुको दवाव आवश्यक देखिएको छ। सरकारले आन्तरिक रुपमा विस्थापितहरूका सम्बन्धमा जारी गरेको राष्ट्रिय नीतिलाई तत्काल लागू गरी विस्थापितहरुको समस्या समाधान गरिनु पर्दछ। लोकतन्त्र स्थापना भएको एक वर्ष भन्दा बढि वितिसकेको छ तर सरकारले हालसम्म पनि राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरु नियुक्त गर्न सकेको छैन। राष्ट्रिय मानवअधिकार आयोगका सदस्यहरुको नियुक्ति नहुँदा मानवअधिकार स्थितिको अनुगमनमा अवरोधहरु देखिएका छन। संक्रमणकालीन न्यायका लागि राष्ट्रिय मानवअधिकार आयोगको महत्वपूर्ण भूमिका रहने हुँदा अविलम्ब राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरुको नियुक्ति गरिनु पर्दछ। वर्षौदेखि चलिआएको दण्डहीनताको संस्कृतिको अन्त्यका लागि सरकारले मानवअधिकार उल्लंघनमा दोषी देखिएकाहरु विरुद्ध कारबाही प्रक्रिया अगाडि बढाउनु पर्दछ।

रायमाझी आयोगले दोषी ठहऱ्याएकाहरु उपर अख्तियारबाट भन्दा पनि सर्वोच्च न्यायालयबाट कारबाही प्रक्रिया अगाडि बढाइनु पर्दछ। नेकपा माओवादी र सरकारबीच सम्पन्न विस्तृत सम्झौता अनुरूप भएका सहमतिहरुलाई व्यवहारिक रूप दिइनु पर्दछ। तराइमा देखिएको समस्यालाई वार्ताका माध्यमबाट दीर्घकालीन समाधानको बाटो खोजिनु पर्दछ। यसका साथै विभिन्न सिमान्तकृत समूहले उठाएका उनीहरुको अधिकारको सवाललाई सम्मान गर्दै सरकारले उनीहरुको प्रतिनिधित्वलाई राष्ट्रिय स्तरमै स्वीकार गरी व्यवहारिक धरातलमा रूपान्तरित गरिनु पर्ने देखिएको छ। यसैगरी संसद विधायिका सञ्चालनमा देखिएका अवरोधहरुलाई तत्काल समाधान गरी संसदमा अलपत्र अवस्थामा रहेका कानूनहरुको अनुमोदन प्रक्रियालाई सुचारु गरिनु पर्दछ।

# संक्रमणकालीन न्याय: नेपालमा स्वीकार्य प्रावधान र कार्यान्वयनका चुनौतिहरू

सुशील प्याकुरेल

**संक्रमणकालीन न्यायले, हत्या, यातना, बलात्कार जस्ता जघन्य र फौजदारी प्रकृतिका अपराधको छानवीनको साथै आर्थिक, सामाजिक, सांस्कृतिक विभेदहरूको कारणहरु पहिल्याई "उत्पीडित व्यक्ति" केन्द्रित न्याय निरूपणको लागि काम गर्नुपर्दछ ।**

हिंसात्मक द्वन्द्व वा तानाशाही शासन प्रणालीको अन्त्य पछि लोकतान्त्रिक व्यवस्थाको विकास तथा सुदृढिकरणको लागि संक्रमणकालीन अवस्थामा विगतमा भए गरेका मानवअधिकार ज्यादतीहरुको सम्वोधनका साथ न्यायपूर्ण समाजको निर्माणको लागि अपनाइने प्रक्रियालाई नै संक्रमणकालीन न्याय भनिन्छ। राजनीतिक परिवर्तन पछि विगतमा भएका मानवअधिकार उल्लंघन तथा ज्यादती प्रतिको जवाफदेहिता स्थापित गर्न नसकिएमा र ज्यादतीको पुनरावृत्ति हुन रोक नलगाइएमा शान्तिले स्थायित्व ग्रहण गर्न सक्दैन। यस्तो अवस्थामा जनताले लोकतान्त्रिक अधिकारहरू पुन: गुमाउने सम्भावना रहिरहन्छ।


संक्रमणकालमा जनताले विगतको पीडा, वर्तमानको सहयात्रा र भविष्यको दिगोशान्तिका आधारहरु निर्माण गर्नुपर्ने चुनौति व्यहोर्नु पर्छ र त्यसै चुनौतिलाई सम्वोधन गर्न संक्रमणकालीन न्यायको व्यवस्था गरिन्छ। त्यसैले संक्रमणकालीन न्याय मात्र "फौजदारी न्याय" होइन। न्याय निरूपणका लागि अन्य प्रक्रिया पनि अवलम्वन गरिएको पाइन्छ। संक्रमणकालीन न्याय अपराधीलाई सजाय दिने मात्र नभएर पीडित केन्द्रित हुने र फौजदारी सजायको सिद्धान्तमा मात्र सिमित नरहने भएकोलेनै संक्रमणकालीन न्याय भिन्न प्रकृतिको भएको हो।

**१. संक्रमणकालीन न्यायको सिद्धान्त**

संक्रमणकालीन न्यायको सिद्धान्तले फौजदारी तथा सामाजिक न्याय दुवैलाई आत्मसात गरेको हुन्छ। निरंकुश सत्ता र सशस्त्र द्वन्द्वको को आधार जनताको प्रत्यक्ष दमन मात्र हुँदैन उसले जनताका आर्थिक-सामाजिक-सांस्कृतिक अधिकारहरुको पनि उल्लंघन गरेको हुन्छ त्यसैले संक्रमणकालीन न्याय पद्धती मानवअधिकार र मानवीय सिद्धान्तमा आधारित हुन्छ। संक्रमणकालीन न्यायले, हत्या, यातना, बलात्कार जस्ता जघन्य र फौजदारी प्रकृतिका अपराधको छानवीनको साथै आर्थिक, सामाजिक, सांस्कृतिक विभेदहरूको कारणहरु पहिल्याई "उत्पीडित व्यक्ति" केन्द्रित न्याय निरूपणको लागि काम गर्नुपर्दछ। समग्रमा नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संक्रमणकालीन न्यायको क्षेत्राधिकार भित्र पर्दछ। उत्पीडित केन्द्रित न्याय प्रणाली भन्ना साथै उत्पीडित व्यक्ति वा समुदायले आफूमाथि उत्पीडन गर्नेको पहिचान र कसरी उत्पीडन गरियो भन्ने सत्य थाहा पाउने उसको अधिकारको प्रत्याभूति हो। त्यसैले संक्रमणकालीन न्याय निरूपणको पहिलो आधार भनेको न्यायको सुनिश्चितताको साथ सत्य पत्ता लगाइ समाजको पुन:संरचना गरिनु हो।

संक्रमणकालको चुनौति भनेको पुरानो व्यवस्थाले सिर्जना गरेको मानवअधिकार उलंघनको सम्वोधन, विभेदको अन्त्य र उत्पीडित समुदायको लागि न्यायको अनुभुति हुने समाजको पुन:संरचना हो। त्यसैले विगतको शासन व्यवस्थाका जनविरोधी नीतिहरूले गर्दा पनि जनताले विभेद र उत्पीडन भोग्नु परेको हुन्छ। यस्तो उत्पीडनको लागि सवैलाई दण्ड सजाय मात्र दिएर समाजमा सहकार्य हुन सक्दैन। तसर्थ सत्य अन्वेषण पछि न्यायको आधारमा समाजमा मेलमिलाप कायम गर्नु संक्रमणकालीन न्यायको दोश्रो आधार हो।

विश्वका विभिन्न मुलुकमा संक्रमणकालीन न्यायको लागि "सत्य तथा मेलमिलाप" आयोगहरुको गठन गरिएको र



मुलुक अनुसार तीनको क्षेत्राधिकार पनि तोकिएको पाइन्छ। सत्य अन्वेषणका लागि पनि निश्चित अवधि भित्र वा निश्चित प्रकारका ज्यादती मात्र तोकी क्षेत्राधिकार निर्धारण गरेको पाइन्छ। नेपालको राजनीतिक परिवर्तनको इतिहास हेर्ने हो भने २००७ सालको परिवर्तनलाई सत्ता साझेदारीमा मात्र सिमित राख्दै राणाहुकुमी शासनको अन्त्यमा पुऱ्याइयो, तर राणा शासनको १०४ वर्षे शासन कालमा भएका उत्पीडन र मानवअधिकार हननको सम्वोधन प्रति कुनै चासो नै देखाइएन। उत्पीडन र ज्यादती प्रतिको जवाफदेहिता किटान र उचित न्यायिक वा अन्य कुनै मान्य प्रक्रिया र संरचनाद्वारा त्यसको सम्वोधन हुन नसक्दा २०१७ देखि २०४६ सम्मको ३० वर्षे निरंकुश शाही शासनमा जनता उत्पीडित हुनुपऱ्यो।

विगतमा भएका ज्यादती वा उत्पीडन प्रतिको जवाफदेहिता किटान गर्न र तिनको न्यायपुर्ण निरुपणको लागि राष्ट्र र परिवेश अनुसार फरक-फरक प्रक्रिया र संयन्त्रको व्यवस्था गरिएको हुन्छ। तर सारांशमा भन्दा संक्रमणकालीन न्याय संयन्त्रहरु हुकुमी शासनबाट लोकतन्त्र तर्फ र सशस्त्र द्वन्द्वबाट शान्तितर्फको संक्रमण अनुभव गरिरहेका राष्ट्रिय सन्दर्भहरुमा प्रयोग गरिन्छ।[१]

२०४६ सालको जनआन्दोलन पछि ३० वर्ष शाहीकालका ज्यादतीहरु वारे छानवीन गरी दोषीलाई कारवाही को लागि जनस्तरबाट माग भएतापनि तत्कालिन "प्रजातान्त्रिक सरकार" ले जनआन्दोलनका क्रममा भएका ज्यादतीहरुको छानवीन गर्ने सीमित कार्यसीमासहितको "मल्लिक आयोग" गठन गऱ्यो। यो आयोगको दायरा मात्र सत्य अन्वेषणमा सीमित गऱ्यो अर्थात भर्खरै स्थापित सत्ताले पुरानो सत्ताबाट प्रतिरोधको सामना गर्न नपरोस भन्ने सोचबाट तत्कालिन नयाँ सत्ता निर्देशित थियो। ३० वर्षे शाही निरंकुश शासनकालका अन्याय ज्यादतीहरुको संरचनागत सम्वोधन हुन नसक्दा राष्ट्रले १० वर्षे हिंसा मात्रै हैन पुन: निरंकुश शाही शासनको पुनरावृत्ति भोग्नु पऱ्यो।

०६२/०६३ को जनआन्दोलनमा नेपाली जनतामा विगतका भोगाई र अन्तराष्ट्रिय अनुभवले गर्दा पनि विगतमा भए गरेका ज्यादती प्रतिको सम्वोधनको माग व्यापक रूपमा उठ्यो। जनताले ज्यादती वा मानवअधिकारको हननका कारक तत्वको रूपमा तत्कालिन राजनीतिक आर्थिक व्यवस्थालाई किटान मात्र गरेनन् समाजमा विद्यमान संरचनागत विभेदका मुद्दा पनि उजागर गरे र "नेपालको सबै क्षेत्रका संरचना" मा परिवर्तनको माग गरे। तर परिवर्तन पछि सत्तासीन वन्न पुगेका राजनीतिक दलहरूले नेपालले भोग्नु परेको समस्याको कारण राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विभेद हो भन्ने बुझेता पनि यसको सम्वोधनमा भने उदासीनताको स्थिति कायमै छ।

**२. नेपालमा स्वीकार्य प्रावधान र चुनौतिहरु**

परिवर्तित सन्दर्भमा नेपालमा विगतका ज्यादतीहरु पत्ता लगाउने र समाजमा मेलमिलाप गर्ने उद्देश्य राखी सात दल र नेकपा (माओवादी) वाट हस्ताक्षर गरिएको विस्तृत शान्ति सम्झौतामा "मानवता विरोधी अपराधमा संलग्न व्यक्तिहरुको वारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप अयोगको गठन गर्ने" उल्लेख गरिएको छ र यसै प्रावधानलाई अन्तरिम संविधानमा राज्यको नीतिनिर्देशक सिद्धान्तमा समावेश गरिएको छ।

धारा ३३ (ध), सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धका अपराधमा संलग्न व्यक्तिहरुको वारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्ने प्रावधान छ भने विस्तृत शान्ति सम्झौता- ५.२.५ : दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् )

सत्य निरूपण तथा मेलमिलाप आयोग गठनका लागि उल्लेख गरिएको यी भाषाहरुलाई हेर्दा शासनमा रहेका वर्तमान व्यक्तिहरूमा सत्य अन्वेषण नै मेलमिलापको आधार हो भन्ने सोचाईबाट निर्देशित भएको देखिन्छ। मानवता विरुद्धको अपराध भनेको संगीन फौजदारी कानून अनुसार कारबाही गर्नु राज्यको दायित्व हो भन्ने अन्तराष्ट्रिय मान्यता प्रचलनमा आइसकेको वर्तमान परिप्रेक्ष्यमा नेपालमा भने न्यायको कुनै पनि प्रावधान नराखिनु वा मानवता विरोधी अपराधमा संलग्न व्यक्तिको सजायवारे मौन वस्नुबाट जटील चुनौति उपस्थित गरेको छ।

नेपाल सामान्य रूपमा अन्यत्र मुलुकमा देखापरेका संक्रमणकालीन अवस्था भन्दा फरक स्थितिमा रहेको छ। नेकपा (माओवादी) ले जुन राजनीतिक शक्ति र व्यवस्थाका विरुद्ध हतियार उठायो, तिनै राजनीतिक शक्ति र माओवादी वीचमा राजाको निरंकुशता विरुद्ध एकता भयो। वर्तमानमा सातदललाई प्रतिनिधित्व गर्ने पुराना संसदीय दलहरु र नेकपा (माओवादी) को संयुक्त सरकार वनेको अवस्था रहेको छ। जनताको उत्पीडन गर्ने राज्यसत्ताको नेतृत्व गर्ने राजनीतिक दल र जनयुद्धको दौरानमा कतिपय संगीन चरित्रका मानवीय कानूनको विरूद्ध क्रियाकलापमा संलग्न माओवादीहरु सत्तामा रहेको वेलामा हत्या, वलात्कार र लुटपाटमा संलग्न व्यक्तिहरु विरुद्ध कारबाही गर्नु चुनौतिपूर्ण कार्य भएको छ। मानवअधिकार हनन् र मानवीय कानून विरुद्धका क्रियाकलापमा तत्कालिन सरकारमा रहेका दलहरु र माओवादी दुवै संलग्न भएकाले पनि प्रस्ताव गरिएको सत्य निरूपण तथा मेलमिलाप आयोगले उत्पीडित ब्यक्ति वा समुदायले अपेक्षा गरिएको कार्य गर्न सक्ने कुरामा शंका गर्न सकिन्छ। यद्यपी न्यायको प्रत्याभूति दिन र सत्य अन्वेषण गर्ने कार्य निकै चुनौतिपुर्ण हुनेछ भन्ने अनुमान गर्न सकिन्छ। सक्रिय नागरिक समाज र मानवअधिकार संस्थाहरुबाट समन्वयात्मक पहल र वकालत भएमा निष्पक्ष, स्वतन्त्र र सक्षम "सत्य निरूपण तथा मेलमिलाप" आयोग गठनको लागि दवाव दिन सकिन्छ भन्ने विश्वास लिन सकिन्छ।

*(लेखक राष्ट्रिय मानवअधिकार आयोगका पूर्व सदस्य हुनुहुन्छ।)*

१. हिमाल साउथ एशिया म्यागाजिन तथा दि इन्टरनेशनल रिसर्च सेन्टरद्वारा ०६३ माघ ८ गते काठमाण्डौमा आयोजित "जवाफदेहितालाई उत्खनन गर्ने दक्षिण एशियामा संक्रमणकाल" विषयक सम्मेलनमा सयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्त लुइज आर्वरद्वारा गरिएको उद्घाटन सम्वोधन।

# संक्रमणकालीन न्याय र युद्धोत्तर शान्ति प्रक्रिया

देवेन्द्रप्रसाद अधिकारी

**वास्तवमा प्रत्यक्ष हिंसा रोकिनु शान्ति प्रक्रियाको शुरुवात हुन सक्छ, तर हिंसाको अन्त्य वा शान्ति स्थापना होइन। हिंसाको अन्त्य र शान्तिको स्थापना निकै फरक कुरा हुन्।**

### १. भूमिका

नेपाल विगतमा भएको सशस्त्र विद्रोहको शान्तिपूर्ण समाधान उन्मुख प्रक्रियामा छ। विगतमा सात दल र माओवादी वीच भएको विभिन्न सहमति, सम्झौता र वार्ताको सफलताले नै नेपाल अहिलेको शान्तिपूर्ण रूपान्तरणको अवस्थामा आएको कुरामा दुईमत छैन। सामान्यतया पुरानो संविधान, नियम, कानूनले पूर्ण रुपमा काम नगरेको वा आँशिक रूपमा कामयावी रहेको र नयाँ स्थायी प्रकृतिको संविधान र नियम कानून निर्माण नभई सकेको अवस्थालाई नै संक्रमणकाल भन्ने गरेको पाइन्छ। यही कालमा आम नागरिकहरूकालागि राज्यका तर्फवाट सम्पादन गरिने न्याय प्रणाली नै संक्रमणकालीन न्याय प्रणाली भित्र समेटन सकिन्छ। सशस्त्र द्वन्द्वको अवधिमा भएका हिंसात्मक गतिविधि र त्यसले समग्र समाज र न्याय सम्पादन प्रक्रियामा पारेको प्रभावलाई संक्रमणकालले समेटछ। सशस्त्र द्वन्द्वको शान्तिपूर्ण रूपान्तरण र नयाँ राष्ट्र निर्माणको अभियानलाई सघाउ पुऱ्याउनकालागि संक्रमणकालको व्यवस्थापन र सन्तुलित न्याय सम्पादन अहिलेको प्रमुख आवश्यकता भएको छ। युद्धोतर शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउनकालागि संक्रमणकालमा गर्ने गरिएका राष्ट्रिय कृयाकलापहरुले महत्वपूर्ण अर्थ दिन्छ।

सक्रमणकालको समग्र पूर्वाधारले निर्माण हुने नयाँ संविधान र सोही संविधान वमोजिम निर्वाचित भएर आउने जनप्रतिनिधिहरुको काम गर्ने इच्छा शक्तिलाई थप बल पुग्नसक्छ। तसर्थ संक्रमणकाल र युद्धोत्तर शान्ति प्रक्रियाले राष्ट्र निर्माणको खाका दिने हुनाले यसलाई वुद्धिमतापूर्वक सञ्चालन गर्नु सामान्यत: आम नेपाली जनता र मूलत राजनीतिक आँठ दलहरूको जिम्मेवारी वन्न आउँछ।

### २. संक्रमणकालीन न्याय

सामान्यतया न्याय भन्ने वित्तिकै अदालती र कानूनी प्रक्रियाको रूपमा वुझ्ने गरेको पाइन्छ। तर संक्रमणकालीन न्यायलाई कानूनी दृष्टिकोणवाट अलग राखेर हेर्नुपर्दछ। संक्रमणकालमा न्याय उपलब्ध गराउने प्रक्रियामा नियम कानूनको महत्व भएतापनि यस अवधिमा यसले मुलत: द्वन्द्वको समयमा खलवलिएको समाजमा मेलमिलापको वातावरण तयार पार्नु, द्वन्द्वका क्रममा लागेका द्वन्द्व पीडितहरूका घाउहरूलाई पुर्नु र मुलुकलाई दिगो रुपमा शान्तिपूर्ण तरिकाले अघि बढाउन सामाजिक तथा राजनीतिक अभियानको रूपमा काम गर्नु नै हुने गर्दछ।

संक्रमणकालीन न्याय प्रदान गर्दा आममाफी (Amnesty), अन्तर्राष्ट्रिय फौजदारी अदालत (International Criminal Court) सम्वन्धि प्रावधानहरुको कार्यान्वयन, मानवअधिकार सम्बन्धि सङ्गठनहरूको परिचालन, सत्यतथ्य आयोग (Truth Commission) को गठन र परिचालन आदि कानूनी संयन्त्रको अवलम्बन गर्न सकिन्छ। तर यस्ता प्रक्रिया अवलम्वन गर्दा कुनै समूहसँग बदला (Revenge) लिने वा त्यसलाई प्रचलित कानूनका आधारमा कारबाही गर्ने नभएर विगतमा भएका हिंसात्मक गतिविधिका दोषीलाई कारबाही गर्दै दण्डहीनता (Impunity) को संस्कृति स्थापित हुन नदिने र मेलमिलाप कायम गर्ने हदसम्म मात्र सिमित हुन्छ। संक्रमणकालीन न्याय दिगो शान्तिपूर्ण भविष्यतर्फ उन्मुख हुने एउटा माध्यम मात्र हो। संक्रमणकालीन न्यायले विगत र भविष्यलाई जोड्ने पुलको रूपमा काम गर्छ।

### २.१ संक्रमणकालीन न्यायको औचित्य

संक्रमणकाल आफैमा तरल अवस्थामा रहेको हुन्छ। यसमा जित्ने शक्ति स्थापित नभई सकेको र हार्ने शक्तिले पनि आफूलाई कुनै न कुनै रुपमा पुन:स्थापित हुन खोजेको अवस्था हुन्छ। राजनीतिक शक्तिहरु जो जिते, उनीहरु विजयको राप र तापले होस गुमाएको अवस्था र हारेकाहरू हिनतावोधले पागल वनेको अवस्था हो यो। तसर्थ यस अवस्थामा नागरिकको जीउ धनको सुरक्षा र शान्ति सुव्यवस्था कायम राख्ने कुरा निकै चुनौतिपूर्ण, संवेदनशील र खतरायुक्त हुन्छ। यस अवधिमा शताब्दियौदेखि दबाएर राखिएका क्षेत्र, वर्ग तथा लिङ्गका मानिसहरु आफ्ना मागहरु लिएर सशक्तताका साथ सकारात्मक रूपमा आशावादी भएर आउने अवस्था रहन्छ भने यसैलाई आधार वनाएर सत्तावाट फालिएकाहरू आफ्नो स्वार्थपूर्ति गर्ने तम्सिरहेको अवस्था पनि हुन्छ।

यस्तो अवस्थामा संक्रमणकालीन न्याय संक्रमणकालका गतिविधिहरू शक्ति प्रदर्शन, जातीय, क्षेत्रीय, साम्प्रदायिक हिंसात्मक गतिविधि, प्रतिगामी सोच र कृयाकलापको उचित व्यवस्थापन तथा नियन्त्रणमा नै वढी केन्द्रित भएको पाइन्छ। मुलुक नयाँ चरणतर्फ प्रवेश गर्ने क्रममा आइपर्ने मुद्दा तथा विषयहरूको प्रभावकारी व्यवस्थापन, द्वन्द्वपीडितहरूले उचित क्षतिपूर्ति प्राप्त गर्ने वातावरण निर्माण, हिंसा

पीडितहरूलाई उचित न्याय प्रदान गर्न, द्वन्द्वको अवस्थाबाट शान्तितर्फ बढी रहेको जनताको विजय यात्रालाई सुनिश्चित गर्नकालागि यसलाई व्यवस्थित रूपमा अवलम्वन गरिनु जरूरी छ।

### २.२ युद्धोत्तर शान्ति प्रक्रिया

सामान्यतया सशस्त्र द्वन्द्व नभए पछि अथवा गोला बारुद पडकन छोडेपछि देशमा शान्ति आयो भन्ने वुझाइ रहेको पाइन्छ। प्रत्यक्ष हिंसा रोकिनु शान्ति प्रक्रियाको शुरुवात हुन सक्छ तर हिंसाको अन्त्य वा शान्ति स्थापना होइन। हिंसाको अन्त्य र शान्तिको स्थापना निकै फरक कुरा हुन्। तसर्थ युद्धोत्तर शान्ति निर्माण प्रक्रियालाई व्यवस्थित रूपमा अगाडि वढाउनकालागि र संक्रमणकाललाई उपलब्धिमूलक वनाउनकालागि युद्धोत्तर शान्ति निर्माण प्रक्रियाका आधारभूत कुराहरुको सहि मापन र सोही अनुरूपको योजना तर्जुमाकालागि संक्रमणकालले महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्छ। यसकालागि युद्धोत्तर शान्ति प्रक्रियाका मूलत आठवटा विषयलाई गम्भीरताका साथ लिनुपर्ने हुन्छ। तल उल्लेख गरिएका विषयहरुमा ध्यान दिएर संक्रमणकालको आधारभूमि तयार गर्न सकियो भने यसले दिगो शान्ति स्थापनाको वाटो प्रशस्त गर्न सक्छ:

#### २.२.१ पुन:स्थापना

प्रत्यक्ष युद्धको समाप्ति पछि सवैको चासो र सरोकारको विषय भनेको युद्धको वेलामा समुदायमा भएका विभिन्न खालका बिध्वंस र हानी नोक्सानीहरूको प्रभावलाई मर्मतसम्भार र पूर्नजीवन गरेर पुन:स्थापना गरियो कि गरिएन भन्ने विषयमा केन्द्रित हुने गरेको पाइन्छ। यसरी पुन:स्थापना गर्दा समग्र क्षेत्रलाई नै समेटेर गर्नुपर्ने आवश्यकता रहेको हुन्छ। सामान्यतया पुन:स्थापनाका कुरा गर्दा युद्धको क्रममा विस्थापित भएकाहरूलाई उनीहरुको पुरानै ठाउँमा स्थापना गर्ने बिषयसंग वढी प्रयोग गर्ने गरेको पाइन्छ। यद्यपी पु्:स्थापनाको क्षेत्रले भौतिक, मनोबैज्ञानीक,सामाजिक सांस्कृतिक, आर्थिक र राजनीतिक रूपमा पुन:स्थापनाका क्षेत्रहरुलाई समेटने गरेको पाइन्छ।

**युद्धपछिको परिवेशमा पुन:मिलन भौतिक पुन:निर्माण भन्दा पनि अति महत्वपूर्ण र सम्वेदनशील विषयको रूपमा रहेको हुन्छ। किनकी यसले भत्किएका र फाँटेका मनहरुलाई जोडने काम गर्छ।**

#### २.२.२ पुन:निर्माण

युद्धकालमा ध्वस्त भएका सम्पूर्ण भौतिक संरचनाहरुको सम्बोधन पुन:निर्माणले गर्छ। यसले सामाजिक र आर्थिक संरचनाहरु जस्तै विद्यालय भवन, घर, पुल, बाटो आदिको पनि पुन:र्निर्माणको कार्यलाई सम्वोधन गरेको हुन्छ। यस अन्तर्गत युद्ध र हिँसा पछिको घाइते जीवन र ध्वंस समूदायहरुको पुन:निर्माण पनि हुन्छ। यसलाई युद्ध पछिको शान्ति निर्माण प्रक्रिया र उपचार (healing) तथा परिपूर्तिको एउटा अभिन्न अङ्गको रूपमा लिइन्छ। सामाजिक क्षेत्रमा भएका ध्वंसहरु, आर्थिक क्षेत्र देखिएका अवन्नति, राजनीतिक क्षेत्रमा देखिएको सिथिलता तथा सांस्कृतिक क्षेत्रमा देखिएको अव्यवहारिक प्रयोगहरूको पहिचान र यसलाई पुर्नजीवन दिन पुन:निर्माणले सहयोग गर्दछ। युद्ध पछिको पुन:निर्माणलाई एउटा प्राविधिक प्रक्रियाको रूपमा मात्रै लिईदैन। पुन:निर्माणको कार्यमा प्रत्यक्ष हिंसाबाट प्रभावित आमसमुदाय जो ठूला दुख कष्टवाट पार पाएर आएका हुन्छन् उनीहरुको सहयोग र पूर्व लडाकुहरू जसले संरचनाहरू नयाँ निर्माणको नाममा ध्वंस गरेका हुन्छन् उनीहरुले झन सक्रिय भूमिका खेल्न सक्छन्। पुरानो ध्वंस पछि मात्र नयाँ निर्माणको वकालत गर्दै ध्वंस गर्नेहरुको वढी सहभागिताले लक्षित उपलब्धि प्राप्त हुनसक्छ र सामाजिक मेलमिलापको अभियानलाई पनि सहयोग पुग्नसक्छ।

#### २.२.३ पुन:संरचना

युद्ध हुनुको कारणहरू मध्ये संरचनात्मक विभेद र यसले निम्त्याएका समस्याहरुलाई पनि एक प्रमुख कारणको रूपमा लिने गरेको पाइन्छ। युद्धकालमा युद्धका कारक तत्वको रुपमा रहेका यस्ता खालका संरचनाहरुलाई कुनै न कुनै रूपमा क्षति पुऱ्याइएको हुन्छ। तर ती संरचनाहरुलाई पनि पुन:संरचनामार्फत् शान्ति संरचनाको निर्माण गर्ने कार्यहरू गर्ने गरेको पाइन्छ। यसमा राजनीतिक, सामाजिक र आर्थिक, संस्थागत र अन्य संरचनाहरुको द्वन्द्वको संरचनामा रूपान्तरण हुन्छ र श्रान्तितर्फको प्रक्रिया अगाडि वढछ। यहाँनेर मुख्यरूपमा जोडदिन पर्ने विषय भनेको राज्यका अंगहरु र ती अंगहरुको पुरातन कार्यशैलीको सवाल नै हो।

विगतको राज्यको सोच र कार्यशैलीलाई बलियो वनाउन तयार पारिएका सैनिक संरचनाहरु, सैनिकहरु र हतियार, सैनिक तालिम र संस्थाहरुमा गरिने लगानीलाई रूपान्तरण गरेर शान्ति फौज विकास गर्ने तर्फ सवैले सोच्नु पर्ने अवस्था रहन्छ। शान्ति शिक्षालाई प्रर्वद्धन गर्नकालागि सवै तहका शैक्षिक संस्थाहरुमा शान्ति शिक्षालाई समावेश गरेर शैक्षिक संरचनाहरुको रूपान्तरण गर्ने कार्यलाई पनि यसमा समेटन सकिन्छ। यस्ता रूपान्तरणहरु पाठ्यक्रम सामग्री र अध्यापन-विज्ञान तथा विधि दुवैमा गरिनुपर्दछ।

#### २.२.४ पुन:मिलन

युद्धको समयमा कुनै न कुनै रूपमा पीडित भएका व्यक्ति, समुदाय तथा प्रत्यक्ष रूपमा संलग्न व्यक्ति तथा संस्थाहरुको वीचको सम्वन्ध तथा उनीहरुलाई सामाजिकिकरण गर्ने कुरा पुन:मिलनसंग जोडिएको हुन्छ। प्रत्यक्ष हिंसाको अवधिमा भए गरेका हिंसात्मक गतिविधिलाई दुवैले आत्मसाथ गरी क्षमायाचना गर्ने र क्षमा दिने कुराले पुन:मिलनमा ठूलो महत्व राख्दछ। यसकालागि सत्य तथ्य पत्ता लगाउने कुरा, न्याय प्राप्त हुन्छ भन्ने प्रत्याभूतिका कुरा, राज्यले सहानुभूति व्यक्त गर्छ र सम्मान गर्छ भन्ने आत्मविश्वासका कुरा र पुन:मिलनकालागि मृतकको सम्झनामा दुवै पक्षको अग्रसरतामा आम जनसमुदायको सहभागितामा गरिने शोकसभाले पुन:मिलनको बाटोलाई सहज बनाउछ। यस्ता पवित्र कार्य गर्दा लाग्ने विभिन्न विषयहरुमा नागरिक समाज संघ/संस्था,

समूदाय, सरकार र द्वन्द्वरत पक्षको सक्रिय सहभागिताले यसमा उत्साह थप्छ।

पुन:मिलनले द्वन्द्वको अवधिमा भएका भावनात्मक, मनोवैज्ञानिक, मानसिक र शारीरिक हिंसा, पीडा र दु:खहरूमा प्रत्यक्ष संलग्न र त्यसैको सेरोफेरोमा रहेर अनुभव प्राप्त प्रभावित व्यक्ति र समुदाय बीचको सम्बन्धमा उपचारको काम गर्छ। यो एउटा प्रक्रिया हो, जसले हिंसाको सम्बन्धलाई शान्तिको सम्वन्धमा रूपान्तरण गर्छ। युद्धपछिको परिवेशमा पुन:मिलन भौतिक पुन:निर्माण भन्दा पनि अति महत्वपूर्ण र सम्वेदनशील विषयको रूपमा रहेको हुन्छ। किनकी यसले भत्किएका र फाँटेका मनहरुलाई जोडने काम गर्छ।

### २.२.५ पुन:एकिकरण

युद्धपछिको अवस्थामा युद्धमा प्रत्यक्ष रूपमा संलग्न भएका सवै लडाकुहरूलाई राज्यले जस्ताको त्यस्तै राज्यका निकायहरूमा समाहित गर्न सम्भव छैन र विद्रोही आफैले पनि सवै लडाकुहरूलाई युद्धपछिको अवस्थामा युद्धको समयमा जस्तै पूर्ण रुपमा परिचालन गरिरहन पनि असम्भव प्राय: हुन्छ। तसर्थ पूर्व लडाकुहरू र पूर्व शसस्त्र फौजहरुलाई उनीहरुको आफनै घर तथा समूदायमा एउटा सामान्य नागरिकका रुपमा पुन:एकिकरण गराउनु उपयुक्त हुन्छ। यसोगर्दा उनीहरूलाई दीर्घकालीन जिवीकोपार्जनका उपायहरूको खोजि गर्नुपर्ने हुन्छ। उनीहरु सामाजिक जीवन व्यतित गर्ने गरी आफ्नो पूर्व स्थानमा फर्कदा फेरी युद्ध नहुने सुचिश्चित राज्यले गर्न जरूरी हुन्छ। युद्धको समयमा आन्तरिक रुपमा विस्थापित भएका मानिसहरु र हिंसाको कारणले आफनो घरबार छोडेर भाग्न बाध्य बनाइएका मानिसहरुलाई उनीहरुको समूदायमा पुन:एकिकरण गर्ने कार्य आफैमा चुनौतिपूर्ण हुन्छ। यसकालागि राज्यको तत्कालीन नीति र राजनीतिक इच्छाशक्तिमा महत्वपूर्ण मानिन्छ। युद्धका कारणले रोजगारीकोलागि बिदेशिएका र विभिन्न देशमा शरणार्थीको रुपमा जीवन गुजारा चलाई रहेका व्यक्तिहरूलाई पुन:एकिकरण गर्ने कुरामा पनि संक्रमणकालको व्यवस्थापन निर्भर गर्दछ।

### २.२.६ पुन:सास्कृतिकरण

युद्धको समयमा प्रचलित कतिपय मुल्य मान्यताहरुलाई जवर्जस्ती रूपमा प्रतिस्थापन गरिएको हुनसक्छ। हामीसँग प्रत्यक्ष रूपमा सम्वन्ध राख्ने हाम्रा आफ्नै मौलिक साँस्कृतिक धरोहरहरूलाई नामेट वनाइएको हुनसक्छ यस्ता साँस्कृतिक मूल्य र मान्यताहरुलाई सक्रिय शिक्षा, सांस्कृतिक कार्यक्रम, कविता, कलाकृति, सामाजिक, सांस्कृतिक सम्वाद र सिर्जनात्मक सहभागिताका माध्यमबाट हिंसाको छवि र छापलाई मानिसको मानसपटलवाट हटाउन सकिन्छ। अमानवीयता, जीत-हार, हार-जीत, राम्रो र नराम्रो किसिमले सोच्ने हिंसाका विभिन्न आवरणहरूमा परिवर्तन गरेर शान्तिको संस्कृति स्थापना गर्ने बिषयरू पुन:साँस्कृतिकरणको अभियानमा समेटन सकिन्छ। अनेकतामा स्थापित गरिएको एकता, मानवका आधारभूत आवश्यकताहरु, मानवअधिकार, सांस्कृतिक विविधता, सद्भावको मूल्य र परम्पराहरूको अन्तरसम्बन्ध, अहिंसा, सम्वाद, सिर्जनशीलता आदिको पहिचान गर्ने र सम्मान गर्ने तथा यसलाई नेपाली संस्कृतिलाई समाज सुहाउँदो वनाउदै लैजाने कुरातर्फ ध्यान दिनु पुन:साँस्कृतिकरणको एक महत्वपूर्ण कडी हुनसक्छ।

**युद्धको पीडा र दु:ख सहिरहेका समूदायहरूलाई सम्बोधन गरी उनीहरूलाई आफ्नो पहिचान दिनकालागि गरिने अति नै कठीन तर न्यायसंगत काम हो । यसले नयाँ राष्ट्र निर्माणकोलागि युद्धपछिका दृष्टिकोणहरू र भविष्यको टुङ्गयौनीलाई पनि अगाडि ल्याउछ । नेपालको तराई भेगमा उठेको हालको मधेश आन्दोलन विकसित नयाँ परिवेशमा आफ्नो समुदायको पहिचानको खोजीको एउटा उदाहरणको रुपमा लिन सकिन्छ ।**

### २.२.७ पहिचान

देश शान्ति निर्माणको अभियानमा लागेको अवस्थामा युद्धपछिको अवधिमा सञ्चालन गरिने द्रुतगतिका विकास तथा सुधारका कामहरूले समेटनु पर्ने विषय भनेको प्रत्येक व्यक्ति, संस्था, समुदाय, क्षेत्र, जातजाती, धर्म, भाषा र संस्कृतिको क्षेत्रमा सवैले खोज्ने पहिचानको प्रत्याभूति हो। युद्धमा होमिएका र युद्धबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभावित भएका व्यक्ति, संस्था तथा समूदायले नयाँ परिवेशमा आफ्नो पहिचान खोज्ने गर्दछन्। युद्धको समयमा वा शान्ति स्थापनाको समयमा आफूले गरेको योगदानको सहि मूल्याङ्कनका खातिर आफ्नो स्थान सुरक्षित लेखोटको रूपमा राख्न खोज्दछन्। यस्तो अवस्थामा सबै पक्षहरुको चाहना र इच्छाहरूको पहिचान गर्ने कार्यलाई व्यवस्थित रूपमा लिपिवद्ध गरिनु जरुरी हुन्छ।

यस पहिचानले खोजेको विषय के पनि हो भने युद्ध चल्दा र हिंसा हुदा जुन क्षेत्रमा जुन आकार र प्रकारमा हिँसा भएको थियो त्यही आकार र प्रकारमा उनीहरुको पहिचान हुने र शान्तिको प्रक्रिया अगाडि वढँदा पनि सोही आकार र प्रकार वा सकेसम्म त्यसकै बराबरीको योगदान र सहभागितामा शान्ति निर्माणको अभियानमा सहभागि हुन पाउनु त्यति नै महत्वको विषय वन्दछ। हामीले के भुल्नु हुदैन भने भीषण र लामो युद्धको समाप्ति द्वन्द्व रूपान्तरण भएको अवस्था मात्र होइन। वरु यो त आवश्यकता र चाहनाहरूको फेहरिस्त प्रस्तुत हुने अवस्था हो। युद्धको पीडा र दु:ख सहिरहेका समूदायहरूलाई सम्बोधन गरी उनीहरूलाई आफ्नो पहिचान दिनकालागि गरिने अति नै कठीन तर न्यायसंगत काम हो। यसले नयाँ राष्ट्र निर्माणकोलागि युद्धपछिका दृष्टिकोणहरू र भविष्यको टुङ्गयौनीलाई पनि अगाडि ल्याउँछ। नेपालको तराई भेगमा उठेको हालको मधेश आन्दोलन विकसित नयाँ परिवेशमा आफ्नो समूदायको पहिचानको खोजीको एउटा उदाहरणको रुपमा लिन सकिन्छ।

२.२.८ क्षतिपूर्ति र आत्मसन्तुष्टि

प्रत्येक युद्धले सामाजिक अमन चयन र सदभावलाई नै पिरोलिरहेको हुन्छ यद्यपी ती युद्धहरू दिगो शान्ति स्थापनकालागि गर्ने गरिएको भनिन्छ। युद्ध चलेका ठाउँहरु जहाँ युद्धका पीडित जसले यातना भोगेका, बलात्कृत भएका, पिटिएका, अपमान गरिएका, अपाङ्ग बनाइएका हुन्छन् उनीहरुले आफूले युद्धको क्रममा व्यक्तिगत रूपमा वा पारिवारिक रूपमा जुनस्तरको क्षति व्यहोरेका हुन्छन् त्यति नै स्तरमा आत्मसन्तुष्टि सहित उनीहरुको क्षतिपूर्ति राज्यको तर्फवाट हुनु जरुरी छ। जसका घरहरु भत्काइएका वा खेतबाली नष्ट गरिएका, कामबाट भेदभावपूर्ण रूपमा निकालिएकाहरू तथा विदुर र विधुवा, एकल अभिभावक, बालबालिका र टुहुरा तथा मारिएका परिवारहरूले चुकाएको मूल्यको आधारमा आर्थिक वा अन्य क्षतिपूर्तिको माग तथा आश गर्ने गरेको पाइन्छ।

बस्तुभाउ र युद्धका बेलामा भएका भौतिक नोक्सानीको क्षतिपूर्ति आर्थिक सहयोग उपलव्ध गराएर पूर्ति गर्न सकिएला, तर युद्धको समयमा कुनै एक व्यक्तिले अनुभव गरेको पीडा र भोगेको दु:खहरूको कुनै मूल्य हुदैन र त्यसलाई भरपाई गर्न पनि सकिदैन। त्यसैले स्थानीय स्तरमा सहयोगको रूप आर्थिक नै वनाएर क्षति र आत्मसन्तुष्टि पूर्तिको वकालत गर्नु भन्दा पीडकहरूको साझा सहमति र पीडितहरुको अनुमतिमा हिंसाको लागि जिम्मेवारहरूलाई समूदायको पुन:निर्माण र उपचारमा सक्रिय रूपमा सहभागि गराएर क्षतिपूर्ति तथा आत्मसन्तुष्टिको बाटो अवलम्वन गर्न सकिन्छ।

**बस्तुभाउ र युद्धका बेलामा भएका भौतिक नोक्सानीको क्षतिपूर्ति आर्थिक सहयोग उपलव्ध गराएर पूर्ति गर्न सकिएला, तर युद्धको समयमा कुनै एक व्यक्तिले अनुभव गरेको पीडा र भोगेको दु:खहरूको कुनै मूल्य हुँदैन र त्यसलाई भरपाई गर्न पनि सकिदैन ।**

### ३. निष्कर्ष

संक्रमणकालीन न्याय तथा युद्धोत्तर शान्ति प्रक्रियालाई प्रभावकारीरूपमा सञ्चालन गर्न सकिएमा यसबाट मुलुकले अपेक्षाकृत उपलब्धि हासिल गर्न सक्छ। संक्रमणकालीन न्यायले दण्डहीनताको अन्त्य गर्ने कुरा सुचिश्चित गर्ने हुनाले मुलुकले अन्तर्राष्ट्रिय मान्यता र सहयोग प्राप्त गर्नसक्छ।

संक्रमणकालीन न्यायले नयाँ राज्य व्यवस्थालाई मजबुत बनाउने र यसको रक्षा गर्ने कार्यमा योगदान दिनसक्छ। यसले निर्दोष सर्वसाधारणहरूलाई आरोपबाट मुक्त हुन सहयोग गर्छ। भविष्यको लागि कानूनी शासनको मान्यतालाई स्थापना गर्न मद्दत गर्छ। द्वन्द्वका दोषी तथा कसुरदारहरूलाई सार्वजनिक पदधारण गर्ने अवसरबाट वञ्चित गर्न सहयोग गर्छ। द्वन्द्व पीडितहरूलाई द्वन्द्वका क्रममा आफूले भोगेको दु:खकष्ट बिर्सन प्रेरित गर्छ र भविष्यमा हुनसक्ने दुर्व्यवहारहरु रोक्न मद्दत गर्छ। विडम्वनाको कुरा नै मान्नु पर्छ नेपालको संक्रमणकाल यो प्रक्रियाबाट अघि बढेको जस्तो देखिदैन।

संक्रमणकालीन न्यायले कतिपय अवस्थामा शान्ति प्रक्रियामा अवरोध सिर्जना गर्न सक्दछ भन्ने गरिन्छ। संक्रमणकालीन न्यायको प्रक्रियामा गरिने अनुसन्धान तथा कारबाहीले द्वन्द्वरत पक्षहरूमा असन्तुष्टि सिर्जना गर्ने हुँदा यसले शान्ति प्रक्रियामा अवरोध खडा गर्नसक्छ। त्यसैगरी द्वन्द्व र शान्तिबीचको असहज र तरल परिस्थितिमा निष्पक्ष न्याय प्रदान गर्न अप्ठेरो हुन्छ। कतिपय अवस्थामा संक्रमणकालीन न्यायका संयन्त्रहरू उच्चस्तरको न्याय प्रदान गर्न असक्षम हुनसक्छन्। जुन नेपालको परिवेशमा स्पष्ट देख्न सकिन्छ। तत्कालिन प्रधान सेनापति प्यारजंग थापालाई जनस्तरबाट कारबाही माग भईरहेको बेला प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले रायमाझी आयोगले दोषी ठहऱ्याएका सबैलाई कारबाही गरिने सतही अभिव्यक्ति र एमालेका महासचिव माधव नेपालको प्रधानमन्त्रीलाई सहयोग नै गर्ने गरि मलिन स्वरमा कारबाही हुनुपर्ने अति नरम भनाईले पनि संक्रमणकाल व्यवस्थापनमा आउन सक्ने तत्कालिन अशुभहरुलाई चलाखीपूर्ण तरिकाले व्यवस्थापन गरेको पाइन्छ। यद्यपी संक्रमणकालीन न्याय सम्पादन युद्धोत्तर शान्ति प्रक्रियाको निमित्त दरिलो आधार वन्नु जरुरी छ। संक्रमणकालको सहि व्यवस्थापन हुन सकेन र सोही अनुरूप न्याय सम्पादनको आधार तयार हुन सकेन भने सत्यतथ्य पत्ता लगाउने, पीडितले न्याय पाउने, पीडकले माफी पाउने र देशमा दिगो शान्ति स्थापना हुने बिषय ठूलो चुनौतिको रुपमा रहनेछ।

### सन्दर्भ सामग्री


1. Galtung. Peace by Peaceful Means.1996. London, UK. Sage Publication.
2. Junne and Verhoken. Post Conflict Development: Meeting New Challenges.2005.Boulder,co. Lynee Renner Publisher
3. Mial, Hugh. Contemporary conflict resolution: The prevention Management and Transformation of Deadly Conflict.2005. Cambridge, UK.Polity Press.
4. Dr. Green Paula, Fostering the ties that Bind: Practicing Peacebuilding and Development in Conflict Sensitive Environment.2006. Keynotes.
5. Dr. Subedi Mukti, Dr. Sivakoti Gopalkrishna, Dr. Harris Robert Quest for Peace, Caritas Nepal, Dhobighat Nepal.
6. अधिकारी देवेन्द्रप्रसाद, द्वन्द्व, संक्रमणकाल र सुशासन, सिन्धुली आवाज अंक ८, २०६३।
7. प्रसाई दिनेश, शर्मा श्रवण, पोखरेल अम्विका, २०६०, शान्तिपूर्ण उपायद्वारा द्वन्द्व रुपान्तरण, राष्ट्रिय शान्ति अभियान।
8. शर्मा श्रवण, पोखरेल सञ्जीव, २०६१, शान्तिवार्ता विगतका अनुभव र भविष्यका चुनौतीहरु, राष्ट्रिय शान्ति अभियान।
9. मिश्र चैतन्य, नेपालमा राजनीतिक संङ्क्रमण, मूल्याङ्कन मासिक बैशाष २०६४ पूर्णाङ्क १५०

# संक्रमणकालीन न्याय के हो ?

**बियोर्न पिटरसन**

संक्रमणकालीन न्याय विगतका मानवअधिकार हननलाई सम्वोधन गर्ने एउटा उपाय हो, जसवाट राष्ट्र र त्यसका जनताहरू दिगो शान्ति र मेलमिलापतर्फ अघि वढन सकून। यसले न्यायिक (judicial) र अ-न्यायिक (non-judicial) क्रियापलापहरूको निम्न चार विशेष क्षेत्रहरूलाई संकेत गर्दछ, जसको प्रयोग देशहरू तनाशाही शासनबाट लोकतन्त्रतर्फ अथवा सशस्त्र द्वन्द्वबाट शान्तितर्फ पाईला टेक्दा गरिन्छ:

**(१) अभियोजन (Prosecution)**

जातिहत्या, मानवता विरूद्धको अपराध, युद्धअपराध तथा मानवअधिकारको गम्भीर उल्लंघनको सुनुवाई गर्ने प्राथमिक जिम्मेवारी घरेलु अदालतलाई हुन्छ। घरेलु अदालतले प्रभावकारी अनुसन्धान वा अभियोजन गर्न असमर्थ वा अनिच्छुक रहेमा मात्र अर्न्तराष्ट्रिय वा मिश्रित अदालत (जसमा राष्ट्रिय र अन्तर्राष्ट्रिय न्यायाधिसहरू हुन्छन्) को वारेमा विचार गर्न सकिन्छ। अर्न्तराष्ट्रिय फौजदारी अदालत सन् १९९८ मा हेग (नेदरलैण्ड)मा स्थापना भयो, जसले जुलाई २००२ पछि गरिएका जातिहत्या, युद्धअपराध र मानवता विरूद्धका अपराधहरूको सुनुवाई गर्दछ। अर्न्तराष्ट्रिय वा मिश्रित अदालत बोस्निया र हर्जगोविना, क्याम्वोडिया, इष्टटिमोर, कोसोभो, सियरालियोन, रूवान्डा र पूर्वी यूगोस्लाभियाका लागि पनि स्थापना भएका छन्। अर्न्तराष्ट्रिय कानून अन्तर्गतका गम्भीर मानवअधिकार उल्लंघनका दोषीहरूलाई आममाफी र दयाका मापदण्डहरू, यी मापदण्डहरू शान्ति सम्झौताको अंग भएता पनि, दिइनु हुदैन।

**(२) सत्य खोजी (Truth-seeking)**

सत्य आयोगहरू आधिकारिक रूपमा मान्यता प्राप्त, अस्थायी र अ-न्यायिक अंगहरू हुन, जसलाई व्यक्ति र संस्थाहरूको जिम्मेवारी तथा उल्लंघनका मूल कारणहरूलगायतका विशाल मात्राका उल्लंघनहरू वारेमा सत्य स्थापित गर्न सिर्जना गरिएको हुन्छ। तिनीहरूले पीडितहरूको पीडा वुझ्न, मान्यता दिन र सम्वोधन गर्न सहयोग गर्दछन, अभियोजनको बाटो खुला गर्छन् र मेलमिलापका प्रक्रियाहरूलई टेवा दिन्छन्। सत्य आयोगहरू इष्ट टिमोर, लाईवेरिया, मोरक्को, पेरू, सियरालियोन र दक्षिण अफ्रिकालगायत ३० वटाभन्दा वढी देशहरूमा स्थापना भएका छन्। जाँचबूझ आयोगहरू सत्य आयोग जस्तै हुन्छन्। तर तिनको कार्यदिशहरू संकिर्ण हुन्छन्, कुनै






हस्ताक्षर संकलन गर्दै ।




संयु ाष्ट्रसंघ



राष्ट्र संघीय मानवअधिकार उच्चायोगका नेपाल स्थित कार्यालयका प्रतिनिधिलाई संकलित हस्ताक्षर बुझाउँन जादैं ।






बेपत्ता नागरिकका आफ हरू संयु



भद्रकालीस्थित सैनिक मुख्यालय अगाडी धर्ना दिँदै ।



राष्ट्रिय मानवअधिकार आयोगमा तालाबन्दी गर्दै ।




को ने स्थित कार्यालयमा धर्ना दिदै






क राष्ट्र धको नेपालस्थित कार्यालयमा धर्ना दिदै



प्रधानमन्त्री निवास बालुवाटारमा धर्ना दिदै ।

# बेपत्ता नागरिकको स्थिति सार्वजनिक गर

सर्वोच्च अदालतले ढिलै भए पनि एक दशक लामो सशस्त्र द्वन्द्वका क्रममा राज्यबाट वेपत्ता पारिएका नागरिकहरूको स्थिति सार्वजनिक गर्न सरकारको नाममा आदेश जारी गरेर बेपत्ता पारिएकाहरूको परिवारलाई न्याय प्रदान गरेको छ। सर्वोच्च अदालतले बेपत्ता परिएकाहरूका बारेमा थप अनुसन्धान गर्न आयोग गठन, व्यक्तिहत्या र बेपत्ता पार्ने काममा संलग्न सुरक्षाकर्मीलाई तत्काल विभागीय कारबाही गर्न तथा पीडित परिवारलाई क्षतिपूर्ति प्रदान गर्न सरकारलाई परमादेश जारी गरेको छ। अन्तर्राष्ट्रिय कानूनको व्याख्या गर्ने क्रममा बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षण सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धिलाई मार्ग निर्देशकको रूपमा ग्रहण गर्न वाञ्छनीय हुन्छ समेत भनिएको छ। राज्यबाट बेपत्ता पारिएका नागरिकका परिवारले अदालतमा रिट दायर गर्नु बाहेक आफन्तको अवस्थाबारे थाहा पाउन विभिन्न निकायमा तालाबन्दी तथा धर्नासमेत दिएका थिए।

सशस्त्र द्वन्द्वका क्रममा १३ हजार ३ सय ४७ जना मारिएका छन् भने ८ सय २८ जनालाई राज्य पक्षबाट बेपत्ता पारिएको तथ्यांक इन्सेकको छ। राज्यद्वारा बेपत्ता पारिएका नागरिकका परिवारले आफ्ना प्रियजनको स्थिति थाहा पाउन विभिन्न समयमा प्रधानमन्त्री निवास, भद्रकाली स्थित सैनिक मुख्यालय, संयुक्त राष्ट्र संघको नेपाल स्थित कार्यालय तथा राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको कार्यालयमा धर्ना दिनुको साथै राष्ट्रिय मानवअधिकार आयोगमा तालाबन्दी समेत गरेका थिए। आफ्ना स्वजनहरूको स्थिति सार्वनजिक गर्न सरकारलाई दबाव दिन हस्ताक्षर संकलन गरी संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्च आयोगको सन् २००६ मा जेनेभामा आयोजित बैठकमा नेपालस्थित उच्च आयेगको कार्यालय मार्फत पठाएका थिए। बेपत्ता पारिएका व्यक्तिहरूका बारेमा चासो व्यक्त गर्दै आवाज उठाउँदै आएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघ संस्थाहरूले अब सर्वोच्च अदालतको आदेशलाई कार्यान्वयन गराउन सरकारलाई दबाब दिनु पर्ने देखिन्छ।

**- बिमलचन्द्र शर्मा**

खास घटना, समयावधि वा उल्लंघनको प्रकारमा प्राय: सिमित गरिएका हुन्छन्। तिनीहरू द्वन्द्वको वृहद कारणहरू स्थापित गर्नुका साटो व्यक्तिहरूको जिम्मेवारी स्थापित गर्न केन्द्रित हुन्छन्।

**(३) पीडितहरूलाई शोधभर्ना**
**(Reparations to Victims)**

अनुसन्धान र अभियोजनको आवश्यकताका अतिरिक्त मानवअधिकार उल्लंघनका पीडितहरूलाई अर्न्तराष्ट्रिय कानून अन्तर्गत उपचार र शोधभर्ना पाउने हक छ। शोधभर्ना मौद्रिक रूपमा अथवा भौतिक रूपमा मात्रै हुनुपर्छ भन्ने छैन, तिनीहरू सांकेतिक पनि हुन सक्छन जस्तो कि स्मारकहरूको निर्माण र अन्य सांकेतिक कार्यहरू मार्फत क्षमायाचना र पीडितहरूको दशालाई मान्यता दिनु, राज्यद्वारा तथ्य प्रमाणिकरण गर्नु तथा सत्यको मान्यता दिनु पनि शोधभर्नाका महत्वपूर्ण मापदण्ड हुन। उपचार तथा शोधभर्नाको हक सम्वन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्त र मार्गदर्शनले विभिन्न किसिमका शोधभर्नाको पहिचान गर्दछ। द्वन्द्व पछिका अनेक समाजहरूमा रहेका पीडितहरूको उच्चदरले अति प्रभावित समूदाय र क्षेत्रहरूका लागि सामुहिक शोधभर्ना दिन आवश्यक तुल्याउदछ। तसर्थ विस्तृत र एकिकृत शोधभर्ना कार्यक्रममा सामूहिक र वैयक्तिक मापदण्डको साथसाथै भौतिक र सांकेतिक शोधभर्ना पनि राखिनु आवश्यक छ।

**(४) संस्थागत सुधार**
**(Institutional Reform)**

संस्थागत सुधारले ती सार्वजनिक संस्था, जसले द्वन्द्वलाई निरन्तरता दियो अथवा अधिनायकवादी सत्ताका रूपमा सेवा गर्‍यो, लाई रूपान्तरण गर्नेतर्फ इंगित गर्दछ। संस्थागत सुधार प्रक्रियाले ती सार्वजनिक संस्थालाई कुशल एवं स्वच्छ संस्था, जसले मानवअधिकारको सम्मान गर्छ, शान्ति कायम गर्छ र कानूनी राज्यलाई सम्वर्द्धन गर्दछ, मा रूपान्तरण गर्नेछ।

**सत्य आयोगहरू आधिकारिक रूपमा मान्यता प्राप्त, अस्थायी र अ–न्यायिक अंगहरू हुन, जसलाई व्यक्ति र संस्थाहरूको जिम्मेवारी तथा उल्लंघनका मूल कारणहरूलगायतका विशाल मात्राका उल्लंघनहरू वारेमा सत्य स्थापित गर्न सिर्जना गरिएको हुन्छ। तिनीहरूले पीडितहरूको पीडा वुझ्न, मान्यता दिन र सम्वोधन गर्न सहयोग गर्दछन, अभियोजनको बाटो खुला गर्छन् र मेलमिलापका प्रक्रियाहरूलाई टेवा दिन्छन्। सत्य आयोगहरू इष्ट टिमोर, लाईवेरिया, मोरक्को, पेरू, सियरालियोन र दक्षिण अफ्रिकालगायत ३० वटाभन्दा वढी देशहरूमा स्थापना भएका छन्।**

---

**संस्थागत सुधार मापदण्डले निम्न कुरा समावेश गर्न सक्छ :**

- सुपरिवेक्षण, उजुरी र अनुशासनात्मक कार्यविधिहरू निर्माण गर्ने,
- कानूनी रूपरेखाको सुधार वा स्थापना गर्ने,
- नैतिक मार्गदर्शन र आचारसंहिताको विकास र पुनरावलोकन गर्ने,
- प्रर्याप्त तलव, साधन र पूर्वाधारहरूको विकास सम्वन्धी प्रावधान राख्ने र
- रोजगारीमा अनुपयुक्त व्यक्तिहरूलाई हटाउदै संस्थाहरूको कर्मचारी सुधार गर्ने जसलाई छटनी भनिन्छ, उदाहरणका लागि सुरक्षाफौज, प्रहरी वा न्यायपालिका।

संक्रमणकालीन अवस्थामा देशहरूले प्राय: विशाल मात्रामा मानवअधिकार ज्यादतीका दुष्प्रभावहरूको सामना गर्दछन् जुन मौजुदा न्यायिक (judicial) र अ-न्यायिक (non-judicial) संरचनाहरूबाट सम्बोधन हुन सक्दैनन्। यस्तो अवस्थामा अनेक मुलुकहरूले विगतलाई विर्सिनु भन्दा पनि संक्रमणकालीन न्यायका संयन्त्रहरूलाई सत्य खोजी गर्न जवाफदेहिता खोज्न, पीडितहरूलाई शोधभर्ना उपलब्ध गराउन, न्याय प्रदान गर्न र राष्ट्रिय मेलमिलापका लागि कदमहरू चाल्न प्रयोग गरेकाछन्।

**संक्रमणकालीन न्याय संयन्त्रहरूको स्थापना र सञ्चालनमा मार्गदर्शन गर्ने मूल सिद्धान्तहरू :**

- विगतका मानवअधिकार उल्लंघनलाई कसरी कारबाही गर्ने भन्ने निर्णय पीडित समूहलगायत समाजका वृहद क्षेत्रहरूसंग विस्तृत परामर्शको आधारमा गरिनु पर्दछ।
- द्वन्द्वमा सवै दलहरूको राननीतिक प्रतिवद्धता र संस्थागत संलग्नता संक्रमणकालीन न्याय संयन्त्रको सफल प्रयोगको पूर्वशर्त हो।
- संक्रमणकालीन न्याय संयन्त्रको छनौट र ढाँचा कुनै खास देशको सन्दर्भलाई सम्बोधन गर्ने खालको हुनुपर्छ-आदर्श संक्रमणकालीन न्याय रणनीति छैन।
- विभिन्न संक्रमणकालीन न्याय संयन्त्रहरू वीचको गाढा सम्वन्धको पूर्ण प्रयोग गर्नका लागि विचार गरिनु पर्दछ।
- स्थानीय समुदाय, मानवअधिकार समूह र अन्य नागरिक समाजका संगठनहरूले संक्रमणकालीन न्याय प्रक्रियाहरूको ढाँचा निर्माण र कार्यान्वयनमा सक्रिय सहभागि हुनुपर्छ, जसवाट तिनीहरूमा स्वामित्वको भावना विकास होस्।
- संक्रमणकालीन न्याय संयन्त्रहरूले सरकार र राजनीतिक दलहरूवाट पूर्ण रूपमा स्वतन्त्र भएर काम गर्न पाउनु पर्छ।

*(लेखक नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायूक्तको कार्यालयमा आन्तरिक विस्थापन सल्लाहकार हुनुहन्छ।)*

# रोम विधानको सम्मिलन र नेपालको दायित्व

विद्या चापागाईं

**रोम विधानको प्रावधानको राष्ट्रिय कानूनमा समायोजन गर्नाले सम्बंन्धित अधिकारीहरू अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई पूर्ण सहयोग गर्न निश्चित हुन्छन् र अन्तर्राष्ट्रिय फौजदारी अदालत अर्न्तगतका अपराधहरू राष्ट्रिय अदालतमा कारबाही चलाइ सजाय गर्न सकिन्छ ।**

प्रतिनिसभावाट ०६३ साउन ९ गते फौजदारी अदालतको रोम विधान अनुमोदनका लागि संकल्प प्रस्ताव पारित गरि सरकारलाई शिघ्र विधानको अनुमोदन गर्ने सुझाव दिएपछि रोम विधानको अनुमोदन सम्बन्धमा विभिन्न छलफल हुन थालेको छ। प्रधानमन्त्रीले समेत विधानको अनुमोदन गर्ने आश्वासन पटक पटक दिइसकेका छन्। यसै सर्न्दभमा नेपाल सरकारले विधानको अनुमोदनपश्चात नेपाली न्यायिक तथा कानूनी प्रणालीमा पर्ने प्रभाव र त्यसका लागि गर्नुपर्ने सुधारका वारेमा अध्ययन गर्न सरकारी कार्यदलको गठन गरी त्यसले अध्ययन प्रतिवेदन समेत सरकारलाई बुझाइसकेको छ। यसवाट सरकार विधान अनुमोदनका लागि सकारात्मक रहेको मान्न सकिन्छ। विधान शिघ्र अनुमोदन गर्नाले नेपालमा दण्डहीनताको अन्त्य गरी शान्ति स्थापना गर्न र कानूनी राजको स्थापना तथा प्रजातन्त्र सुदृढ गर्न मद्दत पुर्‍याउनुका साथै राष्ट्रिय कानूनलाई अन्तर्राष्ट्रिय कानून अनुरूपको बनाउन पनि सहयोग गर्नेछ।

रोम विधानको पक्ष राष्ट्र भएपछि राज्यले थुप्रै प्रत्यक्ष र अप्रत्यक्ष दायित्वहरू व्यहोर्नु पर्दछ। सरकारले हालसालै गरेको प्रतिबद्धतालाई व्यवहारिक रूप प्रदान गर्न नेपालले विधानको अनुमोदन गरेको अवस्थामा नेपालमाथि केहि दायित्वहरू सिर्जना हुन जान्छन्। जुन विधानको पूर्ण कार्यान्वयन र अदालतलाई पूर्ण सहयोग गर्ने तर्फ लक्षित रहेको हुन्छ। सन्धिका प्रावधानहरू लागू गर्ने सम्बन्धमा दुईवटा सिद्धान्तको विकास भएको पाइन्छ। एकले अन्तर्राष्ट्रिय सन्धिका प्रावधानहरूलाई राष्ट्रिय कानूनमा समायोजन गरिनु गर्छ भन्छ भने अर्कोले अनुमोदन गर्ना साथै स्वत: राष्ट्रिय कानूनको मान्यता प्राप्त गरि हुवहु लागू हुन्छ भन्छ। यी दुई सिद्धान्त मध्ये नेपालले पहिलो सिद्धान्तलाई अनुशरण गरेको पाइन्छ। संवैधानिक व्यवस्थाका साथसाथै फौजदारी र कार्यविधि कानूनलगायतका राष्ट्रिय कानूनहरूमा रोम विधानले प्रत्यक्ष प्रभाव पार्दछ। अनुमोदनपश्चात् विधान अनुरूपको राष्ट्रिय कानून विशेष गरेर सारभुत र कार्यविधि फौजदारी कानून बनाइ लागू गर्नुपर्दछ। रोम विधानको प्रावधानको राष्ट्रिय कानूनमा समायोजन




गर्नाले सम्बन्धित अधिकारीहरू अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई पूर्ण सहयोग गर्न निश्चित हुन्छन् र अन्तर्राष्ट्रिय फौजदारी अदालत अर्न्तगतका अपराधहरू राष्ट्रिय अदालतमा कारबाही चलाइ सजाय गर्न सकिन्छ।

रोम विधानको अनुमोदन गर्ने राज्यले अपराधको अनुसन्धान र कारबाहीमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको आग्रहलाई पालना गर्नुपर्दछ। त्यसका लागि विधानको भाग ९ मा राज्यले पूरा गर्नुपर्ने दायित्व र सहयोगका वारेमा विस्तृत व्यवस्था गरिएको छ। जसमा ओरोपितलाई पक्राउ र हस्तान्तरण गर्ने, अन्तर्राष्ट्रिय फौजदारी अदालतको आदेश र निर्णय कार्यान्वयन गर्ने, पीडित र साक्षीको संरक्षण र अन्तर्राष्ट्रिय फौजदारी अदालतको अभियोक्तालाई आफ्नो भुभागमा अनुसन्धान गर्न अनुमति दिनेलगायतका कार्यहरू पर्दछन्। राज्य पक्षले आफ्नो राष्ट्रिय कानून तथा कारवाहीले अदालतको कामकारवाहीमा अफठ्यारो वा ढिलासुस्ति गराए नगराएको तर्फ पनि ध्यान दिनुपर्दछ। अन्तर्राष्ट्रिय फौजदारी अदालतले आग्रह गरेको समयमा राज्य पक्षले आरोपित व्यक्तिलाई तुरून्त पक्राउ गरी हस्तान्तरण गर्नुपर्दछ। अन्तर्राष्ट्रिय फौजदारी अदालतको कुनै प्रहरी नभएकोले राज्य पक्षले आफ्नो भु-भागमा आरोपितको प्रक्राउ र हस्तान्तरण राज्यपक्ष माथी निर्भर रहन्छ। पक्राउ र हस्तान्तरण सम्बन्धि सरल र स्पष्ट कानून बनाइएमा अप्ठ्याराहरू न्यूनिकरण हुदै जाने र समयमा नै पूर्ण रूपमा रोम विधान अनुरूपका दायित्वहरू पूरा गर्न सकिन्छ।

रोम विधान अनुसार राज्य पक्षका साथसाथै गैरराज्य पक्षहरूले पनि आरोपितलाई पक्राउ र हस्तान्तरण देखि अन्य विषयहरू जस्तो सुचना र प्रमाण संकलन तथा संमप्रेषण गर्ने, आरोपित, पीडित र साक्षीको सुरक्षा गर्ने, वारेन्ट जारी गर्ने, खानतलासी र जफत गर्ने, अभियोक्ताले हेरिरहेको मुद्दाका वारेमा राज्यमा कुनै कारबाही चलिरहेको भए त्यसको प्रगति वारे अभियोक्तलाई आवधिक प्रतिवेदन बुझाउने, अदालतको आदेश र निर्णयहरू कार्यान्वयन गर्ने जस्ता विषयहरूमा निरन्तर सहयोग र समाञ्जस्यता कायम राख्नुपर्दछ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतका अभियोक्तालाई आफ्नो भु-भागमा अनुसन्धान गर्न अनुमति दिनुपर्दछ। राज्य सुरक्षाका लागि र राष्ट्रिय कानूनद्वारा निषेध गरिएको अवस्थामा राज्यले अदालतलाई अनुमति नदिन पनि सक्छ। झूटो बकपत्र

**अन्तर्राष्ट्रिय फौजदारी अदालतको प्रमुख उद्देश्य भनेको जनसंहार, युद्ध अपराध र मानवता विरूद्धका अपराधमा संलग्नलाई कारबाही गरी दण्डहीनताको अन्त्यसहित मानवअधिकारको संरक्षण, शान्ति सुरक्षा, न्याय र कानूनी राजको स्थापना गर्नु हो ।**

दिने, भ्रूटो प्रमाण प्रस्तुत गर्ने, साक्षीलाई भ्रष्टतापूर्वक प्रभावित पार्ने, साक्षीको उपस्थिति वा बकपत्रलाई बाधाव्यवधान वा हस्तक्षेप गर्ने, बकपत्र गरेवापत साक्षीविरूद्ध प्रतिशोध लिने वा प्रमाणको सङ्कलन ध्वस्त पार्ने, अदालतका कार्याधिकारीहरूलाई तिनका कर्तव्य नगर्ने वा अनुचित तरिकाले गर्न जोर वा अनुनय गर्ने उद्देश्यले रोक्ने, धाकधम्की दिनु वा भ्रष्टतापूर्वक प्रभावित पार्ने, घुस माग्नु वा स्वीकार गर्ने जस्ता हन्यायप्रशासन विरूद्धका अपराधहरूमा राज्यले कारबाही गर्दछ। राज्यले रोम विधानको अनुमोदन गरेपछि अप्रत्यक्ष रूपमा थुप्रै दायित्वहरू सिर्जना हुनेछन्। राज्यले अन्तर्राष्ट्रिय फौजदारी अदालत उपर राष्ट्रिय क्षेत्राधिकार लागु गर्नुपर्दछ। रोम विधान अर्न्तगत अपराध भनि परिभाषा गरिएका कार्यहरूलाई राष्ट्रिय कानूनमा समेत अपराधिक कार्यको रूपमा समावेश गरि त्यस्ता कार्यमा संलग्नहरूलाई कारबाही गर्नु राज्यको प्रथम दायित्व हुन्छ। विधान अर्न्तगतका अपराधमा सजाय गर्न राज्य इच्छुक वा सक्षम भएको अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार आकर्षित हुन्छ।

रोम विधान अनुरूपको संवैधानिक प्रावधानको व्यवस्था गर्दा नागरिकको सपुर्दगी गर्ने र सरकार वा राज्य प्रमुखले उपभोग गर्ने विशेषाधिकारको निश्चित रोम विधान अनुरूप गर्नुपर्दछ। हाम्रो संविधानले सपुर्दगं विरूद्धको अधिकारको सम्वन्धि व्यवस्था नगरेता पनि देश निकाला विरूद्धको अधिकार सुनिश्चित गरेकोछ। सपुर्दगी ऐनमा कुनै अभियुक्तलाई सपुर्दगी गर्नवाट इन्कार गर्नसक्ने अधिकार सरकारलाई प्रदान गरिएको छ, जुन अन्तर्राष्ट्रिय कानूनको सिद्वान्तसँग मेल खादैन्। विधानको अनुमोदनपश्चात अदालतको क्षेत्राधिकार राष्ट्रिय क्षेत्राधिकार उपर पुरक हुने भएतापनि राज्यपक्षले संरचनात्मक व्याख्याद्वारा अथवा संविधानको संशोधनद्वारा राष्ट्रिय कानूनलाई विधान अनुकूल बनाउनु पर्दछ।

**रोम विधान अर्न्तगत अपराध भनि परिभाषा गरिएका कार्यहरूलाई राष्ट्रिय कानूनमा समेत अपराधिक कार्यको रूपमा समावेश गरि त्यस्ता कार्यमा संलग्नहरूलाई कारबाही गर्नु राज्यको प्रथम दायित्व हुन्छ ।**

अपराधिक कृयाकलापवाट राज्य प्रमुख तथा सरकारलाई जोगाउने उद्देश्यले प्राय संविधानमा नै पूर्ण संरक्षण र सरकारी संरक्षणको प्रत्याभुति गरिएको हुन्छ। नेपालको संविधान अनुसार राजाले गरेका कुनै कामकारबाहीका सम्बन्धमा प्रश्न उठाउन भनि यस्तो विशेषाधिकार राजालाई रहेकोमा ०६३ जेठ ४ गतेको प्रतिनिधि सभाले राजाको यस्तो विशेषाधिकार नरहने धोषणा गरेपश्चात राजाको त्यस्तो विशेषाधिकार रहदैन। फ्रान्स, ब्राजिल र बेल्जियमको संविधानमा जस्तै सरकारले अन्तर्राष्ट्रिय फौजदारी अदालतको अधिकार क्षेत्रलाई मान्यता प्रदान गरी विधानको प्रावधानलाई हाल मस्यौदा गर्दै गरेको अन्तरिम विधानमा समावेश गर्न सकिन्छ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको प्रमुख उद्देश्य भनेको जनसंहार, युद्ध अपराध र मानवता विरूद्धका अपराधमा संलग्नलाई कारबाही गरी दण्डहीनताको अन्त्यसहित मानवअधिकारको संरक्षण, शान्ति सुरक्षा, न्याय र कानूनी राजको स्थापना गर्नु हो। विधानको अनुमोदन पछि नेपाली कानूनी प्रणालीमा पनि यस्ता मुल्य मान्यतालाई समाहित गरी विधानमा उल्लेख गरिएका अपराधहरूलाई नेपालमा पनि अपराधिकरण गर्नुपर्दछ। हाम्रो कानूनमा रोम विधान अर्न्तगतका अपराधहरूलाई समाहित गरिएको छैन्।

दासत्वकरण, जनसमूदायको निष्कासन वा बलात् स्थानान्तरण, यातनालाई अपराधीकरण गर्ने, यौनदासता, करकापको वेश्यावृत्ति, बलात् गर्भधारण, करकापको स्थायी बन्ध्याकरण, वा यस्तै गम्भीर खालका यौनहिंसा, राजनीतिक, जातीय, राष्ट्रिय, जनजातीय, सांस्कृतिक, धार्मिक, लैङ्गिक वा अन्य आधारमा पहिचान्य समूह वा सामूहिकताको दमन, व्यक्तिहरूको बलात् बेपत्ता, बन्धक बनाउने, सैन्य आवश्यकताले पुष्टचाइँ नगर्ने र गैरकानूनी तरिका र स्वेच्छाचारीपूर्वक गरिएको गैरसैनिक व्यक्तिको सम्पत्तिको व्यापक तोडफोड, सैन्य उद्देश्य नरहेका गैरसैनिक वस्तुउपर मनसायपूर्वक आक्रमण लक्षित गर्ने, पीडित र साक्षीहरूको संरक्षण गर्ने सम्बन्धमा यहाँ कुनै स्पष्ट कानून छैन। कानूनकै अभावमा यस्ता कार्यलाई अपराधिकरण नै गरिएको छैन्।

हाम्रो कानूनमा अपराधिक कार्य वारेको ज्ञानलाई भन्दा मनसायलाई अपराधको सारतत्वको रूपमा लिइन्छ, जुन विधानको भावना विपरित रहेको छ। न्याय प्रणाली निश्पक्ष र यर्थाथमा आधारित हुनुपर्दछ। कुनै बिशेष समूहको इच्छा अनुरूप वा शक्तिशाली वर्गलाई फौजदारी उत्तरदायित्व वहन गराउने कार्यवाट वचाउने खालको न्याय प्रणाली हुनुहुदैन्। मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनको गम्भीर उल्लघंनको मुद्दामा न्याय नदिनु भनेको कानूनी राज्य र राज्यले नागरिकको मानवअधिकारको संरक्षण गर्ने सम्बन्धमा गरेको प्रतिबद्धताको पूर्ण पालना नगर्नु हो। सिद्वान्तत राष्ट्रिय कानून अन्तर्राष्ट्रिय कानून अनुरूपको हुनुपर्दछ। विधानको प्रावधान कार्यान्वयन गर्न कानूनमा उल्लेखित अपराध र फौजदारी दायित्वको सिद्वान्तलाई विधानमा भन्दा विस्तृत रूपमा व्याख्या गरिनुपर्दछ।

# आममाफीको निर्णय : दण्डहीनतालाई प्रोत्साहन

प्रकाश ज्ञवाली

**दण्डहीनताले राजनीतिक सहमतिको आधार प्रदान गर्छ र त्यसैका आधारमा लोकतन्त्र सुदृढ पार्न सकिन्छ भन्ने भ्रम राजनीतिक दलहरूमा छ । यस्तो भ्रम-निर्देशित कदमका कारण अपराधिक राजनीतिकरणको क्रम बढ्ने देखिन्छ । दण्डहीनताले आक्रान्त विगतको पुनरावृत्तिमा सरकारी निर्णयहरूको प्रमुख हात छ।**

फौजदारी अपराधमा विभिन्न जेलमा बन्दी एघार माओवादी कार्यकर्तालाई आममाफी सरकारलै आम माफी दिई रिहा गरेको छ। यस्तो सरकारी निर्णयले पुन: एकपटक न्यायका पक्षधर र दण्डहीनता अन्त्यका लागि कार्यरत सबैलाई झस्काएको छ। ०६३ चैत २५ गतेको मन्त्रिपरिषद बैठकले ज्यान मुद्दाका बन्दीहरूलाई माफी दिने निर्णय गरेको छ। माओवादीहरू सरकारमा सामेल भएपछि गरिएको पहिलो निन्दनीय कार्यका रूपमा यो निर्णय आएको हो।

त्यसरी माफी पाउनेहरूमध्ये सात जनाले ज्यान मारेको ठहर गरी अदालतले अधिकतम सजाय तोकेको थियो। राजकुमार विष्ट (नेपालगञ्ज), पदमबहादुर गुरूङ ( गोरखा) र कृष्णबहादुर गुरूङ (तनहुँ) ज्यान मुद्दामा जन्मकैद भोगिरहेका थिए। माफीमा दिइएका अन्य बन्दीहरूमा ज्यान मुद्दामै बीस वर्ष कैद भोगिरहेका नकुल विश्वकर्मा (दाङ) र तिलक केसी (रोल्पा) तथा दश वर्ष कैद सजाय भोगिरहेका मोहन चौधरी र कालुबहादुर चौधरी (कञ्चनपुर) छन्। त्यसैगरी आतंककारी गतिविधिसम्बन्धि मुद्दामा दश वर्षको सजायअन्तर्गत कैदमा रहेका रामेश्वर कार्की (नुवाकोट), चोरी-डकैतीअन्तर्गत छ वर्षको कैद र ९२ हजार रुपैयाँ जरिवाना तोकिएका लालबहादुर मोक्तान (काभ्रे), हातहतियार तथा खरखजानासम्बन्धी मुद्दामा साढे एक वर्ष कैद र पाँच हजार रुपैयाँ जरिवाना तोकिएका भरतकुमार पौडेल (पाँचथर) र सोही अपराधमा दुई हजार रूपैयाँ जरिवाना तोकिएका गगनदेव यादव (रौतहट) ले माफी पाएका छन्।

सरकारी निर्णयको पर्सीपल्टै कास्की जेलमा रहेका १ सय ५६ जना बन्दीहरूले आममाफीको माग गर्दै जेल तोडफोड र आगजनी समेत गरे। माफीको आग्रह गर्दै प्रधानमन्त्री गिरिजापसाद कोइरालासँग भेट गर्ने माग राखेका बन्दीहरूको आवाज सुनुवाई नभएपछि उनीहरू आन्दोलनमा उत्रिएका थिए, जुन तोडफोड, आगजनी र प्रहरीसँगको भीडन्तसम्म पुग्यो। ०६३ बैशाख २३ गते नेपालगञ्ज जेलमा रहेका बन्दीहरुले पनि यस्तै माग राखि आफ्ना मागको सुनुवाई नभए जेल तोडेर भाग्ने चेतावनी दिए। त्यतिमात्र होइन, विभिन्न जेलमा बन्दी रहेका व्यक्ति तथा उनीहरुका आफन्तहरुले संगठित रुपमा यस्तो दबाब सृजना गर्न थालेका छन्। ०६४ जेठ २४ गते वीरगञ्ज जेलका बन्दीका आफन्तहरुले उनीहरुको आम माफीको माग गर्दै प्रदर्शन गर्नुका साथै चरणबद्ध आन्दोलन घोषणा गरेका छन्।

यी घटनाक्रमले संक्रमणकालीन अवस्थाका चुनौति, आठ दल र अन्तरिम सरकारको कार्यशैली, न्याय प्रत्याभूत र कानूनको शासन स्थापित गर्ने सन्दर्भमा सरकारी कार्यकुशलताको अभाव र राजनीतिक दलहरूको दिशाहीनता प्रस्ट पारेका छन्। दण्डहीनताले राजनीतिक सहमतिको आधार प्रदान गर्छ र त्यसैका आधारमा लोकतन्त्र सुदृढ पार्न सकिन्छ भन्ने भ्रम राजनीतिक दलहरूमा छ। यस्तो भ्रम-निर्देशित कदमका कारण अपराधिक राजनीतिकरणको क्रम बढ्ने देखिन्छ। दण्डहीनताले आक्रान्त विगतको पुनरावृत्तिमा सरकारी निर्णयहरूको प्रमुख हात छ। ०४६ यता मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन नहुनु, राजनीतिक अपराधीकरण र भ्रष्टाचारमा मुछिएकाहरूमाथि कुनै कारवाही नहुनु, दश वर्षको सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकार तथा मानवीय कानूनको व्यापक उल्लंघन गर्नेहरूलाई कानूनी कारवाहीको दायरामा नल्याइनु, राजनीतिक गठनबन्धनका नाममा न्यायिक सुनिश्चितता लत्याइनु, रायमाझी आयोगको प्रतिवेदन हालसम्म सार्वजनिक नगर्नु र त्यसको प्रभावकारी कार्यान्वयन अगाडि नबढाउनु, कुनै छानबिन विना र निकट भविष्यमा स्थापित हुने भनिएका संयन्त्रहरूलाई पनि नपर्खेर आममाफीजस्ता निर्णयहरू गर्दैजानु केही दृष्टान्त हुन्।

माओवादीहरू आफ्ना कार्यकर्ताहरू, चाहे तिनीहरू ज्यान मुद्दामा कैद भोग्दै गरेका नै किन नहोउन्, उनीहरूलाई कुनै सजाय नहोओस् भन्ने चाहन्छन्। उनीहरूमा न्याय र जवाफदेहिताको जिम्मेवारी बोध भएको भए यस्तो निर्णयका लागि दबाब दिने र यसअघि व्यक्त प्रतिबद्धताहरूको क्रमिक र विधिसंगत कार्यान्वयनलाई लत्याउने थिएनन्। तर, बिडम्बना, ज्यानजस्तो गम्भीर प्रकृतिको मुद्दामा कैद तोकिएकाहरूलाई समेत रिहा गर्नेगरी आममाफी दिने निर्णय गरिएको छ। यसले कानूनको शासनप्रति व्यक्त प्रतिबद्धताको खिल्ली उडाएको छ। अपारदर्शी हिसाबलै यसरी माफी दिने प्रवृत्तिले कानुनी राज्यको अवधारणाको उल्लंघन हुने मात्र नभई दण्डहीनताको संस्कृति अझ मौलाउने खतरा बढेको छ।

दोहोरो संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको मुलुकमा जटिलता सृजना हुनु अस्वभाविक होइन। लामो संकटपछि शान्ति र लोकतान्त्रिकरणतर्फ अगाडि बढ्न लागेका राष्ट्रहरूमा न्यायिक सुनिश्चितता राजनीतिक सरोकारवालाहरूको प्राथमिकतामा नपर्न सक्छ। शान्ति स्थापनाका नाममा विगतका अपराधहरूप्रति आँखा चिम्लने सम्भावना रहन्छ। यो खतरा हाम्रो देशमा पनि उत्तिकै गम्भीररूपमा देखिएको छ।

पीडकमाथि कारवाही र पीडितलाई न्याय प्रदान नगर्दासम्म द्वन्द्वको उपयुक्त समाधान सम्भव छैन। यही पक्षलाई दृष्टिगत गरी सरकार र माओवादीबीच ०६३ मंसिर ७ गते सम्पन्न विस्तृत शान्ति सम्झौता तथा माघ १ गते जारी अन्तरिम संविधानमा सत्य निरूपण तथा मेलमिलाप आयोग गठनको प्रावधान राखिएको छ। अन्तरिम सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रममा पनि दण्डहीनताको अन्त्य, सुशासनको प्रत्याभूतिजस्ता सवाललाई प्राथमिकतामा पारेको छ। समस्या नभई समाधानको उपाय सोचिएको पक्कै होइन। दुवै पक्ष संक्रमणकालीन संयन्त्र निर्माण गर्नुपर्ने आवश्यकतामा सहमत भएर नै यस्ता दस्तावेजहरू आएका हुन्। तर, संयन्त्रहरू स्थापनाको प्रक्रिया भने अद्यापि चालिएको छैन। बरू, विधिविपरीत, सरकारी निर्णयबाटै गम्भीर मुद्दाहरू किनारा लगाउने र कानूनी प्रक्रियालाई जबर्जस्त इन्कार गर्ने प्रवृत्ति देखिएको छ।

लोकतन्त्र स्थापनापछि, खासगरी युद्धविरामको घोषणा र सात दल-माओवादीबीच सम्पन्न आठ बुँदे सहमतिसँगै थुनामा रहेका प्रायः माओवादी कार्यकर्ताहरूलाई विगतमा उनीहरूले गरेका अपराधहरूको व्यक्तिगत फौजदारी उत्तरदायित्वबाट उन्मुक्ति दिई रिहा गरियो। यसले एकातर्फ, विगतमा भएका यस्ता अपराधको छानबिनलाई कठिन बनाएको छ भने अर्कातर्फ राज्यका सुरक्षा निकायहरूबाट भएका अपराधहरूलाई ढाकछोप गर्ने र दोषीहरूलाई उन्मुक्ति दिने

**पीडकमाथि कारवाही र पीडितलाई न्याय प्रदान नगर्दासम्म द्वन्द्वको उपयुक्त समाधान सम्भव छैन। यही पक्षलाई दृष्टिगत गरी सरकार र माओवादीबीच ०६३ मंसिर ७ गते सम्पन्न विस्तृत शान्ति सम्झौता तथा माघ १ गते जारी अन्तरिम संविधानमा सत्य निरूपण तथा मेलमिलाप आयोग गठनको प्रावधान राखिएको छ।**

आधार खडा गरेको छ। सरकारी नियतबाट, भविष्यमा जुनसुकै संयन्त्र बने पनि, सरकार विगतमा राज्य र माओवादीबाट भएका मानवअधिकार एवम् मानवीय कानून उल्लंघनका गम्भीर घटनामा व्यक्तिगत फौजदारी दायित्व सृजना गरिनुपर्ने जिम्मेवारीबाट पन्छिने देखिएको छ।

विगतमा भएका अपराधहरूमा दोषीलाई आममाफी दिने कुरा भने सात दल, सरकार र माओवादीबीच सम्पन्न अहिलेसम्मका सहमतिहरूमा कतै उल्लेख छैन। तर, माओवादी भनिएका "दोषी"हरू प्रायः मुक्त भइसकेको अवस्था छ। आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) ऐन वा सार्वजनिक अपराध ऐन अन्तर्गत बन्दी बनाइएकाहरूलाई द्वन्द्वकालीन परिस्थितिमा राजनीतिक पूर्वाग्रहका कारण पक्राउ गरिएको भनि रिहा गरिसकिएको छ। पक्कै पनि, राजनीतिक बन्दीहरु तथा गैरन्यायिक तवरले थुनामा राखिएकाहरुलाई रिहा गरिनु पर्दछ। यसको अर्थ अपराधको छानबिन नगर्नु वा अपराध तोकिएकाहरुका सम्बन्धमा विना छानबिन माफी प्रक्रिया अगाडि बढाउनु हुन सक्दैन। उपयुक्त अनुसन्धान विना चालिने यस्ता कदमहरु न्यायिक सिद्धान्तविपरीत हुन जान्छन्। हस्तान्तरण गर्न नसकिने यस्ता फौजदारी दायित्वहरू सम्बन्धी निर्णयले दूरगामी विधिशास्त्रीय महत्व राख्दछन्। सरकारी निर्णयले एकातर्फ यस्तो महत्वको अवमूल्यन गरेको छ भने अर्कातर्फ विगतका अपराधीहरूमाथि पुनः दायित्व स्थापित गर्न सकिने सम्भावनामा जटिलता थपेको छ।

यस्ता निर्णयले सत्य निरूपण तथा मेलमिलाप आयोगको महत्व पनि इन्कार गरेका छन्। यदि यस्ता गम्भीर सवालहरू सरकारी निर्णयका आधारमा अहिले नै किनारा लाग्ने हो भने - त्यस्तो आयोगको महत्व के ? के सरकारले गरेका आममाफीका निर्णयहरुलाई पुनःपुष्टि गर्नका लागि त्यस्तो आयोग गठन गर्न लागिएको हो ? अपराधलाई राजनीतिक छूट दिने र राजनीतिक आवरणमा कानून उल्लंघनकारीहरूलाई संरक्षण गर्ने परिपाटीले दण्डहीनताको नयाँ स्वरूप अगाडि ल्याएको छ। दस्तावेजहरूमा दण्डहीनता अन्त्य गर्ने जस्तोसुकै प्रतिबद्धता व्यक्त गरे पनि सरकारी व्यवहारले तिनको औचित्य समाप्त गर्दै लगेका छन्।

कानून उल्लंघन रोक्न कानूनी तथा प्रशासनिक मापदण्ड अवलम्बन गर्नु, उल्लंघनका घटनाहरूको छानबिन तथा पीडकमाथि कारवाही गर्नु, पीडितहरूलाई समान र प्रभावकारीरूपमा न्यायको पहुँच प्रदान गर्नु, पीडितलाई उचित उपचार र क्षतिपूर्तिको व्यवस्था गर्नु राज्यका प्राथमिक दायित्व हुन्। आममाफीको सरकारी निर्णयबाट यस्ता दायित्वहरूको ठाडो उल्लंघन भएको छ। अपराध रोकथामका उपाय अवलम्बन गर्ने राजनीतिक इच्छाशक्तिलाई शिथिल बनाइएको छ। सरकारी निर्णयबाट पीडित पक्षको न्यायको पहुँच नकार्नुका साथै विगतमा भएका अपराधहरू कानूनीरूपमा स्थापित गर्ने दायित्वबाट पन्छिएको छ। "राजनीतिक अविश्वास अन्त्य गर्ने प्रक्रियामा सानो कदम"का रूपमा परिभाषित गरिए पनि आममाफीको यो निर्णयले कानूनको शासन र पीडितका अधिकारसम्बन्धी मान्यतालाई तिरस्कार गरेको छ। ●

# सत्य निरूपण तथा मेलमिलाप आयोगः दक्षिण अफ्रिकी अनुभव

लक्ष्मणदत्त पन्त

नेपालमा अहिले बिगतमा राज्य र माओवादी पक्षबाट भए गरेका मानवअधिकार र मानवीय कानून उल्लंघन तथा बिभिन्न शसस्त्र समूहबाट भएका मानवअधिकार ज्यादतिको छानबीन गरिनुपर्ने आवाज उठिरहेको छ। सोको लागि एउटा आयोग गठन हुनुपर्ने प्रस्ताव समेत पेश गरिएको छ। द्वन्द्व पश्चातको समाजमा कानूनी पुन:संयोजन अपरिहार्य मानिन्छ। कानूनी संयन्त्रको अभावमा दीगो शान्ति असम्भव प्राय हुन्छ। धेरैजसो द्वन्द्वग्रस्त मुलुकहरूमा द्वन्द्वपश्चात पीडितलाई न्याय र पीडकलाई सजाय गरि संक्रमणकालीन न्यायको अनुभूति गर्न सत्य निरूपण तथा मेलमिलाप आयोगहरू गठन गरिएका छन्। सिद्धान्ततः गृहयुद्ध वा तानाशाही शासन व्यवस्था जस्ता आन्तरिक राजनीतिक तनावभरि सरकारले गरेका मानवअधिकार उल्लंघनलगायतका गलत कार्यहरू पत्ता लगाउन सत्य तथा मेलमिलाप आयोगको गठन गरिन्छ। दक्षिण अफ्रिकामा सन् १९९४ मा रंगभेद शासन व्यवस्थाको अन्त्यपछि १९९५ ताका सत्य तथा मेलमिलाप आयोग गठन भएयता पूर्वी टिमोर, सियरालियोन, घाना, पेरूलगायतका थुप्रै देशहरूमा सोही प्रकृतिका आयोगहरू गठन भएका छन्। यद्यपी दक्षिण अफ्रिकी सत्य तथा मेलमिलाप आयोगबाट अरू देशमा गठन हुने नयाँ आयोगहरूले पनि पाँठ सिक्दै आइरहेका छन्। खासगरि सो आयोगले मानवअधिकार उल्लघंन र ज्यादतिका घटनाका दोषीहरूलाई दिएको आममाफीको आलोचना हुदैआएको छ।

सन् १९९५ मा दक्षिण अफ्रिकी राष्ट्रपति नेल्सन मण्डेलाद्धारा स्थापित सत्य तथा मेलमिलाप आयोगलाई रंगभेद शासन व्यवस्था अवधिमा भएका गलत कार्यहरूको अभिलेख राख्ने, पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने, पुन:स्थापना गर्ने र मानवअधिकार उल्लंघनका घटनाहरूमा संलग्न पीडकलाई आममाफीका लागि सिफारिस गर्ने कार्यदेश थियो। यस आयोगलाई दक्षिण अफ्रिकामा पूर्ण र स्वतन्त्र प्रजातन्त्रका लागि संक्रमणकालको निर्णायक संयन्त्रका रूपमा लिइएपनि बिश्वब्यापी रूपमा सफल आयोग भने मानिदैन। आर्कबिसोप डेसमोण्ड टुटुको अध्यक्षतामा गठित अठार सदश्यीय सो आयोगले निम्न तीन समिति अन्तर्गत कार्य सम्पादन गरेको थियो :

१. ***मानवअधिकार उल्लंघन समितिः*** यस समितिले सन् १९६० देखि १९९४ को अवधिमा भएका मानवअधिकार उल्लंघन र ज्यादतिका घटनाहरूबारे छानबीन गरेको थियो।

२. ***क्षतिपूर्ति तथा पुनःस्थापना समितिः*** यस समितिले पीडितको प्रतिष्ठाको स्थापना र पुन:स्थापनका लागि प्रस्ताव पेश गरेको थियो।

३. ***आममाफी समितिः*** यस समितिले ब्यक्तिगत रूपमा आममाफीका लागि दर्ता गरिएका निवेदनउपर राष्ट्रिय एकता तथा मेलमिलाप ऐनको प्रावधान अनुसार सुनवाई गरेको थियो।

मानवअधिकार उल्लंघन तथा आममाफी समितिले दक्षिण अफ्रिकाको केपटाउन, जोहानसवर्ग, र्याण्डवर्ग लगायतका थुप्रै ठाँउहरूमा सार्वजनिक सुनुवाईको आयोजना गरेको थियो। सो ठाउँहरूमा गरिएको सुनुवाइपश्चात आयोगले रंगभेद शासन व्यवस्थाभरी भएका ज्यादतिहरूमा अपराधहरू राजनीतिक रूपमा प्रभावित भएको र ब्यक्तिगत रूपमा आममाफीका लागि अपील गरिएकाले केही मुद्दाहरूमा आममाफी दिनुपरेको बताएको थियो। पीडकलाई हुनसक्ने सम्भावित न्यायबाट सचेत रहन आयोगले आफुसमक्ष उपस्थित हुनबाट कसैलाई पनि छुट दिएन। आयोगले मानवअधिकार उल्लंघनका प्रतिवेदनहरू अभिलेख गरी रंगभेदी राज्यसहित अफ्रिकन नेशनल

**द्वन्द्वका क्रममा बेपत्ता पारिएका थुप्रै ब्यक्तिहरूका परिवारजनले दक्षिण अफ्रिकी सत्य तथा मेलमिलाप आयोगसमक्ष उनिहरूको स्थिति सार्वजनिक गरिने आशामा निवेदन दिएका थिए। तर आयोगले सो निवेदनहरूमाथि सुनुवाई गरी आममाफीको निर्णय गरेकाले त्यो आशामाथि तुषारापात भयो। आयोगले उनिहरूको अपेक्षा पूरा गर्न सकेन। इन्सेकको तथ्याङ्क अनुसार नेपालमा माओवादी जनयुद्धको क्रममा राज्यबाट ७ सय ८३ जना र माओवादी पक्षबाट १ सय ५ जना गरि जम्मा ८ सय ८८ जना बेपत्ता छन्। यस सन्दर्भमा नेपालमा बन्ने सत्य निरूपण तथा मेलमिलाप आयोग वा बेपत्ता पारिएकाको खोजी सम्बन्धमा बन्ने आयोगले राज्य र माओवादी दुबैलाई जवाफदेही बनाउनै पर्दछ, अन्यथा दक्षिण अफ्रिकाको नियति हामीले पनि भोग्नुको बिकल्प रहदैन।**

कंग्रेसलगायतका सबै उदारवादी शक्तिहरूको आममाफीको अपीलउपर सुनवाई गरेको थियो। आममाफीका लागि कूल ७ हजार १ सय १२ जनाद्वारा दर्ता भएका मुद्दाहरूमा जम्मा ८ सय ४९ जनालाई आममाफी दिइएको थियो भने ५ हजार ३ सय ९२ जनालाई आममाफी दिन अस्वीकार गरिएको थियो। सन् १९९८ अक्टुवर २८ तारेखका दिन आयोगद्धारा प्रस्तुत गरिएको प्रतिवेदनमा रंगभेदी सरकार र लिवरेशन फोर्स दुवैद्धारा गरिएका ज्यादतिहरूको निन्दा समेत गरियो।

सन् १९९६ को अप्रिल महिनाको पहिलो साताभरी दक्षिण अफ्रिकी राष्ट्रिय टेलिभिजन संस्थानले आयोगद्धारा गरिएका सुनुवाईहरूको सात घण्टासम्म प्रत्यक्ष प्रसारण गरिएको थियो। बाकी रहेका आयोगका बिशेष सुनुवाईहरूलाई पत्रकार म्याक्स डु प्रीजले सन् १९९६ को अप्रिलदेखि १९९८ को जून महिनासम्म हरेक आइतबार साप्ताहिक एक घण्टा लामो भागका रूपमा टेलिभिजनमार्फत प्रस्तुत गरेका थिए। यसले अफ्रिकी संक्रमणकालीन सरकार जनताको सूचना पाउने अधिकारप्रति सचेत रहेको पुष्टि गर्दछ। सो आयोगमा सम्बन्धमा फेसिङ दि ट्रुथ, फरगिभनेस, इन माई कन्ट्रि, लङ्ग नाइट जर्नी इन्टु डे, रेड डस्ट, जुलु लभ लेटरलगायतका थुप्रै चलचित्र र वृतचित्र समेत निर्माण गरिएका थिए।

राजनीतिक संक्रमणलाई मेलमिलापको नीतिबाट व्यवस्थित गर्न सफल देखिएको दक्षिण अफ्रिकी सत्य तथा मेलमिलाप आयोग अन्तर्राष्ट्रिय रूपमा विवादरहित भने देखिएन। आयोग जातीय तानाशाही व्यवस्थालाई बहुजातीय प्रजातन्त्रमा परिणत गरी राष्ट्र निर्माणको कार्यमा संक्रमणको सहजिकरण गर्न महत्वपूर्ण संयन्त्र सावित भयो। यद्यपी बिगतको राजनीतिक द्धन्द्धबाट उत्पन्न सामाजिक परिणामलाई पूर्ण रूपमा सम्बोधन गर्न भने असफल रह्यो। केहीले यस अनुभवलाई क्षमादानको अवधारणा भनि उल्लेख गरे भने केहीले प्रजातान्त्रिक संक्रमण व्यवस्थित गरी आमरूपमा राष्ट्रिय परियोजना निर्माणका लागि गरिएको राजनीतिक सहिस्णुताको संज्ञा दिए। दक्षिण अफ्रिकी परिप्रेक्षमा सो आयोगले व्यक्तिगत, सामूदायिक, राष्ट्रिय र राजनीतिक तहमा मेलमिलापको स्वरूप कस्तो हुनुपर्ने बिषयको समेत आवश्यक ब्याख्या गर्न सकेन।

द्धन्द्धका क्रममा बेपत्ता पारिएका थुप्रै ब्यक्तिहरूका परिवारजनले दक्षिण अफ्रिकी सत्य तथा मेलमिलाप आयोगसमक्ष उनिहरूको स्थिति सार्वजनिक गरिने आशामा निवेदन दिएका थिए। तर आयोगले सो निवेदनहरूमाथि सुनुवाई गरी आममाफीको निर्णय गरेकाले त्यो आशामाथि तुषारापात भयो। आयोगले उनिहरूको अपेक्षा पूरा गर्न सकेन। इन्सेकको तथ्याङ्क अनुसार नेपालमा माओवादी जनयुद्धको क्रममा राज्यबाट ७ सय ८३ जना र माओवादी पक्षबाट १ सय ५ जना गरि जम्मा ८ सय ८८ वना बेपत्ता छन्। यस सन्दर्भमा नेपालमा बन्ने सत्य निरूपण तथा मेलमिलाप आयोग वा बेपत्ता पारिएकाको खोजी सम्बन्धमा बन्ने आयोगले राज्य र माओवादी दुबैलाई जवाफदेही बनाउनै पर्दछ, अन्यथा दक्षिण अफ्रिकाको नियति हामीले पनि भोग्नुको बिकल्प रहदैन।

जुनसुकै रूपको हिंसा र असुरक्षा दीर्घकालीन मेलमिलापको लागि अवरोध मानिन्छ। नेपालमा प्रस्तावित सत्य निरूपण तथा मेलमिलाप आयोगले एकातिर बिगतका मानवअधिकार उल्लघंन र ज्यादतिलाई सम्बोधन गर्नैपर्दछ भने अर्कोतिर यसले हिंसाको जुनसुकै स्वरूपलाई समेत निन्दा गर्नुपर्दछ। यसबाट मात्र बिद्यमान संक्रमणको सफल अवतरण सम्भव छ। ●

**सन् १९९६ को अप्रिल महिनाको पहिलो साताभरी दक्षिण अफ्रिकी राष्ट्रिय टेलिभिजन संस्थानले आयोगद्धारा गरिएका सुनुवाईहरूको सात घण्टासम्म प्रत्यक्ष प्रसारण गरिएको थियो। बाकी रहेका आयोगका बिशेष सुनुवाईहरूलाई पत्रकार म्याक्स डु प्रीजले सन् १९९६ को अप्रिलदेखि १९९८ को जून महिनासम्म हरेक आइतबार साप्ताहिक एक घण्टा लामो भागका रूपमा टेलिभिजनमार्फत प्रस्तुत गरेका थिए। यसले अफ्रिकी संक्रमणकालीन सरकार जनताको सूचना पाउने अधिकारप्रति सचेत रहेको पुष्टि गर्दछ।**

**इन्सेकद्वारा विगत एक दशकभन्दा लामो समयदेखि**

हरेक शनिबार बिहान

८.२५ देखि ८.५० बजेसम्म

रेडियो नेपालमा

**मानवअधिकार शिक्षा रेडियो कार्यक्रम**

जनआन्दोलन ०६२/६३ को सफलतापश्चात लोकतान्त्रिक सरकारले ०६३ बैशाखमा सर्वोच्च अदालतका पूर्व न्यायाधिस **कृष्णजंग रायमाझी**को अध्यक्षतामा उच्चस्तरीय जाचाबुझ आयोग गठन गऱ्यो। सो आयोगलाई जनआन्दोलनताका भएको धनजनको क्षति, मानवअधिकारको उल्लंघन, पद र सत्ताको दुरूपयोग तथा आर्थिक अनियमितताको जाँचबुझ गरी जनआन्दोलन दबाउनमा संलग्नलाई कारबाहीका लागि सिफारिस गर्ने कार्यादेश थियो। ०६३ कात्तिक ३० गतेसम्मको म्याद दिइएको आयोगले ०६१ माघ १९ गतेदेखि ०६३ बैशाख ११ गतेसम्मको अवधिमा भएका ज्यादतीका बारेमा अनुसन्धान गरी ०६३ मंसिर ६ गते गते सरकारलाई प्रतिवेदन बझायो। सरकारले सो प्रतिवेदन अहिलेसम्म सार्वजनिक गरेको छैन। राजा ज्ञानेन्द्रलाई कारबाही सिफारिस नगरेको भनि आरोप खेपिरहनुभएका रायमाझीले ०६४ जेठ ७ गते **प्राचीका सम्पादक लक्ष्मणदत्त पन्त** सँगको अन्तर्वातामा राजासहित दुई सय दुई जनालाई कारबाही गर्न आयोगले सरकारसंग सिफारिस गरेको बताउनुभएको छ। अन्तर्वाताका क्रममा रायमाझीले भन्नुभयो, "आयोगले प्राप्त तथ्यका आधारमा तत्कालिन मन्त्रीपरिषदका अध्यक्षलगायत दुई सय दुई जनालाई कारबाही गर्न सरकारसंग सिफारिस गरेको हो। राजा भन्ने शब्द प्रयोग नभएकाले नै कारबाही सिफारिस नभएको भन्नु जनताप्रतिको उत्तरदायित्वबाट पन्छिनु मात्र हो।"



**मानवअधिकारको उल्लंघन सम्बन्धमा नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धि, मापदण्डअनुसार प्रस्टरूपमा खुलाएर नै कारबाही सिफारिस गरिएको हो। कानूनले नसमात्ने खालका ज्यादतीमा कानून बनाएरसमेत कारबाही गर्न सिफरिस गरेका हौं।**

### अन्तर्वाताको सारसंक्षेप

**प्राची:** के जाँचबुझ आयोगले आफ्नो काम सकेर प्रतिवेदन सरकारलाई बुझाएको हो ?

**रायमाझी:** हामीले काम सकेरै प्रतिवेदन सरकारलाई बुझाएका हौं, तर सरकारका तर्फबाट सार्वजनिक गरिएको छैन। आयोगको दायित्व विस्तृत थियो, समय अभावका कारण हामी कतिपय अवस्थामा हतारिएका पनि थियौं। यद्यपी हामीले समयमै प्रतिवेदन सरकारलाई बुझायौं।

**प्राची:** आयोगलाई के बिषयमा जाँचबुझ गर्ने कार्यादेश थियो ? आयोगले के-के बिषयमा कस-कसलाई कारबाही सिफारिस गऱ्यो?

**रायमाझी:** ०६१ माघ १९ गतेदेखि ०६२ बैशाख ११ गतेसम्म तत्कालिन सरकारद्धारा मुलत: जनआन्दोलन ०६२/६३ निस्तेज पार्न गरिएको पद तथा सत्ताको दुरूपयोग, मानवअधिकारको हनन, जनधनको क्षति र आर्थिक अनियमितताका सम्बन्धमा आयोगले छानवीन गरेको हो। हामीले जनचाहना र परिवर्तनको कार्यादेशअनुसार ज्यादतीका बिषयमा तथ्यहरूबाट प्राप्त र कानूनसमेतको आधारमा दोषीलाई कारबाहीका लागि सरकारसंग सिफारिस गरेका हौं। तत्कालिन मन्त्रीपरिषदका अध्यक्षलगायत रक्षा, सुरक्षा, मन्त्रीपरिषद, पशासकसमेतलाई कारबाही सिफारिस गरिएको हो। वास्तवमा विधिको शासनअनुसार २०४७ सालको संविधानको अधीनमा सिफारिस गऱ्यौं।

हामीले शान्तिपूर्ण र शसस्त्र बिद्रोह दुवै आन्दोलनमा भएका ज्यादती हेर्ने कार्यादेश पाएका थियौं। कारबाहीको सिफारिस अपराधको प्रकृति कस्तो हो भन्ने कुरामा भर पर्दछ। फौजदारी अभियोग, विभागीय कारबाही, सचेतदेखि पदमुक्तजस्ता कारबाहीको सिफारिस गरिएको हो। आयोग जाँचबुझ ऐनअनुसार गठित भएको हो। आयोग प्रतिवेदन कार्यान्वयन गर्ने निकाय होइन्। सरकार लोकप्रिय भएर त आएको होइन। अहिले जनतालाई अल्मलाउने काम भएको छ। यो निन्दनीय छ।

**प्राची:** जनआन्दोलन ०६२/६३



**राजा भन्ने शब्द प्रयोग नभएकाले नै कारबाही सिफारिस नभएको भन्नु जनताप्रतिको उत्तरदायित्वबाट पञ्छिनु मात्र हो । जनता सार्वभौम छन् । जनताप्रति सरकारलगायत सबै जवाफदेही हुनैपर्दछ। प्रतिवेदनका बारेमा मैले एकथोक भन्ने, मन्त्रीले अर्कोथोक बोल्ने हो भने जनताले कसलाई पत्याउछ ? सरकारसँग हिम्मत भए प्रतिवेदन तुरून्त सार्वजनिक गरिनुपर्दछ ।**

ताका शान्तिपूर्ण प्रदर्शनमाथी गरिएको दमन र मानवअधिकार उल्लघंनका दोषीहरूलाई कारबाही गर्न आयोगले कस्तो किसिमको सिफारिस गरेको थियो?

**रायमाझी**: प्रतिवेदनले मानिसको बाच्न पाँउने स्वतन्त्रतालाई बिशेष महत्व दिएको छ। मानवअधिकारको उल्लंघन सम्बन्धमा नेपाल पक्ष राष्ट्र भएका अर्न्तराष्ट्रिय महासन्धि, मापदण्डअनुसार प्रस्टरूपमा खुलाएर नै कारबाही सिफासिस गरिएको हो। कानूनले नसमात्ने खालका ज्यादतीमा कानून बनाएरसमेत कारबाही गर्न सिफरिस गरेका हौं।

**प्राची**: आयोगको प्रतिवेदन किन कार्यान्वयन भएन ? तपाईलाई प्रतिवेदन कार्यान्वयन नहुनुमा दोषी को छ जस्तो लाग्छ?

**रायमाझी**: राजनीतिक घटनाक्रमको विकासका कारण आयोगको प्रतिवेदन सार्वजनिक नभएको हो। वास्तवमा भन्ने हो भने प्रतिवेदन कार्यान्वयन नहुनुमा राजनीतिक स्वार्थको दोष छ। आयोगसंग प्रतिवेदन कार्यान्वयन गर्ने अधिकार हुदैन। यो त सरकारले नै कार्यान्वयन गर्ने हो।

**प्राची**: आयोगको प्रतिवेदनमा आयोगकै केही सदस्यहरूले आपत्ति जनाएको भनिन्छ नि?

**रायमाझी**: आयोगको प्रतिवेदनमा हस्ताक्षर गर्ने समयमा केही साथीहरूले अन्तिम समयमा केही असन्तुष्टि व्यक्त गरेका हुन्। असन्तुष्टिको कारण के हो, त्यो स्पस्ट आएन। बिनाकारण हस्ताक्षर नगर्नखोज्नुको त केही अर्थ रहदैन। असहमति (नोट अफ डिसेन्ट)को कुनै अभिलेख पनि हामीकहाँ छैन। मुख्यकुरा सरकारले प्रतिवेदन सार्वजनिक गर्नुपर्ने नै हो।

**प्राची**: राजा ज्ञानेन्द्रलाई कारबाही गर्न नमिल्ने भनि तपाईले सिफारिस गर्नुभएको भनिन्छ नि ?

**रायमाझी**: राजा भन्ने शब्द पो प्रयोग भएन, मन्त्रीपरिषदको अध्यक्षलाई त कारबाहीको लागि सिफारिस भएकै हो नि। आयोगले प्राप्त तथ्यका आधारमा तत्कालिन मन्त्रीपरिषदका अध्यक्षलगायत दुई सय दुई जनालाई कारबाही गर्न सरकारसंग सिफारिस गरेको हो। राजा भन्ने शब्द प्रयोग नभएकाले नै कारबाही सिफारिस नभएको भन्नु जनताप्रतिको उत्तरदायित्वबाट पञ्छिनु मात्र हो। जनता सार्वभौम छन्। जनताप्रति सरकारलगायत सबै जवाफदेही हुनैपर्दछ। प्रतिवेदनका बारेमा मैले एकथोक भन्ने, मन्त्रीले अर्कोथोक बोल्ने हो भने जनताले कसलाई पत्याउछ? सरकारसंग हिम्मत भए प्रतिवेदन तुरून्त सार्वजनिक गरिनुपर्दछ।

**प्राची**: तपाईलाई प्रतिवेदन कार्यान्वयन नहुनुले दण्डहीनतालाई प्रश्रय दिएको जस्तो लाग्दैन ?

**रायमाझी**: हामीले जनआन्दोलनको दमनमा संलग्न दोषीलाई फौजदारी दायित्व सिर्जना गरि कारबाही गर्न सिफारिस गरेका हौ, तर सरकारका गतिबिधि हेर्दा आँट नगरेको देखिन्छ। प्रतिवेदन सार्वजनिक नगरिनुले जनताको सूचनाको हकसमेत हनन भएको छ। सरकारले प्रतिवेदन सार्वजनिक नगरेकाले अहिले पीडकले सजाय पाउने कुरामा ढुक्क हुनसक्ने सम्भावना छैन। इमान्दारीसाथ भएको भए त हुन्थ्यो। गौर हत्याकाण्डमा जिम्मेवार को त ? यी सबै घटनाक्रमलाई हेर्दा दण्डहीनताले प्रश्रय नै पाँउने देखिन्छ, जुन शुभसंकेत होइन।

**प्राची**: संक्रमणकालमा के गर्दा पीडितले न्याय र पीडकले सजाय पाउन सक्दछ?

**रायमाझी**: दण्डहीनताको अन्त्य संक्रमणकालीन न्यायको प्रमुख चुनौति हो। यद्यपी पीडितले न्याय पाउने र पीडकले दण्ड पाउने बिषय सरकारको इच्छाशक्तिमा भर पर्दछ। सरकार अहिलेकै गतिमा सिमित रहे बिश्वास गर्न कठीन छ।

●

# संक्रमणकालीन न्याय

**१. पूर्वाञ्चल**
**रोहित कार्की**
**उपाध्यक्ष, जिल्ला बार इकाइ, भोजपुर**

संक्रमणकालमा न्यायप्रणाली असहज स्थितिमा हुन्छ। नयाँ र पूरानो बिचारका बीचमा द्वन्द्ध भइरहने हुँदा ऐन, नियम, कानून र प्रणालीले आफ्नो आकार ग्रहण गरिसकेको हुँदैन। राज्य र माओवादीद्धारा गरिएका मानवअधिकार उल्लंघनका घटनाको छानवीनका लागि निष्पक्ष छानवीन आयोग गठन गर्नु जरूरी छ। द्धन्द्धको समयमा जुनसुकै बहानामा पनि मानवअधिकार उल्लंघन गर्ने राज्य र माओवादी दुवै पक्षका उल्लंघनकर्तालाई न्यायको कठघरामा उभ्याउनु आवश्यक हुन्छ। बिना कुनै भेदभाव दुवै पक्षका दोषी ठहरिएकालाई कानून निर्माण गरेर भएपनि सजाय दिनुपर्छ। साथै द्धन्द्धको क्रममा पीडित भएकाहरूलाई कानूनी उपचार, राहत, पुन:स्थापना र क्षतिपूर्तिको व्यवस्था हुनुपछ। अहिले सत्य तथा मेलमिलाप आयोग गठन गरिनु अतिआवश्यक छ। यसअघि र हालसम्म पटकपटक गठन भएका आयोगले सत्य कुरा पत्ता लगाई कार्यान्वयन गर्न सकेका छैनन्। यस आयोगले राजनीतिक दलहरूबीचको एकता टुट्न नदिई देशमा दिगो शान्ति स्थापना गर्नकालागि संविधानसभाको चुनाव गराउन सरकारलाई दवाव दिन सक्नुपर्छ।

**रामचन्द्र सुवेदी**
**अध्यक्ष, जिल्ला अदालत, बार इकाइ, सप्तरी**

प्रचलित कानूनले परिभाषा नगरेका र नयाँ बन्ने कानूनले परिभाषाभित्र राख्ने किसिमका अधिकार र परिवर्तित रूपमा व्यवस्था हुन नसकेका तर आवश्यक कुरामा संक्रमणकालमा न्याय प्रक्रिया सहज हुन सक्दैन। पीडितहरूलाई क्षतिपूर्ति दिने प्रयोजनका लागि राज्यले पश्चातदर्शी कानूनको निर्माण गरी पीडितको अवस्था र हैसियतअनुसार क्षतिपूर्ति आयोगको निर्माण गरी आयोगको सिफारिसमा क्षतिपूर्ति दिनुपर्छ। अहिले सत्य तथा मेलमिलाप आयोग गठन हुन आवश्यक छ। राज्य र विद्रोही पक्षबीचको दूरी कम गरी विद्रोही पक्षहरूलाई वार्तामा ल्याई मेलमिलापको वातावरण कायम गर्ने, र मेलमिलाप आयोग समावेशी रूपमा गठन गरी त्यसको काम कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित गरिनु जरूरी छ।

**चुडामणि आचार्य**
**पूर्व केन्द्रीय उपाध्यक्ष, नेपाल बार एशोसिएसन, बिराटनगर**

पीडितको समस्या समाज र राष्ट्रकै समस्या हो। निष्पक्ष रूपमा घटनाहरूको छानविन गरिनु पर्दछ। पीडकको पहिचानसहित कानूनको निर्माण गरी दण्डित गर्नुपर्छ। अपुरणीय क्षतिको पूर्तिको लागि पीडित परिवारहरूले चाहेअनुसारको उपचार, सम्मान, सम्भनालायक वस्तुको निर्माण गर्दै आश्रित परिवारको सहयोगको लागि स्पष्ट सोच निर्माण गर्नुपर्छ। सत्य तथा मेलमिलाप आयोग गठन हुन जरूरी छ। पीडितहरूको पीडाको विवरण दुरूस्त लिई त्यस्तो पीडाउपर न्याय दिन र पीडितहरूको मागबमोजिम न्यायदिने क्रममा एउटा ठोस सोच र नीतिनिर्माण गर्न यस आयोगद्धारा विस्तृत रूपमा कार्य गर्न सकिने हुँदा आयोगको आवश्यकता छ। आयोगले कार्य गरिरहँदा निर्भयका साथ प्रभावकारी रूपमा काम गर्न कानूनी र व्यावहारिक सहजता निर्माण गरिनुपर्छ। कुनैपनि व्यक्ति वा शक्ति आयोगको अनुसन्धानको दायराभन्दा माथि रहनु हुँदैन। हालसम्म राष्ट्रिय राजनीतिक दल र सरकार समेतले तयार गरेका विस्तृत शान्ति सम्झौतालगायतका समझदारी, सहमति बमोजिमका कार्य गर्न राजनीतिक शक्तिहरूले प्रभावकारी कार्यान्वयनका लागि पनि यो आयोगको भूमिका महत्वपूर्ण हुन्छ। जनआन्दोलन-२ मार्फत जनताले राजनीतिक दलहरूलाई दिइएको अभिमत, विश्वास र कार्यादेश बमोजिम निर्माण भएको सरकार, कानून निर्माण गर्ने संसद र विशेष गरी दलको पनि नेतृत्वदायी भूमिका निर्वाह गर्ने सरकार प्रमुखले दमनकर्ताहरूलाई प्रभावकारी ढंगले कारबाही गर्न नसकेको देखिएको छ। रायमाझी आयोगले दिएको प्रतिवेदनमा दोषी देखिएकाको हकमा कारबाही गर्न नसक्नु सरकारी कमजोरी मान्नुपर्छ।

**लिला उदासी**
**अधिवक्ता, झापा**

दीर्घकालीन शान्ति स्थापनाको लागि संक्रमणकालमा पनि न्याय प्रक्रिया प्रभावकारी वनाउन सकिन्छ। यसमा आइपर्ने अनेक चुनौतीका वावजुद यसलाई योजनावद्ध रूपमा प्रयोग गर्न सकियो भने सकारात्मक प्रभावहरू देखापर्ने छन्। विगतमा राज्य र माओवादीद्धारा जुन पीडा उत्पादन गरियो, यसलाई सरसर्ती हेर्दा कहाली लाग्छ, धेरै मानवअधिकार उल्लघंनका घटनाहरू सूचनासम्म वन्न सकेका छैनन। यसैलाई उद्देश्य वनाएर योजना नवनाएसम्म यस फाँटमा खासै काम हुनसक्दैन। निश्चित उद्धेश्य लिएर सत्य तथा मेलमिलाप आयोग गठन भएमा उचित हुनेछ। यस्तो आयोगको प्रभावकारिता र सक्रियता भने विशेष प्रकारकै हुन जरूरी छ। यसका कार्यहरू औपचारिकता भन्दा वास्तविकतातर्फ उन्मुख हुनुपर्दछ। वास्तवमा जनआन्दोलन - २ को दमनमा संलग्नहरूलाई कारबाही नहुनुमा हाम्रो प्रकृति र अवस्था नै दोषी छ, साथै यस्ता आयोगहरूमा झारा टराइका क्रममा गठन हुने गरेकाछन। आयोगहरूले तत्काल स्पस्टझै राय दिने, जे कानून छ त्यसकै आधारमा कारबाही शुरू गरिहाल्ने प्रचलन नवसेसम्म यसै रहन्छ।

*प्रस्तुति: ज्ञानेन्द्र खड्का /प्रकाश खतिवडा /दीपेन नेउपाने /अर्जुन बस्नेत*

**२. मध्यमाञ्चल**

**विवेकराज ढुंगेल**

**अध्यक्ष**

**नेपाल बार एशोसियसन, भक्तपुर**

संक्रमणकालमा जनचाहना अनुरूपको लक्ष्य निर्धारण गरी त्यसको प्रक्रिया स्पष्ट गरेर सोही अनुसार अघि बढेमा लक्ष्य प्राप्ती तथा दिगो शान्ति सहज हुन्छ। शसस्त्र द्वन्द्वको समयमा मानवअधिकार उल्लंघन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको खोजि गरेर सत्यतथ्य पत्ता लगाउने र खलबलिएको सम्बन्धमा सुधार ल्याउने उद्देश्यले सत्य तथा मेलमिलाप आयोगको गठन गरिन्छ। नेपालमा सत्य निरूपण तथा मेलमिलापा आयोग गठन गरी मानवअधिकारको उल्लंघन एंव मानवता विरोधी अपराधमा संलग्न व्यक्तिहरूको सम्बन्धमा छानविन गरी त्यस्ता दोषीहरू उपर कारबाही गरिएन भने त्यस्तो अपराधको कारण पीडित बन्न पुगेकाहरूले विद्रोह गर्ने छन्। यथासिघ्र यस प्रकृतिको आयोग गठन हुनु जरूरी छ। यसले संक्रमणकालको व्यवस्थापन गर्न सहयोग गर्ने, उल्लेखित अपराधका दोषीहरूलाई खोजि गरी सत्य तथ्य प्रकाशमा ल्याउने, आवश्यक कारबाही गर्न लगाउने, सामाजिक विसंगतीहरूलाई हटाउन मद्दत गर्ने, विभिन्न कारण समाजमा उत्पन्न विवादलाई मेलमिलाप गर्ने कार्य गर्ने हुनाले जनआन्दोलनको भावना अनुसार लक्ष्य प्राप्ती गर्न, दिगो शान्ती स्थापना गर्न समेत यसले मद्दत गर्छ। अहिले कारबाही गर्नसक्ने शक्ति आठ दल र सो दलहरूले बनाएको संसद र मन्त्रीहरूसँग छ। यसकारण कारबाही गर्नु र गराउनुपर्ने दायित्व तिनै दलहरूको हो। जनआन्दोलन-२ को दमनमा संलग्नलाई कारबाही नहुनुमा आठै दल जिम्मेवार छन्।

**पुरूषोत्तम ढुंगाना**

**अध्यक्ष**

**नेपाल बार एशोसिएसन ,ललितपुर**

संक्रमणकालीन न्याय चुनौतिपूर्ण छ। छोटो समयका लागि व्यवस्थित प्रकारले राज्य सञ्चालनको प्रक्रिया भएपनि संक्रमणकालीन न्यायले दिर्घकालीन न्यायमा सहयोग गर्छ। स्थायी कानून नबनेसम्म स्थायी शान्तिको परिकल्पना गर्न सकिन्दैन। जहाँ न्याय हुँदैन, त्यहाँ कानूनी राज्य र स्थायी शान्तिको कुरा निरर्थक हुन्छ। माओवादीबाट कब्जा गरिएका सम्पति विगतका समझदारी र सहमति अनुसार फिर्ता गर्नुपर्छ। कुनैपनि आयोग गठन हुनु आफैमा नराम्रो होइन। तर, काम गर्ने शैली के हो र त्यसको उद्देश्य के हो हेर्नु पर्ने हुन्छ। आयोग स्थापना हुँदैमा सत्य निरूपण हुन्छ भन्ने होइन। संक्रमणकालीन सरकार भएकोले सबै क्षेत्रमा ध्यान नजान सक्छ, नपुग्न सक्छ। त्यस्तो अवस्थामा सत्य तथा निरूपण आयोग गठन हुनु उपयुक्त हो। रायमाझी आयोगले सरकारलाई प्रतिवेदन बुझाइसकेपछि त्यसले दोषी ठहराएका दोषी उपर कारबाही नहुनुमा सरकार दोषी छ। आयोगले प्रतिवेदन सरकारलाई बुझाइसकेपछि प्रतिवेदन सार्वजनिक नगर्नुमा राज्यको प्रमुख दोष छ। सरकारले आयोगको प्रतिवेदन जनता समक्ष ल्याउनुपर्छ। आयोगले दोषी ठहराएका दोषीहरूलाई राज्यको कानून अनुसार कारबाही गर्नुपर्छ। कारबाही गर्न नसक्नुमा देशमा भएको कानूनको अप्रयाप्तता हो।

**सम्भु थापा**

**अधिवक्ता**

यो संविधानमा नै मानवअधिकार र मानवता विरूद्धको कानूनलाई खेम्य नहुने र भुतलक्ष्य असर पार्ने गरेर कानून बनाउन पाउने र त्यो विषयमा कानूनी कारबाही हुने व्यवस्था हुनु आवश्यक छ। मानवता विरूद्धको अपराधलाई पारदर्शी बनाउन र त्यसको अनुसन्धान अन्वेषण गर्न छुट्टै प्रकारको निकाय राख्ने न्याय संरचना तयार हुनुपर्दछ। त्यस निकायले न्याय प्रदान गर्ने र अपराधको प्रकृति परिभाषित गर्न सहयोग गर्नेछ। मेलमिलाप आयोगले सत्य पत्ता लगाउने हो। यसले आपसी सदभाव सम्म कायम गर्ने हो यो भित्र मानवता विरूद्ध र मानव अपराधका दोषीरूलाई मेलमिलाप आयोगबाटै समाप्त गर्ने गरी राख्नु हुँदैन। यसमा अदालतबाटै कारबाही हुनुपर्दछ। जनआन्दोलन-२ को दमनमा संलग्नलाई कारबाही नहुनुमा वर्तमान सरकार दोषी छ।

*प्रस्तुतिः अकुरप्रसाद न्यौपाने/*
**गोपीकृष्ण भट्टराई/राजु पासवान**

**३. पश्चिमाञ्चल**

**मोहनप्रसाद घिमिरे**

**न्यायाधिश पुनरावेदन अदालत, पोखरा**

निसन्देह नै संक्रमणकालमा न्याय प्रक्रिया सहज हुदैन। संविधान एवं कानून निस्कृय भएर रहेको अवस्थामा न्यायका परम्परा एवं मान्यताहरूलाई जोगाएर दिगो शान्ति स्थापनातर्फ अघि बढनु आवश्यक हुन्छ। जुनसुकै पक्षबाट भए गरेका मानवअधिकार उल्लंघनका घटनाहरूको अभिलेख,न्यायिक छानवीन हुनुपर्छ। राज्यब्यवस्थाले घटनाबाट पीडित भएकाहरूको समुचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्दछ। प्रतिसोध होइन उपचार एवं क्षतिपूर्ति दिलाउनु राज्यको कर्तब्य हो। कारबाही ढिलाई भएको छ। जाँचबुझ आयोगको प्रतिवेदन लागु गर्नेतर्फ सरकार सक्रिय रूपमा लाग्नुपर्दछ। दोषीमाथि कारबाही गर्ने अधिकार राज्य ब्यवस्थाको नै हो। राज्य शासन ब्यवस्थामा रहेका उच्च अधिकारीहरूको मुख ताकेर हुँदैन,दृढ निश्चय र नीतिको अभावमा कारबाही गर्न सकिदैन्।

**निर्मलकुमार कार्की**

**उप-प्राध्यापक**

**पृथ्वीनारायण क्याम्पस, पोखरा**

दीर्घकालिन शान्ति स्थापनाका लागि संक्रमणकालमा न्यायिक प्रक्रिया जटील तर उचित सुझबुझका साथ सहज रूपमा समाधान गर्दै जानुपर्दछ। संक्रमणकालमा परिवर्तनको चाहनाको मागको अपेक्षाकृत रूपमा बृद्धि हुन्छ। *मानवअधिकार उल्लंघन गर्नेहरूमाथि* कानूनी कारबाही चलाउनु पर्छ। पीडितलाई न्याय दिन प्रभावकारी कदम चालिनु

पर्दछ,वेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गरिनुपर्छ। विस्थापितहरूलाई पुन:स्थापित गर्ने खोसिएका सम्पत्ति फिर्ता गर्ने, घर बसोवासको निर्माण मर्मत सम्भारमा आर्थिक सहयोग,समुचित क्षतिपूर्तिको व्यवस्था गरिनुपर्दछ र सो गर्नका लागि छुट्टै प्रभावकारी संयन्त्रको व्यवस्था गरिनुपर्छ। सत्य तथ्य मेलमिलाप आयोग गठन भएमा त्यसले मुलुकको राज्य संरचनामा दलित, आदिवासी,जनजाती, मधेशी, महिला, किसान, मजदूर अपाङ्ग, पिछडिएका बर्गलगागतलाई सहभागि बनाउन मेलमिलापपूर्ण बातावरण तयार गर्नसक्दछ।

**करूणानिधि शर्मा**

**न्यायाधिस ,जिल्ला अदालत, पर्वत**

न्याय र मानवअधिकार विना शान्ति सम्भव छैन। संक्रमणकालमा न्यायकर्ता, अभियोजनकर्ता र अनुसन्धानकर्ताहरूले स्वतन्त्रपूर्वक कार्य गर्ने वातावरण रहेको हुदैन। उनीहरू दवावमुक्त हुन सक्दैनन् भने पीडितहरूले यस्ता संयन्त्रहरूको पहुँचवाट टाढा रहने हुदाँ पीडितहरूलाई न्याय प्रदान गर्ने ठाँउसम्म र न्याय सम्पादन गर्ने पदाधिकारीहरूलाई स्वतन्त्र र भयमुक्त वनाउन जरूरी हुन्छ। यसो हुन सकेमा न्याय सहज हुन सक्दछ। अहिले सत्य तथा मेलमिलाप आयोग गठन हुनु जरूरी छ। उक्त आयोगको सिफारिस गर्नका लागि बजेट , जनशक्ति र व्यवस्थापनसहितको प्याकेज तयार गरी कार्यान्वयन गर्दै जानुपर्दछ। जनआन्दोलन-२ को दमनमा संलग्नलाई कारबाही नहुनुमा राज्यको कानूनी व्यवस्था को अप्रयाप्तता एकातिर देखिन्छ भने अर्को आयोगको सिफारिसले सम्पूर्ण अनुसन्धान प्रक्रियालाई समेटन नसकेको अवस्था विद्यमान छ।

**लेखनाथ रेग्मी**

**न्यायाधीश**

**जिल्ला अदालत, कपिलबस्तु**

अहिले दीर्घकालीन शान्ति प्राप्तिको लागि राष्ट्र अघि बढीरहेको छ। यही संक्रमणकालीन समयमा जनताका कुण्ठित भएको अधिकारको सम्बन्धमा राहत प्रदान गरेर मात्र दीर्घकालिन शान्तिको कामना गर्न सकिन्छ। अहिले जनताका कुण्ठित अधिकारको सम्वन्धमा राहत नदिइकन दीर्घकालीन शान्तिको कामना पुरा गर्नु भनेको कल्पना मात्र हुनजान्छ। संक्रमणकालीन न्याय जटिल नभई सरल हुनुपर्दछ। पीडित व्यक्तिहरूलाई सहज ढंगवाट न्याय प्रदान गरिनुपर्छ। पीडित व्यक्तिले न्याय खोज्ने होइन। न्यायले पीडित व्यक्ति खोज्नुपर्छ। जनताका घर दैलोमा गएर पीडित व्यक्ति खोजेर राहत दिइनुपर्छ। द्वन्द्व समाप्त भएको स्थितिमा मेलमिलाप आयोगको गठन जरूरी छ। यसको मुख्य उद्देश्य हिजोको माओवादी वा राज्य पक्षले गरेको तिक्ततालाई समाप्त पार्ने हुनुपर्दछ। उच्चस्तरीय छानबीन आयोगले जन आन्दोलन २ को दमनमा संलग्न व्यक्तिलाई कारबाहीको लागि सिफारिस गरिसकेको भएपनि प्रतिवेदनको कार्यान्वयन गर्नु पर्ने नेपाल सरकारले सो दायित्व पुरा गर्न सकेको छैन।

**बालकृष्ण उप्रेती**

**न्यायाधीश, जिल्ला अदालत, गोरखा**

संक्रमणकालमा सवै संयन्त्रहरू आफ्ना कार्य सम्पादन प्रति उदासीन रहनाले न्याय प्रक्रिया त्यति सहज हुदैन। यद्यपी अपेक्षित न्याय सम्पादनको कार्यमा सक्रियता र सुधार ल्याई न्यायालयले कार्य गर्न सकेमा दीर्घकालीन रूपमा शान्ति स्थापनाका लागि योगदान पुग्नसक्छ। सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गरी सो आयोगले दिने सुझाव अनुरूपको प्रक्रिया अपनाई पीडित वा पीडितका परिवारलाई क्षतिपुर्ति दिइनुपर्दछ। सत्य निरूपण तथा मेलमिलाप आयोग गठन हुनु अति जरूरी छ। यस आयोगले पीडितलाई क्षतिपूर्ति र पीडकलाई सजायको सिफारिस गर्नुबाहेक आवश्यकतानुसार पीडित र पीडकका वीच रहेको बैमन्यस्यतालाई न्यून गर्नसक्दछ। सो कार्यका लागि सिफारिस गर्न गठन भएको रायमाझी आयोगले दिएको प्रतिवेदन सार्वजनिक नगरिएको र यस सम्वन्धि दायित्व सरकारमा रहेको कारणबाट जनआन्दोलनको दमनमा संलग्नलाई कारबाही नहुनुमा सरकारनै दोषी देखिन्छ।

***प्रस्तुति* : टंकप्रसाद खनाल / माधवराज पाण्डेय /नन्दराम पौडेल/भीमलाल श्रेष्ठ**

**४. मध्यपश्चिमाञ्चल**

**कमलराज पन्थी**

**जिल्ला न्यायाधिवक्ता**

**जिल्ला सरकारी वकिल कार्यालय, प्यूठान**

मानवअधिकार उल्लंघनका घटनावाट जो कोही कहिल्यै पनि पीडित हुन नपरोस् भन्ने सुनिश्चतता हुनु पर्दछ। यसो भएमा मात्र सवैलाई न्यायको अनुभूति हुनसक्दछ।सत्य तथा मेलमिलाप आयोगको गठन हुन जरूरी छ जस्तो लाग्दछ। आयोगको उद्देश्य विगतमा राज्य र विद्रोही पक्षवाट भएका मानवअधिकार उल्लंघनका घट्नाहरूको छानवीन गर्ने हुनुपर्दछ। जनआन्दोलन-२ को सफलतापश्चात वनेको सरकारले जनआन्दोलन दमनको दोषीलाई कारबाही गर्न रायमाझी आयोग गठन गरी आयोगले सफलतापुर्वक आफ्नो कार्य सम्पन्न गरी सरकारलाई कारबाहीको सिफारिससहित प्रतिवेदन वुझाए पनि हालसम्म उक्त प्रतिवेदन सार्वजनिक नहुनु र दोषीलाई कारबाही नहुनुमा अहिलेको अन्तरिम सरकार जिम्मेवार छ।

**प्रेमप्रसाद हमाल**

**अध्यक्ष, जिल्ला बार इकाइ, रोल्पा**

अहिले नयाँ नेपाल निर्माणका

लागि दीर्घकालीन शान्तिको आवश्यकता छ। शान्ति स्थापनाका लागि द्वन्द्वका समयमा जुनसुकै कारणले जोसुकै पक्षबाट पीडित भएकाहरूले सहज रूपमा न्याय पाउनु जरूरी छ। त्यसका लागि राज्यले नयाँ कानून निर्माण गरी सबै समस्या समाधान गर्नुपर्दछ। मानवअधिकार उल्लंघनका घटनाहरूको निस्पक्ष तरिकाले छानवीन गरी वास्तविक पीडितहरूको पहिचान गरी त्यस्ता पीड़ितहरूलाई उचित क्षतिपूर्ति राहत दिने कानूनी व्यवस्थाको निर्माण हुन जरूरी छ। हुनत राज्यले पीडितहरूलाई राहत रकम प्रदान गर्दै आएको छ। तर त्यो पर्याप्त छैन। सबै पीडितहरूले क्षतिपूर्ति वा राहत रकम प्राप्त गर्न सकेका छैनन्। विस्थापितहरूलाई पुनःस्थापित गराउन र सबैलाई समान रूपले राहत वा क्षतिपूर्ति पाउने व्यवस्था गर्ने ऐन कानूनको निर्माण आवश्यक छ। जनआन्दोलन-२ को दमनमा संलग्नलाई आँठ दलका नेताहरूको कारण कारबाही हुन नसकेको हो। अहिले माओवादी पनि सरकारमा सामेल भएको छ, हेरौं जनआन्दोलन-२ का दोषीलाई कारबाही हुन्छ कि ?

**लोकबहादुर शाह**
**अध्यक्ष**
**पुनरावेदन अदालत बार एशोसिएसन नेपालगञ्ज**

सामाजिक न्याय विना स्थायी शान्तिको कल्पना नै गर्न सकिदैन। न्याय विना अन्याय हुन्छ र अन्याय अत्याचारकै कारण हत्या, हिंसा, विद्रोह आन्दोलन र अशान्ति भई देश जर्जर अवस्थामा पुग्दछ। अत: दीर्घकालीन शान्ति स्थापनाका लागि संक्रमणकालमा न्याय प्रक्रिया सरल, सहज, प्रभावकारी र पारदर्शी हुनुपर्दछ। मानवअधिकारको उल्लंघन गर्ने गराउनेलाई उचित सजाय गरी दण्डहीनताको अन्त गर्ने र पीडितलाई उचित क्षतिपूर्तिको यथासिघ्र व्यवस्था गरिनुपर्दछ। दमनकारी र अपराधीलाई उचित कारबाही गरी दण्ड दिने दिलाउने प्रमुख दायित्व सरकारको भएकोले जनआन्दोलन-२ को दमनमा संलग्नलाई हालसम्म कारबाही नहुनुमा नेपाल सरकारको नै मूल दोष रहेको छ। जनआन्दोलनका दमनकारीलाई यथाशिघ्र कारबाही गरी दण्डहीनताको अन्त्य गर्नु स्थायी शान्तिका लागि अपरिहार्य शर्त हो।

***प्रस्तुतिः महेन्द्र श्रेष्ठ/घनश्याम आचार्य/शिप्रा श्रेष्ठ***

## ५. सुदूरपश्चिमाञ्चल

**भुपेन्द्रबहादुर विष्ट**
**अध्यक्ष, पुनरावेदन वार इकाइ, महेन्द्रनगर**

संक्रमणकाल राज्यका लागि चुनौतीपूर्ण अवस्था हो। निस्पक्ष छानवीन गरेर वास्तविक दोषीलाई कानून बमोजिमको कारबाही गर्नका लागि राज्यले गम्भीर भएर यस प्रति तदारूकताकोसाथ कदम चाल्नुपर्छ। जनआन्दोलन-२ का दोषीलाई कारबाही नगर्नमा आठ दलको गठबन्दन सरकार बढी जिम्मेवार छ। कारबाही गर्ने दायित्व राज्यको हो। सरकारमा सहभागि हुने र राज्यको कानून पालना प्रति प्रतिवद्धता देखाउने तर व्यवहारमा आफ्ना विद्रोही शैलीको प्रयोग गर्ने माओवादी कृयाकलापले गर्दा राज्यको कारबाही प्रभावकारी नभएको अवस्था हो।

**किरणकुमार पोखरेल**
**न्यायाधिश, जिल्ला अदालत, डोटी**

राज्यलाई जीवित सस्थाको रूपमा हेरिने हुँदा राज्य कहिल्यै पनि शुन्यतामा वा कानूनविहीन अवस्थामा रहनु हुदैन। संक्रमणकालमा मुलुकको राजनीति तरल अवस्थामा रहने हुँदा र परिवर्तन गराउनु पर्ने केही कानूनहरूका अवाञ्छित क्रियाकलापबाट शान्ति स्थापनामा अवरोध गर्ने भएकाले न्याय प्रक्रिया त्यति सहज नहुनसक्दछ। बिगतमा राज्य वा माओवादी जोबाट जनता पीडित भएको हो , सोही पक्षबाट नै पीडितलाई शान्तिको अनूभूति गराउन सक्नुपर्दछ। यसका लागि द्वन्द्वबाट विस्थापित भएकालाई पुनःस्थापना गर्न सहज वातावरणको सिर्जना गर्ने, धनसम्पतिको क्षति भएको अवस्थामा त्यसको उचित क्षतिपुर्तिको व्यवस्था गर्ने र सामाजिक सुरक्षा र सम्मानको प्रत्याभुति हुनुपर्छ। मानवअधिकारको उल्लंघन गरेको जाँचबुझबाट देखिएमा उल्लंघनकर्तालाई कानूनी कारबाही गरेर भए पनि पीडितले न्याय पाएको अनुभूति दिन सक्नुपर्दछ।

**प्रयागदत्त भट्ट**
**अधिवक्ता, धनगढी**

न्याय र समाज एकअर्काका परिपूरक पनि हुन। शासक र शासितहरू बिचको विभेदको आशा र भरोसाको केन्द्र न्याय हो। त्यसैले समाज र राज्यले न्यायमा विश्वास राख्दछ। तर न्याय नै प्राप्ती नहुने र नपाउने वा निलम्बन गरिदिने हो भने सामान्य अवस्थामा त त्यो अर्थहीन हुन्छ भने संक्रमणकालमा त झनै महत्वपूर्ण हुने हुदाँ शान्तिको पहिलो शर्त नै न्याय हो। विगतमा राज्य तथा माओवादीबाट भए गरेका मानवअधिकार उल्लंघनका घटनाहरूलाई न्यायोचित तरिकाले सम्बोधन गरिनुपर्दछ। तर विगत जस्तै भविश्यमा पनि यस्तो स्थितिको नियन्त्रण तथा पुनरावृति नहुन आवश्यक ऐन नियमको व्यवस्था गरी नीति लागू गर्नुपर्दछ। जनआन्दोलन-२ मा दमन गर्नेहरू माथी कारबाही नहुनु हाम्रो विगत र वर्तमान को कानूनी संरचना नै हो। समाजको गतिसँग राज्यको कानून हिड्न नसक्नु, पुरानो कर्मचारी र गलत राजनीतिक व्यक्ति तथा नेतृत्वको अदुरदर्शिताले यसो हुन गएको हो। राजनीतिमा इमान्दारी भएन भने शासन विधिको हुदैन। विधिको शासन भएन भने अराजकता जन्मन्छ। अराजकताको उपज दण्डहीनता हुन आउछ।

**प्रस्तुतिः युवराज घिमिरे /लवदेब भट्ट/कृष्णबहादुर बिक**

# संक्रमणमा सहकार्य प्रहरी-प्रशासन र स्थानीयबासीको

मधु पन्थी

पाल्पा जिल्लाको तानसेन नगरपालिकाबाट करीब ४५ किलोमिटर पश्चिमतर्फको जुठापैवा गाविसमा नेकपा माओवादीको अगुवाई र स्थानीय बासिन्दाको सक्रियतामा एउटा नयाँ भवन निर्माण भयो। दुर्गम क्षेत्रका सत्यवती, जुठापौवा र बल्देËगढी गाविस कार्यालयको बजेटबाट ७/७ हजार रूपैया, स्थानीय जामुने सामुदायिक वनको कोषबाट पाँच हजार रूपैया सहयोग तथा स्थानीय गाउँलेहरूको अनुदान सहयोग गरी जम्मा १ लाख ३० हजार रूपैयाको लागतमा दुई महिनामा एउटा भवन बनाइएको हो। सो भवनका निम्ति स्थानीय मनिकला पुन र दलसिंह पुनले पाँच-पाँच आना जग्गा अनुदान दिएका थिए। माओवादीको सक्रियतामा सबै राजनीतिक दलको सहमतिमा निर्माण समिति बनाएर सो भवन निमार्ण कार्य थालिएको थियो। स्थानीयवासीले दुई महिना श्रमदान गरेका थिए। काठ-ढुङ्गा बोक्ने, माटोको काम गर्ने काममा गाउँलेले प्रहरीलाई सघाएका थिए। त्यती मात्र होइन महिलाले गारो लगाउने मिस्त्रीको काम पनि गरेका थिए। राजनीतिक दलका स्थानीय कार्यकर्ता साथै महिलाहरू पनि श्रमदानमा खटिएर सो भवन निमार्ण कार्य पूरा गरिएको थियो।

०६४ जेठ ५ गते स्थानीय बासिन्दाहरूद्वारा सोही स्थानमा एक औपचारिक कार्यक्रमको आयोजना गरियो। स्थानीय बासिन्दाहरूद्वारा फुलमाला लिदै पञ्चेबाजा बजाउँदै प्रहरी अधिकृत, राजनीतिक दलका नेता, पत्रकार तथा नागरिक समाजका व्यक्तिहरूको स्वागत गरियो। वरिष्ठ प्रहरी उपरीक्षक विनोद सिंहले भव्य समारोहका बीच सो भवनको उद्घाटन गरे। सोही समारोहमा सो भवन प्रहरीलाई प्रहरीचौकीका निम्ति हस्तान्तरण पनि गरियो। सोही अवसरमा सो भवन बनाउन जग्गा दान दिएकाहरूलाई दोसल्ला ओढाएर सम्मान पनि गरियो। साथै भवन निमार्ण कार्यमा सहयोग पुऱ्याउने सबैलाई सम्मान गरियो।

बल्डेङ्गढीमा २०३७ सालमा स्थापना भएको जुठापैवा प्रहरीचौकी माओवादीको दशबर्षे सशस्त्र जनयुद्धको क्रममा विस्थापित भएको थियो। गाउँ गाउँको प्रहरीचौकी पुन:स्थापना गर्ने नीति अनुसार ०६३ पुस २३ गते प्रहरी सहायक निरीक्षकको नेतृत्वमा प्रहरीको एक टुकडी सो गाउँ आईपुगेको थियो। पहिले बसेको घर भत्किएर बस्न नसक्ने अवस्थामा थियो। सो टुकडी गाविस भवनमा दु:ख-कष्टसँग बस्दै आएको थियो। पछि प्रहरी बस्ने र सुत्ने कोठा, कार्यालय कोठा, इन्चार्ज कक्ष, थुनुवा कक्ष र भान्छा कक्षसमेत गरी पाँच कोठे भवन बनाई हस्तान्तरण गरियो। गाउँमा शान्ति-सुरक्षा दिन आएका प्रहरीलाई बस्ने व्यवस्था मिलाउनु गाउँलेको पनि कर्तव्य हो भन्ने ठानेर नै भवन बनाइको थियो होला। जनतालाई प्रहरी चाहिन्छ, प्रहरी भएमात्र शान्ति-सुरक्षाको अनुभुति गर्न पाइन्छ भन्ने मान्यताले नै सो कार्य थालिएको थियो होला। त्यहाँका जनता त आफै प्रहरीचौकी भवन निर्माण गरेर उदाहरणीय कार्य देखाउन सफल भए। अब पालो प्रहरीको हो : जनताको सपना तथा भावनानुरूप त्यस क्षेत्रमा शान्ति-सुरक्षा कायम राख्दै अपराधिक क्रियाकलापहरू रोक्नु त्यहाँका प्रहरीको भावी चुनौतिहरू हुन्। यो प्रहरीका निम्ति परिक्षणको समय पनि हो। सबैले आशा गरेका छन्, त्यहाँका जनता र स्थानीय राजनीतिक दलले प्रहरीप्रति देखाएको विश्वास र सदासयताले प्रहरीलाई अबका दिनमा आफ्नो कर्तव्य पथमा हिड्न थप प्रेरणा मिलेको हुनुपर्छ। संसारको इतिहासमै खोज्ने हो भने यस्ता उदाहरण कम भेटिन्छन्। नेपालमै भन्ने हो भने त यो पहिलो कार्य हो जहाँ माओवादी आफै सक्रिय भएर प्रहरीचौकी भवन निमार्ण कार्यमा जुटेको छ।

मुलुक दश वर्षे सशस्त्र द्वन्द्वबाट अवतरण हुदै शान्ति प्रक्रियामा छ। यस बेला शान्तिमा ठेस पुग्ने काम कत्तैबाट पनि गरिनु हुदैन। शान्ति प्रक्रियालाई एउटा निर्णायक मोडमा पुऱ्याउन हाम्रा क्रियाकलाप र कार्यहरू उत्तिकै जिम्मेवार हुन्छन्। यस्तै एक उदाहणीय प्रयास हो पाल्पालीहरूको यो कार्य। मुलुकमा शान्ति, सु-व्यवस्था तथा अमनचैनका निम्ति प्रहरीको भूमिका महत्वपूर्ण हुन्छ। अहिले प्रहरी-प्रशासनलाई निरिह बनाइएको आभास सबैले गरेका छन्। जसका कारण लोकतान्त्रिक व्यवस्थामा पनि हत्या, हिंसा, अपहरण, कुटपिट, लुटपाटलगायतका घटनाहरू रोकिएका छैनन्। शान्ति र सु-व्यवस्थाका निम्ति भन्दै सरकारले संवेदनशील स्थानहरूमा प्रहरी चौकीहरू स्थापना र पुन:स्थापना गर्ने निर्णय गऱ्यो। तर देशका केही स्थानहरूमा स्थानीय माओवादी कार्यकर्ताले पुन:स्थापित प्रहरीचौकीमाथि नै धावा बोल्ने कामसमेत गरे। यता पाल्पामा माओवादीले प्रहरीहरूप्रति सदभाव देखाउदै उदाहरणीय काम नै गरे। अब सबैले विश्लेषण गर्नुपर्छ माओवादी कार्यकर्ताले गरेको कुन कार्य उत्तम हो। पहिलो वा दोस्रो ?

देशमा जनआन्दोलन ०६२/०६३ सफल भएको एक वर्ष भइसकेको छ। जनआन्दोलनमा जनताले शान्ति, मानवअधिकार र पूर्णलोकतन्त्रको पक्ष र दण्डहीनताको विपक्षमा जनमत जाहेर गरेका थिए। त्यसबेला जनताले सोचेका थिए, शाही शासन व्यवस्थाको अन्त्य भएपछि बन्ने लोकतान्त्रिक शासन व्यवस्थामा देशमा सु-शासन, शान्ति-सुरक्षा तथा देशमा अमनचैनको ग्यारेण्टी हुने छ। तर वास्तविकता त्यस्तो रहेन। अहिले पनि हत्या, हिंसा, अपहरण, कुटपिट तथा धम्कीपूर्ण व्यवहार र क्रियाकलापहरूलाई निरन्तरता दिइरहिएका घटनाहरू प्रशस्तै सुन्नमा आएका छन्। मानवअधिकारको सम्मान, रक्षा र परिपूर्ति गर्ने प्रमुख दायित्व राज्यको हो तर अहिले उसले दायित्वबोध गरिरहेको पाइदैन। मुलुकमा शान्ति सु-व्यवस्था कायम राख्ने दायित्व प्रहरी-प्रशासनको हो र यसमा साथ दिनु हामी सबैको कर्तव्य हो। अहिलेको संक्रमणकालीन अवस्थामा प्रहरी-प्रशासनको मनोबल उच्च बनाउनका निम्ति हामी सबैले उनीहरूलाई सघाउनु पर्छ। त्यसका निम्ति पाल्पालीको त्यो उदाहरणीय कार्य हाम्रा निम्ति मार्गदर्शन बन्नसक्दछ।

*(साथमा दुर्गा पोखरेल, इन्सेक पाल्पा जिल्ला प्रतिनिधि)*

# जातीय विभेदका घटना र परिवर्तनको मुद्दा

**ऋषिकेश पाण्डे**

**जातीय विभेद वास्तवमा वैज्ञानिक रूपले गलत, नैतिक रूपले निन्दनीय, सामाजिक रूपले अन्यायपूर्ण र अधिकारका रूपले अस्वीकार्य छ। जातीय भेदभाव विरूद्धको अन्तराष्ट्रिय महासन्धिले जातीय भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक वा सार्वजनिक जीवनका अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानवअधिकार तथा आधारभुत स्वतन्त्रताको मान्यता उपयोग निषेध वा कमजोर गर्ने उद्देश्य प्रभावशाली भएको जाती, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, वहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनु पर्दछ भनि परिभाषित गरेको छ।**

सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धि अर्न्तराष्ट्रिय महासन्धि नेपालले अनुमोदन गरेको छत्तीस बर्ष पुरा भएको छ। नेपाल बहुजातीय राष्ट्र भएको र यहाँ कुनै एक जातीको बाहुल्यता नरहेको भएपनि अधिकांश जातजातीहरूलाई समग्र समाज तथा राज्यको मुलप्रवाहबाट टाढा राखिनु अझ केहि जातजातींलाई अछुतको रूपमा व्यवहार गरिनु नेपाली समाजमा रहेको एउटा कलंक हो।

अहिले पनि दलितहरूले आर्थिक, प्रशासनिक र राजनीतिक क्षेत्रका साथै सामाजिक र साँस्कृतिक क्षेत्रमा मानवीय व्यवहार पाएका छैनन्। नेपाली समाजमा दलितहरूलाई जन्मले नै अरूलाई विटुल्याउने जातको रूपमा परिभाषित गरिन्छ। दलितहरू नत अन्य कुनै ठूलो जातको घरमा छिर्न सक्छन् नत कुनै सार्वजनिक क्षेत्र र कार्यमा निष्फिक्री सहभागि हुन्छन्। पाँचथर- नाङगीन गाविस-५ का २५ वर्षीय खड्गबहादुर नेपालीले गैरदलितहरूको घरमा प्रवेश गरेको अभियोगमा कुटाई खानु पर्‍यो भने त्रियूगा नपा-१ निवासी २२ वर्षीया रञ्जनालाई दलित भएको कारण सार्वजनिक स्थानमा श्रीपञ्चमीको सामूहिक व्रत गर्नबाट पुरोहित तथा भक्तजनहरूले रोक लगाए। धनुषा वनिनिया-९ का दलितहरूले सिनो नफालेका कारण कुटाई खानुपर्‍यो भने महोत्तरी सहसौला-४ का दलितहरू सिनो फाल्न ज्याला बढाउन माग गर्दा प्रमुख राजनीतिक दलका स्थानीय नेतासहितका गाउँलेबाट पटक-पटक धारा-पधेंराको पानी उपभोग गर्नबाट वञ्चित गरिए।

नेपालमा जातीय छुवाछुत विरूद्धको अभियान विभिन्न तरिकाबाट सक्रिय छ। तर परिवर्तनको लागि अगाडी बढाइएका त्यस्ता आन्दोलनले पनि समय समयमा कहि अनभिज्ञता वा अज्ञानतामा रूमल्लिएका जनताको कारण त कहि कथित उपल्लो जातीका कुलीन वर्गबाट पीडित हुनुपरेको छ। कन्चनपुर सुडा-५ निवासी एक सामाजिक कार्यकर्ताले छुवाछुत विरूद्धको अभियानमा लाग्दा दलितलाई उक्साएको भन्ने आरोपमा गैर-दलितबाट कुटपिटको धम्की पाइन भने सप्तरी मधुपट्टी-९ मा दलितलाई मन्दिर प्रवेशमा उक्साएको आरोपमा मानवअधिकारकर्मी तथा पत्रकारहरूले समेत गैर-दलितहरू बाट पिटिनु पर्‍यो।

जातीय विभेद वास्तवमा वैज्ञानिक रूपले गलत, नैतिक रूपले निन्दनीय, सामाजिक रूपले अन्यायपूर्ण र अधिकारका रूपले अस्वीकार्य छ। जातीय भेदभाव विरूद्धको अर्न्तराष्ट्रिय महासन्धिले जातीय भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक वा सार्वजनिक जीवनका अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताको मान्यता उपयोग निषेध वा कमजोर गर्ने उद्देश्य प्रभावशाली भएको जाती, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, वहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनु पर्दछ भनि परिभाषित गरेको छ। यस महासन्धिले जातीय भेदभाव विरूद्ध समानताको अधिकार, सार्वजनिक वस्तुको प्रयोग तथा सार्वजनिक स्थानमा भेदभावरहित ढंगले उपस्थितिको अधिकारको प्रत्याभूति गरेको भएपनि नेपालमा व्यवहारमा यस्तो देखिएको छैन।

सबैखाले जातीय विभेद विरूद्ध अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनहरू बनेका छन्। जातीय विभेद विरूद्ध भएको अन्तराष्ट्रिय महासन्धि १९६५ ले कुनै पनि राज्यमा विद्यमान जातीय विभेद सिर्जना गर्ने कानूनहरू संशोधन गर्ने, जातीयतासँग सम्बन्धित सबै व्यवहारहरू निषेध गर्ने, जातीय भेदभाव गरिने किसिमका क्रियाकलापहरूलाई दण्डनीय बनाउने जस्ता कार्यको व्यवस्था गरेको छ। यसैगरी यस महासन्धिले सबैजातीको राजनीतिक अधिकार तथा सार्वजनिक सेवाहरूमा समान पहुँचको अधिकार, भेदभावको कारणबाट भएको क्षतिको लागि पीडितलाई क्षतिपूर्तिको व्यवस्था तथा भेदभाव विरूद्ध भएका अन्तर्राष्ट्रिय लिखतहरूको प्रचार-प्रसार गर्ने व्यवस्था समेत गरेको छ।

जातीय विभेद विरूद्धका कानूनहरूलाई हालको अन्तरिम विधानले

समेत मौलिक हक सम्बन्धि धारा १४ मा छुवाछुत तथा जातीय विभेद विरूद्धको हक भनि कुनैपनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन भनी उल्लेख गरेको छ। यस्तो भेदभाव पूर्णव्याावहार दण्डनीय हुनेछ र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने छ भनिएको छ। यसैगरि प्रथा, परम्परा र प्रचलनको नाममा कुनैपनि किसिमले कसैलाई शोषण गर्न नपाइने, मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरूद्ध काम गराउन निषेध गरिएको छ र त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ भनि प्रत्येक व्यक्तिलाई शोषण विरूद्धको हकको सुनिश्चितता गरेको छ। पहिलो मुलुकी ऐन (वि. सं. १९१०) ले जसरी जातीय विभेदलाई कानूनी मान्यता दियो त्यसैलाई उल्ट्याउदै मुलुकी ऐन २०२० ले कसैले कसैलाई जातीपातिको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रंयोग गर्नबाट बञ्चित गरेमा एक वर्षसम्म कैद वा तीन हजार रूपैयाँ जरिवाना हुन सक्नेछ भन्दै कानून विरूद्ध हुने कार्य मानेको छ।

जातीय विभेद विरूद्धका कानूनहरू चार दशकदेखि सक्रिय हुँदा पनि विभेद रहिरहनुले कानूनकी कार्यान्वयन फितलो भएको कुरा स्पष्ट पार्दछ। विभेद मुक्त समाजको लागि समाज र व्यक्ति अनि राज्यको सोच र व्यवहारमा परिवर्तन नभै कानूनले विभेद निर्मूल गर्न नसक्ने तथ्य यसैबाट स्पष्ट हुन्छ। अत: परिवर्तनको लागि कानूनको साथसाथै राज्य, समाज र व्यक्तिको सोच र व्यवहारमा परिवर्तन हुनु आवश्यक छ। परिवर्तनका लागि विद्रोह गर्नेहरू आफै पीडित हुँदा वा समाजको कुलींन वर्गले व्यवहारमा परिवर्तन नगर्दा समस्या अझ भयावह बनेको छ। यति हुँदाहुँदै पनि जातीय विभेद उन्मूलन गर्न हरेक क्षेत्रबाट आ-आफ्नो दायित्व सबैले उचित रूपमा निर्वाह गर्नैपर्छ।

राज्य, नागरिक समाज र व्यक्तिको समग्र पहल बिना जातीय विभेद उन्मूलन सम्भव छैन। हालसम्म बनेका कानून वा अनुमोदन गरिएका अर्न्तराष्ट्रिय सन्धि सम्झौता लागु हुन नसक्नु र जातीय विभेद एउटा संरचनात्मक विभेद भएकोले व्यक्ति, राज्य, र समाज सम्पूर्ण प्रणाली नै विभेदको विरूद्धमा सक्रिय रूपमा लाग्न नसकेको हालको परिप्रेक्षमा राज्य, नागरिक समाज र व्यक्तिको साझा प्रयास यो सामाजिक रोगको उपचारको लागि आवश्यक छ। जसमा जातीय विभेद विरूद्धका कानूनहरू कडाइका साथ लागु गराउने, जातीय विभेदलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रश्रय दिने किसिमका कानूनहरूको संशोधन गर्ने तथा दलितहरूको लागि शिक्षा, स्वास्थ्य, रोजगारको अवसर, शिक्षाको लागि छात्रवृत्तिको व्यवस्था, राजनीतिक, प्रशासनिक, न्यायिक, सैनिक/प्रहरी आदि सेवामा निश्चित अवधिसम्म आरक्षणको व्यवस्था र त्यसपछि बिना भेदभाव प्रवेशको व्यवस्था गर्ने कार्य राज्यले गर्न सक्छ। यसैगरि भूमि तथा राष्ट्रिय स्रोतमाथिको पहुँचको सुनिश्चितता, समानुपातिक प्रतिनिधित्व, निति निर्माण तथा योजना तर्जुमामा सम्मानित सहभागिताको व्यवस्था र दलितहरूका परम्परागत कला र सीपलाई संरक्षण तथा आधुनिकीकरण गर्न विशेष व्यवस्था गर्ने र दलित आयोगलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने कार्य पनि राज्यको जिम्मेवारी हो।

**जातीय विभेद विरूद्धका कानूनहरू चार दशकदेखि सक्रिय हुँदा पनि विभेद रहिरहनुले कानूनको कार्यान्वयन फितलो भएको कुरा स्पष्ट पार्दछ। विभेद-मुक्त समाजको लागि समाज र व्यक्ति अनि राज्यको सोच र व्यवहारमा परिवर्तन नभै कानूनले विभेद निर्मूल गर्न नसक्ने तथ्य यसैबाट स्पष्ट हुन्छ ।**

जातीय विभेद एउटा सामाजिक रचना हो र यसको आधार श्रम वा पेशागत विभाजन हो। जातीय विभेद विरूद्धमा बनेको अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन, वि.सं. २०२० मा मुलुकी ऐनको संशोधन र वि.सं. २०४७ सालको संविधानले सबैखाले जातीय विभेद विरूद्ध पर्याप्त कानूनी व्यवस्था गरेको भएपनि कार्यान्वयन पक्ष अति फितलो हुनाले जातीय विभेद विरूद्धको अभियानले अपेक्षाकृतपरिवर्तन ल्याउन सकेको छैन।

नेपालमा जातीय विभेदसंग सम्बन्धित धेरै घटनाहरू हुने गरेका भए पनि सबै घटनाको प्रलेखिकरण भएको छैन। प्रमुख रूपमा खानेपानी, सार्वजनिक स्थान-मन्दिर प्रवेश, होटल/पसल, विद्यालय, अन्तर्जातीय विवाह, श्रम/पेशा परिवर्तन, दुध तथा दुग्ध पदार्थ बिक्रि वितरण जस्ता क्षेत्रमा बढि मात्रामा विभेदका घटना हुने गरेका छन्। नेपाली समाजमा जातीय विभेदको प्रभाव दह्रो रहेको परिप्रेक्षमा सार्वजनिक हुन नसकेका घटनाहरूको खोजी, पीडकलाई सजाँय र सार्वजनिकीकरणले यस्ता घटनाहरूलाई कम गर्दै लान मद्दत गर्न सक्दछन्।

राज्यले जातीय विभेदलाई निरूत्साहन गर्न विविध कार्यक्रम अगाडी ल्याउनु नितान्त आवश्यक छ। समाज परिवर्तन भूकम्प वा ज्वालामूखीले गर्ने परिवर्तन जस्तो होइन। समाजले स्वीकार गर्नसक्ने भन्दा तिव्र गतिको परिवर्तन आशा गर्दा यसले समाजमा अर्को द्वन्द्व सिर्जना गर्छ। तर हालको परिवर्तनको गति ज्यादै मन्द भएको परिप्रेक्षमा जातीय विभेद विरूद्धको अभियानमा सचेतनाबाट पीडकलाई रूपान्तरण गर्न सम्भव छ। दलित वर्गको आर्थिक र शैक्षिक स्तर बढाउन सकेमा रूपान्तरण छिटो सम्भव छ। जातीय विभेद विरूद्धको अभियानमा कानूनी प्रावधान मात्र पर्याप्त हुँदैनन्। यसमा व्यक्ति, सचेत समाज र राज्य सबैको व्यवहारिक रूपान्तरण आवश्यक छ।

# संविधानसभा थाहा छैन जनतालाई

संविधानसभा संविधानसभा भनेको त सुनिन्छ। यो सब्द कानमा परेको एक वर्ष भैसक्यो। गाँउ घरमा चासो राख्ने व्यक्तिहरू सोध्दछन्, "सर, यो संविधान सभा भनेको के हो ? नाजवाफ हुनुपर्छ। लाजले टाउँको लुकाउनु पर्छ। लाज पचाएर भन्नु परेको छ मलाई पनि त्यति थाहा छैन्।" यी भनाईहरू हुन कैलाली जिल्ला स्थित बिभिन्न ग्रामीण क्षेत्रमा अध्यापन गराउने शिक्षक र राजनीतिक दलका कार्यकर्ताहरूका।

श्रीसमैजी निम्न माध्यमिक बिद्यालयका प्रधान अध्यापक केशवराज विनाडी भन्छन् , "मलगायत ९० प्रतिशत जनतालाई संविधानसभा सम्बन्धि जानकारी नै छैन्। यो सवै कमजोरी राजनीतिक दलको हो। गाँउ घरमा राजनीतिक दलहरूले संविधानसभा सम्वन्धि कार्यक्रम नै ल्याएका छैनन्।" यस्तै धारणा रहेको छ श्री जनजागृती निम्न माध्यमिक बिद्यालयका शिक्षक हेमबहादुर बुढाको। उनि भन्छंन् " नढाटेर भन्नु पर्दा जनताले संविधानसभाको वारेमा बुझेका छैनन्। त्यसो त ग्रामिण क्षेत्रमा राजनीतिक दलका कार्यकर्ता नभएका पनि होइनन्। दश वर्ष सशस्त्र युद्धमा होमिएका माओवादीहरूको नै गाँउमा बाहुल्यता रहेको छ। तर तिनीहरू नै संविधानसभाका वारेमा स्पष्ट छैनन्। संविधानसभा भनेको निर्वाचन गराउने हो र कानून बनाउने हो भन्ने मात्र बुझेका छन्। उनिहरूलाई संविधानसभाको प्रक्रिया र निर्वाचन प्रणाली दुबैका वारेमा थाँहा छैन। समानुपातिक निर्वाचन प्रणाली र संविधानसभाको प्रक्रियाका वारेमा सोध्दा उनिहरू ट्वाल्ल परेर हेर्छन, नाजवाफ हुन्छन्।

बेलादेवीपुर गाविस-५ निवासी तथा नेपाली कांग्रेस प्रजातान्त्रिक जिल्ला कमिटिका कोषाध्यक्ष रामचन्द्र ओझा लामो समयदेखि राजनीति गर्दै आएको बताउँछन्। नेपालमा संविधानसभाको निर्वाचनबाट समस्या समाधान हुनेकुरामा पनि उनी बिश्वस्त छन्, तर संविधानसभाका वारेमा आफु नै स्पष्ट नभएको बताउछन्। उनी भन्छन् " म नै यस विषयमा अस्पष्ट छु। सर्वसाधारण जनताले कसरी बुझ्छन्? हामीले बुझ्नु पऱ्यो, त्यस पछि जनतालाई बुझाउन सकिन्छ। जनतालाई बुझाउन सकिएको छैन्।" यस्तै धारणा रहेको छ नेकपा एमालेका बलराम चौधरीको। उनी भन्छन् " भर्खरै मात्र पार्टीले संविधानसभा सम्वन्धि जनचेतना कार्यक्रम सञ्चालन गरेको छ। नेताहरूले संविधानसभाको चुनाव गर्ने भनेको एक वर्ष बितिसक्दा पनि हामीले भर्खरै बुझ्न लागेका छौ। जनताले त बुझेकै छैनन्। खोई कस्तो संविधानसभाको निर्वाचन गर्न लागिएको हो?"

नयाँ कुरा सिक्ने र जान्ने चाहना कस्को पो हुन्न र ? सुन्दर जीवनको भाग्य रेखा कोर्न को पो पछि पर्छन् र ? संविधानसभाको निर्वाचनमार्फत नयाँ सुन्दर नेपालको कल्पना गर्ने भनिएको छ, तर कसरी सम्भव छ ? जसका लागि संविधानसभाको निर्वाचन गरिने भनिदै छ ति व्यक्ति, समूदाय र वर्गहरू नै संविधानसभाका वारेमा जानकार छैनन्। हेर्न बाकी नै छ, जनताले कहिले सम्म संविधानसभाका वारेमा बुझिसक्छन्? सविधानसभा मार्फत देशको पुन:संरचना गर्ने आठ दलको प्रतिवद्धता आठदलका शिर्षस्त नेताहरूमा मात्र सिमित रहेको छ। जनताहरूलाई संविधानसभा कुन चरीको नाम हो थाँहा छैन्। ग्रामिण क्षेत्रका अशिक्षित र निरक्षर जनताका कुरा परै जाओस, पढेलेखेका हौ भन्ने समेत संविधान सभाका वारेमा स्पष्ट छैनन्।

**कृष्णबहादुर बि.क**
***कैलाली***

# विद्यालय अझै सुरक्षाफौजको कब्जामा

पाँचथरको उत्तरी च्याङ्थापु गाविसस्थित विष्णु माध्यमिक विद्यालय अझैसम्म सुरक्षाफौजको बेस क्याम्पबाट अलग हुन सकेको छैन। सरकारले ०५९ सालमा उक्त विद्यालयको परिसरलाई तारबार गरी सुरक्षा बेस क्याम्प स्थापना गरेकोमा हालसम्म पनि क्याम्प व्यवस्थित गर्न नसक्दा विद्यालय क्याम्पबाट अलग हुन नसकेको हो। बेस क्याम्प स्थापना भएपछि सुरक्षाकर्मीले विद्यालयको हातालाई सुरक्षा घेराभित्र पारेर विद्यार्थीहरू स्कुल जाँदा र निस्कदा हरेक पटक विद्यार्थीको चेकजाँच गर्ने गरेको थियो।

यसैबीच, विभिन्न मानवअधिकारवादी संस्था र नागरिक



समाज एवं माओवादीका विभिन्न भातृ संगठनहरूले व्यापक विरोध गरेपछि ०६३ सालमा विद्यालयको तारबेरा केही मात्रामा हटाए पनि बेस क्याम्प नहटाउँदा समस्या भएको प्रधानाध्यापक मुक्तिनाथ रिमाल बताउँछन्। विद्यालयमा यसरी सेना बसेपछि पठनपाठन नगराउन भन्दै ०६१ सालमा त्यहाँका नौ जना शिक्षकहरूलाई एकैसाथ अपहरण गरी राजिनामा दिन अनेरास्ववियु क्रान्तिकारीले धम्की दिएको थियो। सुरक्षा सेनाको घेरामा रहेको उक्त विद्यालयमा छोराछोरी नपठाउन अनेरास्ववियु (क्रान्तिकारी) ले उर्दी जारी गरेपछि विद्यार्थीहरूको संख्यामा कमी आउँदा सुरक्षाकर्मीले एकहप्तासम्म विद्यार्थीको दैनिक हाजिरी चेक गरेको शिक्षक अग्नी पाठकले बताए।

सोही क्याम्पका सुरक्षाकर्मीले ०६२ सालमा माओवादीलाई सहयोग गरेको आरोपमा छेउछाउका फलैचा, च्याङ्गथापु र ताप्लेजुङ्गको सादेवा र कालीखोला गरी चार गाविसका ५ सयभन्दा बढी सर्वसाधारणलाई तीन महिनासम्म तारेखमा राखेको थियो। जनताको सुरक्षार्थ खटिएको टोलीबाट जनतालाई नै दु:ख भएपछि ०६३ असार महिनामा स्थानीय दल र सरोकारवालाको सर्वपक्षीय बैठकले क्याम्प हटाउने निर्णय गरी जिल्ला प्रशासन कार्यालयमार्फत गृह मन्त्रालयमा पत्र पठाएको छ।

उक्त विद्यालयलाई सुरक्षा क्याम्पबाट अलग गर्न आवाज उठिरहेका बखत ०६१ सालमा जिल्ला स्तरमा गठित मानवअधिकारकर्मी पत्रकार र सरोकारवालाहरूको एक प्रतिनिधि मण्डलले स्थलगत अध्ययन गरी सुरक्षा क्याम्प विद्यालय परिसरवाट टाढा सारिनुपर्ने सुझाव सहितको प्रतिवेदन सम्वन्धित विभिन्न निकायमा बुझाएको थियो। उक्त विद्यालयमा सुरक्षाकर्मीको उपस्थितिले दैनिक विद्यालय सञ्चालन गर्न कठिन भएकाले टाढा रहनुपर्ने माग सहित राष्ट्रिय मानवअधिकार आयोगमा मुद्दासमेत दर्ता भएको छ। लामो समयसम्म विद्यालयमा सुरक्षाफौजको उपस्थिति रहदा बालबालिकाहरूमा मनोवैज्ञानिक असर परेको क्याम्पका प्रमुख क्याप्टेन झपेन्द्र बुढाथोकीले इन्सेक प्रतिनिधिसँग स्वीकार गरेका छन्। सेनाको दैनिक अभ्यासबाट बालबालिकाहरू नराम्ररी प्रभावित भएको र शिक्षकले कुनै तस्विर वा नक्सा बनाएर ल्याउन भन्दा कलम र बन्दुक बनाएर ल्याउने गरेको एक जना शिक्षकलाई उद्धृत गर्दै उनले भने।

विद्यालयमा गरिएको तारवेरा सम्पूर्ण मात्रामा हटाइनु पर्ने आवस्यकता रहेपनि मुलढोकाको मात्र तार हटाइएको छ। विद्यालय लागिरहेका बखत कक्षाकोठाबाटै परेड खेलेको सिटी बजाएको र चहलपहल गरेको देखिन्छ भने पठनपाठन भैरहेका बखत सुरक्षाकर्मीको क्रियाकलापतर्फ विद्यार्थीको ध्यान जाने भएकाले दैनिक पठनपाठनमा बाधा पुगेको छ। माओवादीका इलाका इन्चार्ज पावेल भनिने अर्जन वेघाले आफूहरू विद्यालय परिसरबाट क्याम्प अलग रहनुपर्ने पक्षमा रहेको बताँउदै तत्काल क्याम्प अन्यत्र नसरे विद्यार्थीहरू चरणबद्ध र सशक्त आन्दोलनमा उत्रने बताए। यसरी विद्यालयलाई सैनिक क्याम्पभन्दा टाढा राख्न सर्वत्र आवाज उठिरहे पनि हालसम्म सुरक्षाफौजले विद्यालय प्रयोग गर्न छोडेको छैन।

**कृष्ण ओझा**
*पाँचथर*

# भावपूर्ण श्रद्धाञ्जली



**इन्सेक सहकर्मी संस्था "मानवअधिकार सचेतन तथा सामाजिक विकास केन्द्र (हुराड्स)टीकापुर, कैलालीका उपाध्यक्ष एवं कार्यक्रम संयोजक फिरूलाल चौधरीका बुवा जोशीराम थारूको ०६४ साल जेठ १० गते स्वर्गारोहण भएको घटनाले हामीलाई दु:खित तुल्याएको छ । यस दु:खद घडीमा हामी स्वर्गीय थारूको आत्माको चीरशान्ति सहित परिवारजनप्रति भावपूर्ण समवेदना ब्यक्त गर्न चाहन्छौ ।**

**सुबोधराज प्याकुरेल**
अध्यक्ष तथा इन्सेक परिवार

# जात

– सुधीर यादव

"त्यो त साँझवाला जिगरी दोस्त थियो नि। चोरको चक्करमा परेछु। यो भिखू त मेरो ओर्जिनल जिगरी दोस्त हो। हो कि होइन हो बाजे ?"

सिन्धुलीको आचार्यलाई सबैले बाजे भन्थे। बाजे हाँस्दथ्यो" मेरा बाजेले सपनामा पनि चिताएका थिएनन् होला मेरा थरीथरीका नाति हुनेछन्।"

आठ बजे फुटपाथे पसलको सामान साहुका डेरामा पुऱ्याएपछि कामको खोजीमा उनीहरू छुटिन्थे। तर आज त्यस्तो भएन। सबैलाई पुलिसले बोलाएर पछि लगायो। अलि पर पुऱ्याएपछि मान्छेको हुल पन्छ्याएर पुलिसले एउटा लास देखाउँदै सोध्यो " यसलाई चिनेको छ तिमीहरूले ?"

मैलो पुरानो लुगा लगाएको निर्जीव शरीरलाई कसैले चिनेनन्।

"काँको को मान्छे होला ? कठै बर" जाधव बड्बडायो "जाडोले मरेको हो कि ? खानै नपाएर मऱ्यो कि ? न कुनै बिमारी उमारी थियो ?"

तामाङ्गले भन्यो, "तँ त डाग्डर होस् नि त। पत्ता लगा ?

कसैले सन्चो भएन भन्यो कि जाधव नाडी समातेर भन्ने गर्छ "अलि अलि भुखार छ। हल्दी हालेर गरम पानी खाइहाल। ठिक हुन्छ।"

बाजेले उसलाई जिस्कायो, "ए भाइ, यसलाई पनि गरम पानी खा भन्ने हो कि ?"

जाधव चिढियो, "ए बाजे त्यसको किरिया करम गरिदेउ न अब। के गर्लाउ ? दक्षिणा दिने कोही छैन यसको।"

"किन छैन ?" बाजेले जबाफ दियो "तँ छँदै छस् नि। यसो अनुहार हेर्दा तेरो भाइ जस्तो देखिन्छ।"

टुक्रुक्क भईँमा बसेर जाधवले लासको अनुहार हेरेर साथीहरू भए ठाउँमा आएर मुन्टो हल्लायो "अरे बाबा रे बाबा। यो ता तामाङ्गको मान्छी हो। अनुहार त काटीकुटी हुस्तै छ।"

जाधवले आफ्नो बोलीको नक्कल गरेको देखेर तामाङ्ग फिस्स हाँस्यो मात्र। तामाङ्ग कम बोल्छ। धेरै सुन्छ। त्यही भएर रिस उठेको बेलामा कार्की दाइ भन्ने गर्छ "यो मुसुमुन्द्रेको चाल ठिक छैन। मनमा के छ के छ ? बुझ्नै सकिन्न।"

चूपचाप बसेको भिखूले सोध्यो "अब यो लासको के गर्छ कार्की दाजु ?"

जबाफ दियो पुलिसले "पोरसेस मिलाउने। अनि लगेर मिल्काउने। अर्थोक के गर्नु नि।"

बाजेले सोध्यो "सद्‌गत गर्नु पर्दैन ?"

"कसले जलाउँछ ? यसको आफन्त को छ र ? कि तँ जलाउँछस् काठा ?"

"खोइ को, काँको, के जातको हो ? मलाई के खाँचो ?"

पुलिस च्याठ्ठियो "खाँचो नभए किन मन्त्र भट्टयाउन थाल्या त हँ ?"

आफ्नो साथीसँग पुलिस च्याँठिएको देखेर कार्कीले मुख फोड्यो, "हामी पनि मान्छे हौं। त्यो मर्ने पनि मान्छे हो। त्यो पनि गरिपै हो। हामी पनि गरिपै हौं। यसो हेर्दा त्यो पनि हामी जस्तै कुल्ली कामदार जस्तै देखिन्छ। त्यही भएर सोधे नि बाजेले।"

कार्कीले साथीहरूको अनुहारतिर हेऱ्यो। अरुले उसको। सबैको आँखा चिसो भयो।

त्यस दिन फुटपाथे पसलेहरूले आफ्ना सामान बोक्ने भरिया भेटेनन्। भरियाहरू राति अबेरमात्र मलामीबाट फर्किए।

"ए ! तिमीहरू म सँग हिँड"

आवाजतिर हेर्नासाथ उनीहरूको सातो उड्यो - एका बिहानै के आपद आइलाग्यो कुन्नी। जिउ चिसो भयो। एकछिन अघिको रमाइलो न्यानो फुर्र उड्यो।

बिहानको पहिलो बस स्टार्ट हुनासाथ उनीहरूको दिन सुरु हुन्छ। घाम लाग्नुभन्दा तीन घण्टा अघि। बस स्ट्याण्डका छेउ छाउमा पसल उनीहरूको सहयोगबिना खुल्दैन। फुटपाथे पसलको भारी उनीहरूले नबोके पसल फुटपाथमा पसारिन पनि सक्दैन। आउने जति सबै पसल आज आइसकेका थिए।

उनीहरू फोहर कागजका टुक्रासँग बल्ने चिज भेटे जति सल्काएर आगो ताप्दै थिए। भर्खर हात परेको दशबीस रुपैयाँमध्ये पाँच रुपैयाँको चिया कसै कसैले सुर्क्याइ सकेका थिए। बोहनी नहुनेहरू भने अरुलाई चिया खुवाउन भन्दै थिए। रामेछापको कार्की दाइले त्यस्तालाई भन्ने गर्थ्यो "अझै एक निद्रा सुतेर आन।"

आठ बजे पसल हटाउने समय नहुन्जेल काम पाउने र दशबीस रुपैयाँ हात पार्ने मौका बिरलै पाइन्थ्यो। सिरहातिरको जुत्ता मर्मत गर्ने भिखू राम भन्न गर्दथ्यो "कसैको चप्पल टुटी हालोस् त एक कप चियाको जुगाड त हुन्थ्यो नि। अरूको नभए जाधवजीकै टुटे पनि त हुन्थ्यो नि।"

जाधवजी साइकलमा सामान ओसार्थ्यो। भिखूरामले जाधवको साइकलको नाम मालगाडी राखेको थियो। हाल्न पनि साइकलमा थामिनसक्नुको बोरा हालेर हिँड्छ जाधव। त्यही भएर साइकलको टायर बेला बेलामा फुटिरहन्छ। थोत्रो टायर सिउँदा सिउँदा दिक्क भएको रामले एक दिन भन्यो "हेर साथी हो, कुन दिन यो टायरमा मेरो धागो मात्र बाँकी रहन्छ। रबर जति सकिन लागिसक्यो। नयाँ टायर किन्न भनेको, कहिले मान्दैन।"

"मलाई झोक नचला। म एउटा ट्रक किन्छु। अनि तैँले मेरो साइकलको टायर सिउने मौका पनि पाउँदैनस्।" आफ्नो गरिबी छोप्दै सप्तरीको जयकिसुन यादव भन्ने गर्दथ्यो।

जबाफमा राम जिस्काउँथ्यो" मैले पैसा दिए भने किन्छस्, ग्यारेन्टी छ यसमा। अर्को एउटा ग्यारेन्टी पनि म भन्दिन्छु कि मबाहेक तेरो साइकलको टायर यो धरतीमा कसैले सिउँदैन-यता सियो उता च्यातिन्छ"

स्नेहले निथ्रुक्क भएको जाधव भन्ने गर्दथ्यो "तँ त मेरो जिगरी दोस्त होस्। हे कार्की दाई, तैं भनि हाल त यो मेरो जिगरी दोस्त हो कि होइन ? कार्की भन्थ्यो " किन नहुनु नि। पाँच रुपैयाको आधि गिलास स्वाट्ट पारेपछि तेरो सबै जिगरी दोस्त हुन्छन्। पोहोर एउटा जिगरी दोस्तले के गति पारेको थियो, बिर्सिस्।"

पोहोर साल स्वाट्ट पार्ने ठाउँमा बनाएको जिगरी दोस्तलाई कोठामा के ल्याएको थियो बिहान उठ्दा उसको सबै सामान लापता। कार्की दाई, भिखू राम, नुवाकोटे तामाङ्ग नभएको भए उसको बिजोक हुन्थ्यो। जाडोमा ओढ्ने कम्बलसमेत लगेछ। कति दिन त ऊ बाजे र भिखूरामको भान्छामा पाहुना भएको थियो।

# मानवअधिकार सामान्यज्ञान

(१) मानवअधिकारको विश्वव्यापी घोषणा-पत्र जारी भएको पन्ध्रौं बर्षगाँठको अवसरमा के नारा उठाइएको थियो ?
(२) मानवअधिकार उच्चायुक्तको कार्यालय कहिले स्थापना भएको हो ?
(३) सन् १९९७ मा मानवअधिकार उच्चायुक्तमा को नियुक्त हुनु भएको थियो ?
(४) संघीय राज्य प्रणाली भनेको के हो ?
(५) एकात्मक राज्य प्रणाली भनेको के हो ?
(६) परिसंघीय राज्य प्रणाली भनेको के हो ?
(७) भारतमा राज्यहरूले राष्ट्रिय औपचारिक भाषा हिन्दी वाहेक अरू औपचारिक भाषा प्रयोग गर्न पांउछकी पाउँदैन ?
(८) दक्षिण अफ्रिकामा कतिवटा राष्ट्रिय र औपचारिक भाषा छन् ?
(९) स्विटजरल्याण्डमा संघीय तहमा कतिवटा औपचारिक भाषा छन् ?
(१०) युरोपेली संघले कतिवटा मुलुकलाई संघीय पक्ष भएको एउटै सुत्रमा वांधेर विशिष्ट राजनीतिक परीषणको प्रतिनिधित्व गरेको छ ?
११. किन मानवअधिकारको विश्वव्यापी घोषणपत्र तपाईको लागि महत्वपूर्ण छ ?
१२. संयुक्त राष्ट्रसंघले दुइवटा देशमा भएको युद्धसम्बन्धि अपराध हेर्न अन्तर्राष्ट्रिय फौजदारी न्यायलय गठन गरेको थियो। ती दुई देश कुन कुन हुन् ?
१३. संयुक्त राष्ट्रसंघले सन् १९९३ देखि २००३ को समयलाई कुन दशकको रूपमा मनाउने घोषणा गरेको थियो।
१४. संयुक्त राष्ट्रसंघले सन् १९९५ देखि सन् २००४ को समयलाई कुन दशकको रूपमा मनाउने घोषणा गरेको थियो।
१५. संयुक्त राष्ट्रसंघको कुन समुहले आदिवासी जनताको विकाससँग सम्बन्धित अधिकार संरक्षण र प्रवर्धनका लागि पुनरावलोकन गऱ्यो ?
१६. सन् १९९५ लाई कुन अन्तर्राष्ट्रिय बर्षको रूपमा मनाइएको थियो ?
१७. राष्ट्रसंघको कुन महासन्धिले शरणार्थी अधिकारको बारेमा उल्लेख गरेको छ ?
१८. संयुक्त राष्ट्रसंघको कुन सन्धिले कत्लेआमको बारेमा उल्लेख गरेको छ ?
१९. कतिवटा मानवअधिकार सन्धि केन्द्रहरू छन् ?
२०. अन्तर्राष्ट्रिय अनुगमन प्रणाली र व्यक्तिगत उजुरीको विधिका लागि संयुक्त राष्ट्रसंघले कुन महासन्धी वा सन्धी पहिलो पटक जारी गऱ्यो ?

**उत्तरहरू**

(१) सबैका लागि सबै मानवअधिकार। (२) सन् १९९३ मा (३) मेरी रोबिन्सन
(४) केन्द्रिय सरकार भन्दा तल्लो तहका सरकारहरूले निश्चित अधिकारहरूको अभ्यास तथा प्रयोग गर्न पाउने र त्यस्ता अधिकारहरूको संवैधानिक रूपमा नै सुनिश्चित गरिएको र केन्द्रिय सरकारमा भर नपर्ने व्यवस्था सहितको राज्य प्रणाली।
(५) केन्द्रिय सरकार एक्लैमा मात्र अन्तिम तथा सबै अधिकार रहने राज्य प्रणाली।
(६) केन्द्रिय सरकारले सघीय एकाइहरूवाट अधिकारहरू प्राप्त गर्ने व्यवस्था भएको राज्य प्रणाली।
(७) पाइन्छ।
(८) एघार वटा राष्ट्रिय तथा तीन वटा औपचारिक भाषा छन्।
(९) तीनवटा ।
(१०) पच्चिस वटा ।
११. यसले व्यक्तिगत अधिकारको रक्षा र संरक्षण गर्दछ।
१२. पूर्व युगोस्लाभिया र रूवाण्डा।
१३. अन्तर्राष्ट्रिय जातीवाद र रंगभेद विरूद्ध लडौं भन्ने नाराका साथ यस दशकलाई मनाउने घोषणा गरेको थियो।
१४. अन्तर्राष्ट्रिय आदिवासी र मानवअधिकार शिक्षा दशक।
१५. संयुक्त राष्ट्रसंघीय आदिवासी जनसंख्या समुहद्वारा।
१६. खुला हृदयवर्ष (सहनसिलता वर्ष)।
१७. शरणार्थीको अवस्था सम्बन्धि सन् १९५१ मा जेनेभामा हस्ताक्षर भएको महासन्धि।
१८. कत्लेआम रोकथाम र सजाँय सम्बन्धि राष्ट्रसंघको १९४८ को साधारण सभावाट ग्रहण गरिएको सन्धि।
१९. छवटा छन। यी केन्द्रहरूले पक्ष राष्ट्रले सन्धिको कार्यान्वयन गरे नगरेको हेर्दछ।
२०. सबैप्रकारका जातीय विभेद उन्मूलन सम्वन्धि अन्तर्राष्ट्रिय महासन्धि।

*प्रस्तोता : शिव खकुरेल*

# राज्यद्धारा बेपत्ता पारिएकाहरूको सम्बन्धमा सर्वोच्च अदालतद्धारा ०६४ जेठ १८ गते नेपाल सरकारका नाममा जारी गरिएको आदेश

**वेपत्ता पार्ने कार्यमा संलग्न भई मुद्दा चलाइएको अवस्थामा वा सजायं तोकिएका व्यक्तिहरूलाई माफी दिन नमिल्ने जस्ता अर्न्तराष्ट्रिय मापदण्डको सम्बन्धमा पनि ध्यानाकर्षण गरी उचित व्यवस्था गर्नु उत्तिकै महत्वपूर्ण छ। यस प्रयोजनको लागि वलपूर्वक वेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षण सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि (International convention for the Protection of all Person from Enforced Disappearance) लाई मार्गनिर्देशकको रूपमा ग्रहण गर्न वाञ्छनीय हुन्छ।**

राज्यद्धारा बेपत्ता पारिएकाहरूको सम्बन्धमा सर्वोच्च अदालतका न्यायाधीशद्धय खिलराज रेग्मी र कल्याण श्रेष्ठको संयुक्त इजलासद्धारा निवेदकहरूको मागको सम्बन्धमा निम्न बमोजिमको व्यवस्था गरी सम्वोधन गर्नु भनी विपक्षी नेपाल सरकारको नाममा निम्न आदेश जारी गरेको छ:

(क) निवेदनमा वेपत्ता गरिएका भनिएका मध्ये चक्रवहादुर कटुवाल, राजेन्द्रप्रसाद ढकाल, दिलबहादुर राई र बिपिन भण्डारीका सम्बन्धमा यस अदालतले गठन गरेको वन्दी अनुसन्धान टोलीको छानवीनबाट निजहरू मध्ये चक्रवहादुर कटुवालको हिरासतमा यातनाको कारणबाट मरेको भन्ने र अन्यको हकमा माथि उल्लेख भए झैं सुरक्षा निकायमा पक्राउ गरी लगिएको सम्म स्थिति बुझिन आएको र तदोपरान्तको स्थिति अद्यापि अस्पष्ट देखिन आएको छ। यसरी हिरासतमा मृत्यु हुन गएको चक्रवहादुर कटुवालको हकमा निजको मृत्यु सम्बन्धमा अव प्रचलित कानूनबमोजिम अपराध अनुसन्धान गरी अभियोगको उचित प्रक्रिया अवलम्वन गर्नुपर्ने देखिएकोले तत्काल त्यस प्रक्रियामा कुनै रूपमा संलग्न भएका निकाय, पदाधिकारी वा कर्मचारी र सो प्रक्रियामा साथ दिने अन्य सम्बन्धित व्यक्तिको हकमा अपराध अनुसन्धान गरी मुद्दा चलाउने, र सम्बन्धित कार्यालय प्रमुख तथा कर्मचारीलगायतलाई विभागीय कारबाही र सँजायको प्रक्रिया चलाई टुङ्गो लगाई दिनु भनी विपक्षी गृहमन्त्रालय तथा नेपाल सरकारको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। सो कार्यान्वयनको सिलसिलामा आवश्यक र सम्बन्धित देखिन आउने सम्बन्धित निकाय वा सो अन्तर्गत काम गर्ने कर्मचारीहरूलाई आवश्यक निर्देशन दिन समेत यो आदेश जारी गरी दिएको छ।




न्यायिक अनुसन्धान टोलीले सुरक्षा वलले पक्राउ गरी लगेको तर हाल सम्म स्थिति अज्ञात रहेको भनी पहिचान गरिएका राजेन्द्र ढकाल, विपिन भण्डारी र दिलवहादुर राईको हकमा पनि सो प्रक्रियामा संलग्न पदाधिकारी वा व्यक्तिहरूको हकमा पुरा गर्नुपर्ने थप अनुसन्धान पुरा गरी कानूनबमोजिम मुद्दा चलाई पीडितलाई न्याय दिनुपर्ने स्थिति देखिन आएको छ। तर सो बमोजिम तत्काल मुद्दा चलाउनलाई वेपत्ता पार्ने कार्य अपराधको रूपमा परिभाषित गर्ने, तथा सजाय तोक्ने र क्षतिपूर्तिलगायतको पर्याप्त व्यवस्था सुनिश्चित

नगरीकन प्रचलित कानून अन्तर्गत नै समाधान खोज्ने हो भने पूर्ण रूपमा न्याय प्राप्त गर्नसक्ने सम्भावना नदेखिएको हुनाले निजहरूको हकमा प्रकरण ख बमोजिमको कानून निर्माण भएपछि यस अदालतबाट गठित वन्दी अनुसन्धान कार्यटोलीको प्रतिवेदनको आधारमा आवश्यकता अनुसार जो चाहिने थप अनुसन्धान पुरा गरी वेपत्ता पार्ने कार्य गर्न जिम्मेवार देखिएका तत्कालिन सम्बन्धित सुरक्षा निकायका प्रमुख तथा अन्य कर्मचारीहरू उपर समेत मुद्दा चलाउने र सम्बन्धित व्यक्ति तथा पीडित परिवारलाई कानून वमोजिमको क्षतिपूर्ति दिनेलगायतको व्यवस्था गर्नु भनी विपक्षीका नाममा आदेश जारी गरिएको छ।

साथै निजहरूलाई सुरक्षा वलले पक्राउ गरी एक विन्दु सम्म पुऱ्याएको भन्ने वन्दी अनुसन्धान कार्यटोलीको निश्कर्ष रहेको र तदोपरान्त निजहरूको स्थिति अज्ञात देखिएकोले पक्राउ गरी पछि अज्ञात अवस्थामा पुऱ्याउने कार्यमा संलग्न सम्बन्धित निकायको प्रमुख तथा अन्य कर्मचारीहरूलाई यथास्थितिमा गैरजिम्मेवार रूपमा दण्डहीन रूपमा छाडी राख्न मनासिव नहुने हुनाले निजहरूको हकमा तत्कालै विभागीय कारबाही एवं संजाय गर्नु पर्ने देखिएको वन्दी अनुसन्धानको कार्यटोलीको प्रतिवेदनले पहिचान गरेका व्यक्ति तथा थप जाँचवुझबाट जिम्मेवार देखिन आएका अन्य कर्मचारीसमेतलाई विभागीय कारबाही गरी सजायं समेत गर्नु भनी विपक्षी नेपाल सरकार तथा गृहमन्त्रालयसमेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।

**राज्यले एकातिर वेपत्ता पारिएको भनिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न नसकेको र अर्को तिर परिवारजनले सो सिलसिलामा निरन्तर क्षति र दायित्व व्यहोर्नु परिरहेको हुंदा वेपत्ता पारिएको भनेको व्यक्तिहरूको स्थिति निर्णायक रूपमा स्पष्ट नभएसम्म यसबाट सिर्जित पीडा निरन्तर हुने हुनाले यसको सम्वोधन पनि कुनै रूपमा गर्न अनिवार्य देखिन्छ।**

(ख) यस अदालतबाट न्यायिक छानवीन गर्न वांकी रहेको निवेदक लेखनाथ न्यौपाने समेत भएको परमादेशको आदेश जारी गरी पाउं भन्ने मुद्दा र अन्य वन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउं भन्ने मुद्दामा उल्लेखित थप अनुसन्धान हुनुपर्ने अवस्था वांकी रहेको र त्यस्तै अवस्थाका वेपत्ता पारिएका भनी उजुरी पर्न सक्ने अन्य व्यक्तिहरूको हकमा समेत निवेदकहरूले विशेष व्यवस्थाहरूको माग गर्नु भएको सम्बन्धमा यस अदालतले बिचार गरेको छ।

वेपत्ता पारिएको भनेको व्यक्तिहरूको हकमा प्राप्त लिखित जवाफले निजहरूको स्थिति यकिन गर्न मद्दत नगरेको र औपचारिक अनुसन्धान कतैबाट भए गरेको पनि नदेखिएकोले अनुसन्धान नै वांकी रहेको स्थितिमा निश्चित राय बनाउन सहज भएन। त्यसमा पनि वेपत्ता पारिएको भनिएका व्यक्तिहरू र तिनको परिवारजनलाई पर्न गएको असरलाई विशेष रूपले सम्वोधन गर्ने गरी कानूनी, संरचनात्मक तथा उपचारात्मक व्यवस्थाहरू नै पर्याप्त नरहेको अवस्थामा भै रहेको कानूनी व्यवस्थाले समस्याहरूलाई सम्वोधन गर्न सक्ने सम्भावना पनि देखिन आएन। तसर्थ निम्न वमोजिमको व्यवस्था गरी निजहरूको समस्यालाई सम्वोधन गर्न विपक्षी नेपाल सरकारलाई निर्देशनात्मक आदेश जारी गरिएको छ।

(१) द्वन्दको क्रममा भएको व्यापक प्रकृतिको वेपत्ता पारिएको घटनाहरू र अन्य अवस्थामा पनि वेपत्ता पारिएका अवस्थामा पक्रने, थुन्ने, वन्धक राख्ने, थुन्दाको वापतमा अपनाउनु पर्ने सतर्कता र व्यवस्था पीडित व्यक्ति तथा निजको परिवारजनको अधिकार निजहरूले प्राप्त गर्न सक्ने उपचार, निजहरूको सम्बन्धमा गरिने प्रभावकारी अनुसन्धान जस्ता विषयहरूमा सम्वोधन गरिएको हामीकहां कानूनकै अभाव देखियो। सार्वजनिक महत्वको कुनै प्रश्नमा जांचवुझ गर्ने ऐन सम्मको व्यवस्था भए पनि वेपत्ता पारिएका व्यक्तिहरूको सन्दर्भमा सो प्रयोजनका लागि जाँचवुझ गर्न वनेको ऐन नै नहुनाले त्यस्तो ऐनविना वास्तविक, व्यवहारिक र प्रभावकारी जाँचवुझ हुन नसक्ने देखियो। साथै विद्यमान फौजदारी कानून भित्र पनि यससंग सम्बन्धित प्रश्नहरूलाई सम्वोधन गर्ने कानूनी र संरचनात्मक व्यवस्था गरिएको पाइएन। तसर्थ यो समस्याको प्रभावकारी सम्वोधन गर्नको लागि वेपत्ता पार्ने कार्यलाई कसूर कायम गर्ने, बलपूर्वक वेपत्ता पारिएको कुरालाई वेपत्ता पारिएकोहरू संरक्षण सम्बन्धि महासन्धि २००६ मा समावेश गरिएको परिभाषा अनुरूप परिभाषित गर्न, थुनुवाको अधिकार, थुनामा राख्नेको दायित्व, थुनामा राख्ने ठाउंको किटान र थुनामा रहनेसंग निजको वकिल र परिवारजनको सम्बन्ध र पहुंचको व्यवस्था, थुनुवालाई थुनाको कारणको सूचनाको हक, थुनुवाका न्यायिक उपचारको हकको व्यवस्था, गैरकानूनी थुनामा राखेको अवस्थाको थुनुवा तथा निजलाई थुनामा राखिएबाट वा वेपत्ता पारिएबाट पीडित भएका सम्बन्धित व्यक्ति तथा परिवारको क्षतिपूर्तिलगायतको उपचारको हक, अनुसन्धान प्रक्रिया लाई प्रभावहीन हुन नपाउने गरी लचिलो हदम्याद सम्बन्धि व्यवस्था, गैरकानूनी थुनामा राखेको वा वेपत्ता गऱ्यो भन्ने सम्बन्धि उजुरी सुन्ने निकाय र तिन्को उत्तरदायित्व, थुनामा राख्दा थुनुवाको प्रयोजनको लागि औपचारिक वन्दीगृहको व्यवस्था गरी त्यस्तोमा मात्रै थुनामा राख्ने, थुनामा राख्दा मानवीय व्यवहार गर्ने, थुनुवाको लागि थुनामा राख्दाको समय, अवस्था, थुनामा राख्न आदेश दिने अधिकारीको नाम नामेसी र ठेगानालगायतका प्रासङ्गिक विवरणहरू र थुना हस्तान्तरण गर्दा पनि तदनुरूपको व्यवस्था गर्नु पर्ने दायित्व, थुनुवाका सबै अवस्थाबारे परिवारजनले थाहा पाउने अधिकार र सो सहज साध्य गर्ने प्रक्रियाको विकास, थुनावाट मुक्त गर्दा पनि वास्तवमा मुक्ति पाएको स्थिति झल्किने शर्तहरूको

व्यवस्था र निजको शारीरिक एवं मानसिक अवस्थाको अभिलेख राख्ने जस्ता व्यवस्थाहरू समेटिएको कानूनको निर्माण प्राथमिकताको साथ गर्नु पर्ने आवश्यकता महशूस भएको छ। वेपत्ता पार्ने कार्यमा संलग्न भई मुद्दा चलाइएको अवस्थामा वा सजायं तोकिएका व्यक्तिहरूलाई माफी दिन नमिल्ने जस्ता अर्न्तराष्ट्रिय मापदण्डको सम्बन्धमा पनि ध्यानाकर्षण गरी उचित व्यवस्था गर्नु उत्तिकै महत्वपूर्ण छ। यस प्रयोजनको लागि वलपूर्वक वेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षण सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि (International convention for the Protection of all Person from Enforced Disappearance) लाई मार्गनिर्देशकको रूपमा ग्रहण गर्न वान्छनीय हुन्छ।

(२) उपरोक्त बमोजिम वलपूर्वक वेपत्ता वनाइएका व्यक्तिहरूको संरक्षण सम्बन्धि ऐन कार्यान्वयनको लागि सोही ऐनमा वा छुट्टै रूपमा त्यस्ता वलपूर्वक वेपत्ता वनाइएका व्यक्तिहरूको सम्बन्धमा छुट्टै जाँचवुझ आयोग गठन गर्ने व्यवस्था समेत समावेश गर्न वान्छनीय हुन्छ। यस किसिमको समस्याको जाँचवुझ गर्न छुट्टै अधिकार, सीप र प्रक्रियाको आवश्यकता हुने हुनाले संयुक्त राष्ट्रसंघको मानवअधिकार उच्चायुक्तको कार्यालयको तत्वावधानमा विकसित वलपूर्वक वेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा जाँचवुझ गर्ने आयोगको आधारहरू (Criteria for Commission on Enforced Disappearance) लाई मार्गनिर्देशकको रूपमा शर्तहरू किटान गर्न उपयुक्त हुने देखिन्छ।

यस अन्तर्गत अन्य कुराको अतिरिक्त प्रस्तुत बिषयसंग सम्बन्धित सबै घटनाहरूको जाँचवुझ गर्ने, आयोगको कार्यक्षेत्र स्पष्ट गर्ने, त्यस्तो जाँचवुझले अदालतको प्रतिस्थापन नगर्ने, आयोगमा मनोनित व्यक्ति सो कामको लागि उपयुक्त र दक्ष हुनुपर्ने, निजहरू स्वतन्त्र र निष्पक्ष हुनुपर्ने, सो को लागि आवश्यक सेवाशर्त र सुविधाको व्यवस्था *गर्नुपर्ने, त्यसमा महिला वा अन्य जाती वा* समुदायको प्रतिनिधित्व हुनुपर्ने, आयोगको *काम कर्तव्य र अधिकार ऐनमा नै तोकिनु* पर्ने, समस्याका प्रकृति अनुसार कुनै पनि स्रोतबाट प्राप्त जानकारीको आधारमा जाँचबुझ गर्न सक्ने, स्थिति स्पष्ट नभए सम्म जाँचवुझ निरन्तर गर्नुपर्ने व्यवस्था, जाँचवुझको लागि महत्वपूर्ण पीडित, साक्षी, उजुरवाला, वकिल र अनुसन्धानकर्ता सबैलाई अनुसन्धानमा सहयोगी बनीरहनको लागि निजहरूको सुरक्षाको व्यवस्था गर्ने, पीडितहरूले आफ्नो सरोकार र भनाई राख्न पाउने अधिकार र अवसरको व्यवस्था, निजहरूको भनाई गोप्य राख्न सकिने व्यवस्था गर्न जरूरी हुन्छ भने त्यस्ता आयोगलाई आवश्यक ठाउं, कार्यालय आदिको निरीक्षण गर्ने, बुझ्न पर्ने देखिएका व्यक्तिहरू बुझ्नेलगायतको सबै अधिकार दिन आवश्यक हुन्छ। त्यस्ता *आयोगलाई आफ्नो तोकिएको कार्यसम्पन्न गर्न आवश्यक स्रोत साधन उपलब्ध गराउने व्यवस्था पनि सुनिश्चित गर्न* जरूरी हुन्छ। यी सबै कुराहरू विधि निर्माणको क्रममा बिचार गरिन बान्छनीय हुन्छ।

**जीवनको सुरक्षा र स्वतन्त्रताको अधिकार उल्लघंनको घटनालाई कुनै मौद्रिक वा आर्थिक रूपमा क्षतिपूर्ति हुनसक्ने अवस्था नै रहन्न । त्यसो भए पनि पीडितको परिवारलाई किञ्चित भए पनि सहयोग गर्न राज्यको उत्तरदायित्व भएको र अधिकारहरू उपचारको प्रभावकारी व्यवस्था विना अर्थहीन हुने हुनाले उपचार खोज्ने पीडितको परिवारको हकलाई सम्मान गर्न पनि अन्तरिम प्रकृत्तिको तात्कालिक राहत स्वरूप सहायता दिनुपर्ने आवश्यकतालाई यो इजलासले हार्दिक रूपमा हृदयङ्गम गरेको छ ।**

कानून वनाउने कुरामा सार्वभौम नेपाली जनताले सुम्पेको विधायिकी अधिकार अन्तर्गत बुद्धिमानीपूर्वक विधिनिर्माण गर्ने सिलसिलामा उपरोक्त कुराहरूलाई बान्छित स्थान दिएमा यस किसिमको समस्या भोगेका जनता कुनै न कुनै हदसम्म लाभान्वित हुन सक्ने आशा गर्न सकिन्छ।

(ग) यसरी वेपत्ता पारिएको व्यक्तिहरूको संरक्षण सम्बन्धि ऐन, तिनीहरूलाई वेपत्ता पारिएको कारण र अवस्थावारे जाँचवुझ आयोगको व्यवस्था कानूनबाटै गरी व्यापक रूपमा छानवीन गर्न अधिकार सम्पन्न उपयुक्त आयोग गठन गरी निवेदनमा उल्लेखित व्यक्तिहरूको हकमा छानवीन गरी प्रतिवेदन प्रस्तुत गर्न लगाउने र सो आधारमा फौजदारी अनुसन्धान पुरा गरी आवश्यकता र उपयुक्तता अनुसार सम्बन्धित व्यक्तिको हकमा अभियोजनलगायतको निर्णय गर्नु गराउनु भनी विपक्षी नेपाल सरकार, तथा गृहमन्त्रालय र महान्यायाधिवक्ताको कार्यालयको नाममा निर्देशात्मक आदेश जारी गरि दिएको छ।

(घ) उपरोक्तानुसार सम्बन्धित कानून बनाउने, जाँचवुझ आयोग गठन गर्ने, त्यसबाट प्रतिवेदन लिने र सो आधारमा अभियोजन गर्ने सम्मका काम गर्दाको चरणहरू पांर गर्दा लामो समय लाग्ने कुरा निश्चित छ। तर समस्याको जटिलता र छिटो समाधान गर्नुपर्ने अनिवार्यतालाई विचार गरी यसलाई कार्यपालिका एवं विधायिकाले अति प्राथमिकता दिएमा मात्रै यस समस्या समाधान गर्नमा सघाउ पुग्ने देखिन्छ। वेपत्ता पारिएका व्यक्तिहरूलाई संरक्षण गर्नु र न्याय दिलाई दिनु राज्यको सम्पूर्ण अंगको उत्तरदायित्व रहने हुनाले जिम्मेवार अंगसँग संविधानसम्मत कार्यमा सकारात्मक *भूमिकाको आशा एवं विश्वास गर्नु प्रस्तुत* मुद्दाको रोहमा स्वभाविक र वैध अपेक्षा हो *भन्ने हामीलाई लागेको छ। यस क्रममा नेपाल सरकारले कानून निर्माणको*

**कानून वनाउने कुरामा सार्वभौम नेपाली जनताले सुम्पेको विधायिकी अधिकार अन्तर्गत वुद्धिमानीपूर्वक विधिनिर्माण गर्ने सिलसिलामा उपरोक्त कुराहरूलाई बान्छित स्थान दिएमा यस किसिमको समस्या भोगेका जनता कुनै न कुनै हदसम्म लाभान्वित हुन सक्ने आशा गर्न सकिन्छ ।**

प्रक्रियामा विशेष पहल गर्नु जरूरी देखिन आउँछ।

उपरोक्त चरणहरू पुरा गरेर मात्रै निवेदनमा उल्लेखित व्यक्तिहरू र तिनीहरूको परिवारले न्यायको अनुभुति लिनसक्ने हुनाले बान्छित प्राथमिकताको साथ यस सम्बन्धि कारबाही अघि बढाउन अनिवार्य देखिन आएको छ।

(ङ) माथि प्रकरण (घ) मा उल्लेख भए झैं यस मुद्दामा निवेदकहरूले लामो समय देखि (कतिपय ०५५ साल देखि) अदालतबाट विभिन्न किसिमको उपचार मागी प्रतिक्षारत अवस्थामा वसेको पाइन्छ भने माथि उल्लेख गरिएको प्रक्रिया पुरा गरी प्रभावकारी उपचारको लागि अझै केही समय लाग्ने देखिएको छ। बेपत्ता भएको कारणले सम्बन्धित व्यक्तिले भोगेको असरको अतिरिक्त परिवारजन वेपत्ता भएको कारणले परिवारले विभिन्न सामाजिक आर्थिक एवं मानसिक क्षति निरन्तर रूपमा भोग्न परिरहेको हुन्छ। बेपत्ता भएको मानिसको खोजवीन गर्नको लागि लाग्ने समय , श्रम र व्यय अनि सो सिलसिलामा आफूले गुमाएको शान्ति र व्यहोरेको भार साथै वेपत्ता पारिएको भनेको व्यक्तिको अनुपस्थितिले श्रम उत्पादकत्व तथा सुरक्षालगायतमा परेको असरको मूल्याङ्कन गरियो भने यस्को दुरगामी सामाजिक तथा आर्थिक परिणामहरू देखिन आउछन्। राज्यले एकातिर वेपत्ता पारिएको भनिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न नसकेको र अर्को तिर परिवारजनले सो सिलसिलामा निरन्तर क्षति र दायित्व व्यहोर्नु परिरहेको हुंदा वेपत्ता पारिएको भनेको व्यक्तिहरूको स्थिति निर्णायक रूपमा स्पष्ट नभएसम्म यसबाट सिर्जित पीडा निरन्तर हुने हुनाले यसको सम्वोधन पनि कुनै रूपमा गर्न अनिवार्य देखिन्छ।

उपरोक्त उल्लेख भए अनुसार ऐन वनाई कार्यान्वयन गराउने सिलसिलामा अन्तिम रूपमा नतिजा हासिल भै जो स्थिति स्पष्ट हुन्छ, सोबाट नै निवेदकहरूको मागको सम्बन्धमा यथोचित रूपमा सम्वोधन हुन सक्ने देखिन्छ। अर्को शब्दमा सम्बन्धित व्यक्तिको स्थिति प्रष्ट भई दोषी समेत किटान भएमा निजहरूले कानूनले निर्धारित दण्ड प्राप्त गर्ने तथा कानून बमोजिम क्षतिपूर्तिको व्यवस्था भएमा सोही बमोजिम पीडितले सो प्राप्त गर्ने अवस्था त्यही प्रक्रियामा निर्धारित हुन सक्ने देखिन्छ। तथापि त्यतिन्जेल आफ्नो मानिस खोजी वसेका परिवारजनले न्यायको यो लामो बाटो तय गर्नको लागि आफ्नो मात्रै सीमित साधन र बेचैन अवस्थाले सम्भव देखिन आउदैन। स्वजनको खोजी गर्ने यो प्रक्रियामा निराश भै न्यायको वाटोवाटै पलायन हुनबाट बचाउन, आफ्नो स्वजन खोजी गर्ने वैधानिक मार्ग अवलम्वन गर्न सहयोग र समर्थन दिन र आंशिक रूपमा भए पनि तत्कालिक राहतको रूपमा कुनै सहयोग दिनुपर्ने कुरामा यो इजलाश विश्वस्त छ।

वन्दीको यथार्थ अवस्था स्पष्ट नभएको अवस्थामा दण्ड वा क्षतिपूर्ति जस्तो खास कानूनी उपचार दिन सम्भव नभए पनि पछि अनुसन्धानबाट पत्ता लाग्न आई कानून बमोजिम दिइने उपचारको मात्रा र किसिमको समेत कुनै गणना वा असर नहुने गरी हाललाई पीडित परिवारलाई न्यायमा पहुंच खोज्दा व्यहोर्नु परेको दायित्व वहन गर्न सघाउने सीमित उद्देश्यले यो मुद्दाको निर्णय गर्दाको अवस्था बिचार गरी सांकेतिक रूपमा भएपनि अनुदान स्वरूप राहत दिनु वाञ्छनीय देखिन आएको छ।

जीवनको सुरक्षा र स्वतन्त्रताको अधिकार उल्लघंनको घटनालाई कुनै मौद्रिक वा आर्थिक रूपमा क्षतिपूर्ति हुनसक्ने अवस्था नै रहन्न। त्यसो भए पनि पीडितको परिवारलाई किञ्चित भए पनि सहयोग गर्न राज्यको उत्तरदायित्व भएको र अधिकारहरू उपचारको प्रभावकारी व्यवस्था विना अर्थहीन हुने हुनाले उपचार खोज्ने पीडितको परिवारको हकलाई सम्मान गर्न पनि अन्तरिम प्रकृत्तिको तात्कालिक राहत स्वरूप सहायता दिनुपर्ने आवश्यकतालाई यो इजलासले हार्दिक रूपमा हृदयङ्गम गरेको छ।

सो सिलसिलामा माथि प्रकरण १ मा उल्लेखित यस अदालतको आदेशबाट गठीत कार्यटोलीको अनुसन्धानबाट समेत मृत्यु भै सकेको पुष्टि भएको भनिएका व्यक्ति चक्रबहादुर कटुवालको हकमा तात्कालिक राहतको रूपमा तिनको नजिकको हकवालालाई र अन्य मृत घोषित भएका परिवारलाई जनही दुई लाख रूपैया क्षतिपूर्ति दिने, यस अदालतको अनुसन्धान टोलीबाट छानविन गरी सकिएको सुरक्षाकर्मीले पक्राउ गरि बेपत्ता पारिएको निश्कर्ष निकालिएको राजेन्द्रप्रसाद ढकाल, बिपिन भण्डारी र दिलबहादुर राईको हकमा जनही एक लाख पचास हजार र वांकी निवेदनमा उल्लेखित स्थिति प्रष्ट नभएका व्यक्तिहरूको हकमा जनही एक लाख रूपैया तात्कालिक राहत स्वरूप अविलम्व उपलव्ध गराइ दिनु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नाममा नेपालको अन्तरिम संविधान २०६३ को धारा १०० र १०७(२) अनुसार यो आदेश जारी गरि दिएको छ।

साथै माथि विभिन्न प्रकरणमा उल्लेखित कुराहरूमा प्रतिकूल असर नपर्ने गरी हाल सम्मको पीडितहरूको अवस्था र यस पछि पनि वेपत्ता भएका कारणले निरन्तर भोग्नु परेको क्षति र असुविधालाई बिचार गरी आर्थिक शैक्षिक रोजगारीलगायतको विभिन्न पक्षहरू बिचार गरी उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी लागु गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरी दिएको छ।

# पुस्तक परिचय

दश वर्षसम्म देशले भोगेको दुर्दान्त अवस्था नबुझ्नेहरूका लागि यी घटना दन्त्यकथा झैं लाग्न सक्छन् । तर यी कथाले बोकेका दुख: र दर्दका चित्रहरू न काल्पनिक हुन्, न सपना, न कतै टाढाको दृश्य । यी त हुन् आफ्नै घरआँगनका व्यथाहरू । यातना, पीडा, तनाव, सांघातिक हमलाका, अपूरणीय क्षति र मृत्युको संत्रासलाई सर्जकका सूक्ष्म चेतनाले अनुभूत गरेपछि मात्र सम्भव हुन्छ- मर्मस्पर्शी सृजना। आफ्ना पात्रप्रतिको समानुभूतिको प्रतिफल स्वरुप लेखिएका कथाहरूको संग्रह "द्वन्द्व र युद्धका कथा" मा संग्रहित पच्चीसओटै कथाहरूको आधार, मुलुकले भोगेको एक दशक लामो हिंसा हो।




युद्धकालमा समस्त नेपाली समाज दोहोरो भय दोहनको मारमा परेको थियो। भय सृजना गरेर आफ्नो हितमा समाजलाई उपयोग गर्ने रणनीति विद्रोहीपक्षले अख्तियार गरेको थियो भने त्यसबाट मुक्त गराउने नाममा सुरक्षाकर्मीले त्यस्तै प्रकृतिको व्यवहार अवलम्बन गरेको थियो। सुरक्षा दिलाउने नाममा अर्को भयको सृजना भयो। एकातिर सुराकीको आरोप, अर्कोतिर माओवादीलाई सघाएको आरोपमा युद्धसँग सरोकार नै नराख्ने मानिस युद्धको शिकार भए। सिङ्गो मुलुक दोहोरो पीडामा बाँच्न बाध्य भयो। अपराध र क्रुरताले विस्तार पाउँदै गयो। रमेश विकलको ती दुई निर्दोष आँखाहरू, राजेन्द्र विमलको लाँकुरी अझै फूल्दैछ, प्रदीप नेपालको डाक्टरनी आमामा अपराध र मानवीय संवेदनाको अवसान भएको अवस्था चित्रण गरिएको छ।

हिंसाका कारणले निम्नवर्गीय जीवन कति कष्टकर हुन्छ त्यसको विवेचना गरेका छन् - मोराशले एउटी रा र एउटा मोमा, प्रदीप मेयान्ङ्वोले अज्ञात सहिदमा। अझ सनत रेग्मीले साम्प्रादायिक हिंसा यो मुलुकमा कहाँबाट भित्रियो त्यसको पनि किटान गरेका छन् -"यो विभाजन पनि हिन्दुस्तानबाटै आयो। "

सशस्त्र द्वन्द्वले भौतिकरूपले मात्र मानिसलाई प्रभाव पारेन। मानसिकरुपले त्यत्तिकै विक्षिप्त पनि तुल्यायो। नरेन्द्रराज पौडेलको गोली, पद्मावती सिंहको हिंसाको मौनता, नारायण ढकालको जननी जन्मभूमिश्छ, अविनाश श्रेष्ठको एकालापहरू, रोशन थापा नीरवको धराप र सृजना शर्माको आकाश अझै धुम्म थियोमा मानसिक आघातको त्रासदी प्रकट भएको छ।

युद्धरत एउटा पक्षले ग्रामीण क्षेत्र विजित भइसकेको उदघोष गर्दै आएता पनि मानिसहरू त्यसको र निरङ्कुशता विरुद्ध भुवन ढुंगानाको प्रत्यक्षदर्शीमा झै अनगिन्ति मान्छे रक्तवीज भएर उचालिए। शहरी क्षेत्र प्रतिगमन विरुद्धको आन्दोलनमा होमियो। ध्रुव मधिकर्मीको निरिह, महेश विक्रम शाहको सिपाही र सालिक यिनै पृष्ठभूमिमा लेखिएका कथा हुन्।


आफ्नो मानिसलाई पक्रिनु, बेपत्ता पारिनु कत्तिको ह्रदयविदारक हुन्छ, त्यसबाट परिवारका अन्य सदस्यको जीवनमा कस्तो नकारात्मक असर पार्छ ,त्यसको वर्णन ध्रुवचन्द्र गौतमको निष्कर्ष, परशु प्रधानको सीताहरू २३, पद्मावती सिंहको हिंसाको मौनतामा गरिएको छ।

कथामा रहने चाखलाग्दो कथ्य तथा पात्र, बिविध परिवेश र मानव जीवनको नौलो नौलो चित्रणका कारण, कथा विधा साहित्यको सबैभन्दा आकर्षक एवम् सशक्त लोकप्रिय विधा मानिन्छ।यस संग्रहमा पाको उमेरका रमेश विकल (विसं १९८५) देखि युवा कथाकार फूलमान बल (विसं २०३६) सम्मका कथा संग्रहित छन्। शहरदेखि गाउँसम्मको त्रासदी कथा संग्रहले समाहित गरेको छ।

यसरी यस संग्रहले बितेको एक दशकको हिंसाजन्य संस्कृतिको उद्भवदेखि उत्कर्षसम्मका कथा समेटेको छ।पूरा पुस्तक पढि नसक्दै हिंसा बिरुद्ध पाठकलाई उद्बोधन गर्ने सामर्थ्य संग्रहको छ। संपादकीय सक्षमता यसैबाट प्रमाणित पनि हुन्छ।

**पुस्तकको नाम** : द्वन्द्व र युद्धका कथा
**सम्पादन** : डा गोविन्दराज भट्टराई, विष्णुविभु घिमिरे
**प्रकाशक** : डा गोविन्दराज भट्टराई, अध्यक्ष, नेल्टा

***– आभास शर्मा***











# इन्सेकमा उपलब्ध केही प्रकाशनहरु












का. जि. का. द. नं. २१/४९/५०

# नेपालको पहिलो

# मानवअधिकार समाचार अनलाइन




## नेपाली र अंग्रेजी भाषामा

## www.inseconline.org

मानवअधिकारसम्बन्धी विविध
समाचारहरू समेटिएको
यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको ताजा
जानकारी लिनुहोस् ।

BY AIRMAIL